


● वर्ष १३ ● अंक ३२ ● काठमाडौं, शुक्रबार, पुस १३, २०६४ ● SAPTAHIK ● Nepali National Weekly ● Friday, Dec. 28, 2007 ● पृष्ठ २४ ● मूल्य रु. ८/-





# आयो जनवरी 1

● अश्विनी कोइराला

हाम्रो समाज क्वाँटी समाज हो । हामी त्यही समाजका क्वाँटी जेनेरेसन हौं । त्यसैले हाम्रो संस्कृति पनि एक-आपसमा यसरी मिसिएको छ कि आफ्नो-अर्काको भन्ने विभेद मेटिएको छ । भलै राजनीति गर्नेहरूले यसलाई छुट्याऊन्, नयाँ पुस्ताले साकेला, धाननाच, छठ, दसैं तथा लोसारबीच विभेद गर्दैनन् । पर्वमा खुला रूपमा रमाइलो गर्न पाइने भएकाले पनि युवापुस्ताले यस्ता चाडलाई खुसी आदान-प्रदान गर्ने बाहाना बनाएको हुनसक्छ । त्यसैले वैशाख १ गते विक्रमादित्यको नयाँ वर्षले राष्ट्रिय नयाँ वर्षको मान्यता पाएको छ । यो दिन नेपालीहरू नयाँ दिनको कामनासहित शुभकामना आदानप्रदान गर्छन् । बुद्धिस्टहरूले बुद्धजयन्तीमा बौद्धस्तूप तथा गुम्बाहरूमा रातभरि दियो बाल्दै नयाँ वर्षको स्वागत गर्छन् । लोसार गुरुङहरूको मात्र नयाँ वर्ष रहेन, त्यो दिन नयाँ वर्षको खुसीमा खुल्लामञ्चमा नाच्ने गैरगुरुङहरू पनि प्रशस्तै भेटिन्छन् । न्हुदया भिन्तुना भन्दै मध्यतिहारमा नेवार जातिले मात्र नयाँ वर्षको खुसी मनाउँदैन, यसलाई राष्ट्रिय पर्वको मान्यता दिन गैरनेवारहरू पनि कस्सिएका छन् । हातमा औंलाले पनि गन्न नभ्याउने नेपालीहरूको नयाँ वर्षको लर्कोमा अर्को एउटा दिन पनि थपिएको छ । गड जिससको सम्झनामा स्थापना भएको न्यू इयर अर्थात् जनवरी वान ।

क्रिसमस डे अर्थात् डिसेम्बर २५ देखि प्रारम्भ भएको नयाँ वर्षको रमझम जनवरी ६ सम्म चल्छ । यसलाई नेपालीहरूले पनि २०-२५ वर्ष यता आफ्नै पर्वजस्तै धूमधामका साथ मनाउन थालेका छन् । '२०२८ सालतिर जर्मन नागरिकले सञ्चालन गरेको बोरिस रेस्टुराँमा नयाँ वर्षका अवसरमा नेपालीहरूले क्याब्रे डान्स गरेका थिए ।' नेपालमा जनवरी वानमा रमाइलो गर्ने इतिहासको सम्झना गर्दै बालबालिकाका लागि गैरसरकारी महासंघका अध्यक्ष प्रचण्डमान प्रधान भन्छन्, 'त्यसअघि नै कूटनीतिक नियोगका अधिकारीहरूले नयाँ वर्ष मनाउदै आए पनि सम्भवतः त्यसपछि नेपालीमाझ यसले विस्तार पाएको हुनुपर्छ ।' यद्यपि २०४० सालयता यसलाई आफ्नै पर्वझैं युवाहरूले आत्मसात् गर्न थालेको अनुभव पर्यटन व्यवसायी रमेश खतिवडाको छ । 'नेपाल पर्यटकीय गन्तव्य भएकाले विदेशीहरूलाई खुसी पार्न यो पर्व मनाउन थालिएको हो ।' खतिवडा विश्लेषण गर्छन्, 'यद्यपि संसारका जहाँसुकैका मानिसको पनि खुसी हुने शैली एउटै हो । जब नेपालीले यो कुरा महसुस गरे, त्यस बेलादेखि नै यो हाम्रो पनि पर्व हुन थाल्यो ।'

विज्ञहरूको विचारमा २००७ सालको परिवर्तनपश्चात् युरोप-अमेरिकाले नेपालप्रति चासो राख्न थालेका हुन् । त्यही बेलादेखि नेपालको सौन्दर्यबाट धेरै विदेशी मोहित हुन थाले । व्यक्तिले आफ्नो संस्कृतिलाई आफूसँगै लिएर हिँड्ने भएकाले नेपाल आएका विदेशीहरूले क्रिसमस तथा नयाँ वर्ष मनाएको देखेपछि नेपालीहरूले पनि उनीहरूलाई साथ दिन थाले । डिसेम्बर ३१ को रात हुने नृत्य, रमझम, पटका पड्काएर गर्ने खुसीयालीले नेपालीलाई तान्यो । उनीहरूले यसलाई आफू पनि खुशी हुने बहाना बनाए । २०४६ सालपछि नेपाल अझ खुला भयो । विभिन्न टेलिभिजन च्यानल तथा इन्टरनेटका कारण इस्वी संवत्को नयाँ वर्ष नेपाली युवापुस्ताबीच यसरी घुलमिल भयो कि उनीहरूले यसलाई आफ्नै बनाए । 'अहिले डिसेम्बर ३१ को रात धेरैजसो नेपाली युवा घर छाडेर कुनै डान्सपार्टीमा सम्मिलित हुन थालेका छन् ।' खतिवडा भन्छन्, 'मध्यराति होहल्ला गर्दै, पटाका पड्काउँदै जनवरी १ को स्वागत गर्न मरिहत्ते गर्नेहरूको सङ्ख्या प्रत्येक वर्ष बढ्दो छ ।'

युवाहरूको रोजाइमा परेकै कारण अहिले काठमाडौंका हरेक रेस्टुराँ, पार्टी तथा क्लबमा नयाँ वर्षको रौनक चढेको छ । सबै रेस्टुराँले क्रिस्मस टी सजाएका छन् । नयाँ वर्षको बहानामा जताततै छुटको लहर छ । पोखरा, नगरकोट, धुलिखेल तथा अन्य पर्यटकीय क्षेत्रमा जोडीहरूलाई विशेष सहुलियतको व्यवस्था गरिएको छ । यसले पनि युवापुस्तालाई खुसी मनाउने बहाना मिलेको छ । 'केही वर्षयता नयाँ वर्षको अवसरमा ठमेलक्षेत्रमा थामिनसक्नु भीड बढेको छ ।' दोहोरी रेस्टुराँ सञ्चालन गरिरहेका राजीव पनेरु भन्छन्, 'पहिले ठमेलक्षेत्रमा विदेशीहरू मात्र देखिन्थे, अहिले नेपाली युवाको भीडले विदेशी नै छोपिन थालेका छन् ।' विभिन्न किसिमका कन्सर्ट, लोक-पप-दोहारीको मिश्रण, सडकमै फुड फेस्टिबल, ब्याङ्केट, ग्रुप डान्स जस्ता मनोरञ्जन कार्यक्रम ठमेल तथा दरबारमार्ग क्षेत्रमा आयोजना गरिएकाले पनि भीड बढ्दै गएको हो । 'क्रिसमस यता हाम्रो व्यापार दसौं गुणा बढेको छ ।' रेस्टुराँ व्यवसायी राजन काफ्ले भन्छन्, 'विदेशीहरूले हामीलाई खुसी हुन मात्र सिकाएनन्, चाडपर्वमा व्यापार कसरी गर्ने भन्ने कुरा पनि सिकाए ।'

सन् १९६० देखि अमेरिकाको सनफ्रान्सिस्कोबाट प्रारम्भ भएको हिप्पी संस्कृतिको आधुनिक रूप नै नेपालमा नयाँ वर्ष मनाउने चलन हो । पहिलो र दोस्रो विश्वयुद्धको जिजीविषाबाट वाक्क भएका पश्चिमी युवाहरूले देश, समाजभन्दा व्यक्ति स्वतन्त्रता ठूलो कुरा हो भन्ने उद्घोषका साथ ह्याप्पी रेभुलेसन प्रारम्भ गरेका थिए । यो संस्कृति मान्ने युवाहरू समाजले के भन्ला भन्ने चिन्ता नगरी मनोरञ्जनमा मस्त हुन्छन् । यस्ता युवाहरू आफूलाई मन लागेको देशमा मन लागेको पहिरन लगाएर हिँड्छन् । नेपालमा यसैबेला पर्यटकका रूपमा विदेशीहरू प्रवेश गरेपछि यो शैलीलाई नेपालमा हिप्पी संस्कृति भन्न थालियो । उनीहरूले नयाँ वर्ष जुन शैलीमा मनाउन थाले, नेपालीहरूले त्यसैलाई निरन्तरता दिँदै गए । यसैकारण क्रिसमस तथा नयाँ वर्ष मनाउने शैलीमा कतै पनि धार्मिक पर्वको गन्ध आउँदैन । 'युवाहरूको सार्वभौम रूप यी पर्वहरूमा देखिने भएकाले पनि नेपाली युवाहरूले यसलाई आत्मसात् गरेका हुन् ।' अधिवक्ता मनोज कँडेल भन्छन्, 'संसारका जुनसुकै क्षेत्रका राम्रा पक्ष जोसुकैले पनि ग्रहण गर्ने विश्वव्यापी चलन हो । जनवरी १ लाई पनि नेपाली युवाले यसै रूपमा एडप्ट गरेको मान्नुपर्छ ।'



साप्ताहिक


टेलिभिजनको संसार


२००७ को वर्ष खेलकुद



नेपाली तारा सन्तोष


मध्यपृष्ठमा विश्व सुन्दरीहरू

# वर्षका रोचक घटनाहरू



## आमाको लासअगाडि विवाह

मलेसियाका पी सन्जीवी राजले आफ्नी आमा मरेपछि उनको अन्त्येष्टि गर्न कात्रो बेर्न लागेकै बेला आमाको मृत शरीरअगाडि बसेर आर शाशिकलासँग विवाह गरेर आमाको अन्तिम इच्छालाई अनौठो ढंगले पूरा गरे। आमाले आफ्नै अगाडि छोराको बिहे हुनुपर्छ भन्ने इच्छा राखेको र आमा जीवित हुन्जेल उक्त इच्छा पूरा गर्न नसकेकाले पी सन्जीवी राजले आमा मरेपछि १२ जूनका दिन यस्तो विवाह गरेका हुन्।

## १९ वर्षपछि होस खुल्यो

पोल्यान्डको रेलमा काम गर्दा सन् १९८८ मा दुर्घटनामा परेर बेहोस भएका जान ग्राजेब्स्की १९ वर्षसम्म बेहोस रहेपछि २००७ को अप्रिलदेखि होसमा आए। उनी ६५ वर्षका छन्। १९ वर्षपछि होस खुल्दा पोल्यान्डमा फेरिएको आर्थिक, सामाजिक तथा राजनैतिक परिस्थिति देखेर उनी अचम्ममा परेका थिए।

## बेलायतमा शम्भु साँढे

बेलायतको वेल्स राज्यस्थित शम्भु नामको हिन्दू मन्दिरमा बस्दै आएको ६ वर्षको एउटा साँढे अन्तर्राष्ट्रिय समाचारमा छाउन पुग्यो। हिन्दूहरूले भगवान् शिवको वाहन भनेर मार्न, जोत्न र कुनै प्रकारको नियन्त्रण गर्न नदिई छाडा छोडेको उक्त साँढेलाई क्षयरोग लागेकाले वेल्स सरकारले केही महिनापहिले नै मार्ने आदेश दिए पनि बेलायतका करिब २० हजार हिन्दूले इन्टरनेमार्फत् शम्भुलाई नमार्न निवेदन गरे। यो मुद्दा अदालतसम्म पुग्यो। अदालतले पहिले त सरकारी आदेश रद्ध गऱ्यो, तर पछि लन्डनको पुनरावेदन अदालतले क्षयरोगको संक्रमण हुन नदिन शम्भुलाई मार्नैपर्ने भनी २३ जुलाईमा आदेश गरेपछि वेल्स सरकारले विषालु सुई दिएर २६ जुलाईका दिन शम्भुलाई मारिछाड्यो।

## बर्डम्यान

स्वीट्जरल्यान्डका ४७ वर्षीय विमानचालक क्या. येब्स रोजी विमान चलाएर नपुगेर शरीरमा छुट्टै इन्जिनका प्वाँख लगाएर आकाशमा १ सय ८७ माइल प्रतिघन्टाको गतिमा उडेर बर्डम्यान कहलाएका छन्। रोजी कृत्रिम प्वाँख र जेट इन्जिनको सहयोगले उडेका छन्। उनी सबैलाई आश्चर्यचकित पार्दै निरन्तर अकाशमा उडिरहन सक्छन्।

## मस्तिष्कमा ६४ वर्षसम्म गोली

६४ वर्षअघि सन् १९४३ मा जापानी सेनाले चीनमा हमला गरेको बेला चलाएको गोली लागेकी चीनकी एक ७७ वर्षीया महिला जिन गुआङको मस्तिष्कबाट शल्यक्रियापश्चात् २००७ मई ३ का दिन गोली निकालियो। उनी गोलीका कारण टाउको दुख्ने समस्याबाट पीडित थिइन्।

## सबैभन्दा ठूलो दान

बेलायतका अर्बपति व्यापारी ४६ वर्षीय सर टोम हन्टरले यसै वर्ष आफ्नो सम्पत्तिबाट एक अर्ब पाउन्ड अफ्रिकी मुलुकको गरिबी निवारण तथा बेलायतमा च्यारिटीका लागि खर्च गर्ने घोषणा गरे। मानवसेवा र उद्यमशीलतामा उल्लेखनीय योगदान गरेका कारण उनलाई सन् २००५ मा बेलायत सरकारले सरको उपाधि प्रदान गरेको थियो।

## ५ सय ६० किलोग्राम

यसै वर्ष मेक्सिकोका ४१ वर्षीय म्यानुअल उबिको नाम ५ सय ६० किलोग्राम तौलसहित विश्वकै सबैभन्दा मोटो मानिसका रूपमा गिनिज बुक अफ रेकर्डमा दर्ता भयो। त्यतिमात्र होइन, २ सय किलोग्राम तौल गुमाएपछि उनी विश्वमै सबैभन्दा बढी तौल गुमाउने व्यक्तिका रूपमा पनि दरिएका छन्।



## कुकुरको नाममा २० लाख

कैयौं होटल सञ्चालन गर्ने एक अरबपति अमेरिकी महिला लियोना हेम्सले यसै वर्ष आफनो सारा सम्पत्ति आफ्ना सन्तानलाई नदिई एउटा कुकुरको नाममा बकसपत्र गरिदिएकी छिन्। अगस्ट ३१ मा सार्वजनिक भएको उक्त समाचारमा जनाइएअनुसार उनले आफना नातिनातिना मात्र होइन, कसैलाई पनि सम्पत्ति नदिई टर्बल नामको कुकुरको नाममा सबै सम्पत्ति मर्नुअघि नै बकसपत्र गरिदिएकी थिइन्। अहिले उक्त कुकुरको नाममा २० लाख अमेरिकी डलर बराबरको सम्पत्ति छ।



# तपाईंको यो साता

ज्यो. पं. ओजराज उपाध्याय लोहनी



### मेष

सोच्ने शक्ति बढ्नेछ भने काममा सफलता हासिल हुनेछ। धन आर्जन गर्ने अवसर जुट्नेछ। पराक्रमको तीव्रता कायमै रहनेछ। यात्रा हुनसक्छ। मन प्रसन्न रहला। भेटघाटमा रमाउन पाइनेछ। सोमबारदेखि स्वास्थ्य गडबड रहने, काममा अवरोध आउने तथा चिन्ता बढ्ने योग छ। कुरा काट्नेहरू सक्रिय रहनेछन्।

### वृष

आफन्तहरूको सहयोग बढ्नेछ। परिश्रम गर्दा काममा सफलता मिल्नेछ। धन आर्जन गर्ने अवसर जुट्नेछ। यात्रा हुनसक्छ। अरूको मन जितेर नयाँ काम हात पार्न सफल हुनुहोला। शत्रु परास्त भए पनि स्वास्थ्यमा सुधार आउन समय लाग्नेछ। बुधबार चिन्ता बढ्ने देखिन्छ।

### मिथुन

पराक्रम बढ्नेछ। अधुरा काम बन्ने तथा नयाँ काम हासिल हुने योग भए पनि शनिबारदेखि घरेलु समस्याले सताउने, गलत विचार एवं चिन्ता बढ्ने तथा काममा अवरोध आउने योग छ। शत्रु सक्रिय रहनेछन्। स्वास्थ्य गडबड हुनसक्छ। बुधबार शुभसमाचार सुन्न पाइनेछ भने काममा सफलता मिल्नेछ।

### कर्कट

सोच्ने शक्ति, बोलीको प्रभाव एवं पराक्रम बढ्नुका साथै अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ। धन आर्जन गर्ने अवसर जुट्नेछ। व्यवसायमा सुधार आउला। यात्रा हुनसक्छ। शत्रुसित प्रतिस्पर्धा गर्नुपरे पनि जित तपाईंकै हुनेछ। काम गर्दा गोपनियता अपनाउनुहोला।

### सिंह

मानसम्मान मिल्नेछ। अरूबाट प्रशंसा हुनेछ। पराक्रम बढ्नुका साथै अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ। अध्ययनमा सफलता हासिल हुनेछ। आम्दानीको तीव्रता कायमै रहनेछ। विवादतिर अघि बढ्नु उचित हुँदैन। आफन्तहरूले धोका दिन सक्छन्। काम गर्दा सजगता अपनाउनुहोला।

### कन्या

सुरुमा खर्च एवं विवाद बढ्नेछ। घरेलु समस्याले पनि सताउने देखिन्छ। धनमाल हराउन सक्छ। विश्वास दिलाएर धोका दिनेहरू बढ्नेछन्। मानसम्मान एवं भोजभतेरमा सामेल हुने अवसर जुट्नेछ। पराक्रम बढ्नुका साथै अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ। अरूको विश्वास जित्न सकिनेछ। अध्ययनमा सफलता पाउन अझै प्रतीक्षा गर्नुपर्ला।

### तुला

साता राम्रो छ। सुरुमा सोच्ने शक्ति बढ्नेछ। धन आर्जन गर्ने तथा भेटघाटमा रमाउने अवसर जुट्नेछ। पराक्रम बढ्नुका साथै अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ। आफन्तहरूको सहयोग हासिल हुनेछ। अध्ययनमा सफलता मिल्नेछ। यात्रा हुनसक्छ। सोमबार तथा मंगलबार खर्च, विवाद एवं चिन्ता बढ्ने देखिन्छ।

### वृश्चिक

सुरुमा मानसम्मान हासिल हुनेछ। ठूला व्यक्तिको मन सजिलै जित्न सकिनेछ। प्रशंसा पनि पाउनुहोला। व्यवसायमा सुधार आउनेछ भने धन आर्जन गर्ने अवसर जुट्नेछ। पराक्रमका साथै बोलीको प्रभाव बढ्नेछ। अध्ययनमा सफलता मिल्नेछ। बुधबार तथा बिहीबार खर्च, विवाद एवं चिन्ता बढ्ने योग छ। काम गर्दा सजगता अपनाउनुहोला।

### धनु

भाग्यले साथ दिनेछ। पराक्रम एवं प्रसन्नता बढ्नेछ। धार्मिक कार्यमा मन जानेछ। मानसम्मान पाइने योग छ। अरूको विश्वास सजिलै जित्न सकिनेछ। अध्ययनमा सफलता मिल्नेछ भने रमाइलो यात्रा हुनसक्छ। धन आर्जन हुने देखिन्छ। सानै प्रयासले पनि ठूलो काममा सफलता पाइनेछ। कुरा काट्नेहरू प्रशंसा गर्न थाल्नेछन्।

### मकर

सुरुमा स्वास्थ्य कमजोर रहन सक्छ। शरीरमा आलस्यता बढ्नेछ। कामको बीचमा व्यवधान सामना गर्नुपर्ला। कडा प्रतिस्पर्धा हुनसक्छ। शरीरमा चोटपटक लाग्नसक्छ। लेनदेनमा विवाद बढ्नेछ। बुधबार र बिहीबार मानसम्मान एवं काममा सफलता मिल्ने तथा धन आर्जन हुने योग छ। भाग्यले साथ दिन थाल्नेछ। अध्ययनमा सफलता पाइनेछ।

### कुम्भ

यात्रामा लाभ मिल्नुका साथै मानसम्मान पाइनेछ। धन आर्जन गर्न सकिनेछ। पराक्रम बढ्नेछ भने अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ। आफन्तहरूबाट सहयोग प्राप्त हुनेछ। सोमबारदेखि स्वास्थ्य गडबड रहने, काममा अवरोध आउने तथा चिन्ता बढ्ने देखिन्छ। कुरा काट्नेहरू सक्रिय रहनेछन्। धोका पनि हुनसक्छ।

### मीन

शत्रुसित प्रतिस्पर्धा गर्नुपर्ला। धन आर्जन हुनसक्छ। व्यवसायबाट लाभ हासिल हुनुका साथै यात्रा गर्ने अवसर जुट्नेछ। पराक्रम बढ्नेछ भने अधुरा काम पूरा हुनेछन्। नयाँ काम पाइने बलियो सम्भावना छ। भाग्यले साथ दिनेछ। धार्मिक कार्यमा मन जानेछ। बुधबार तथा बिहीबार स्वास्थ्य गडबड रहने एवं चिन्ता बढ्ने योग छ।

## यो साताको पञ्चाङ्ग

पुस १५ गते : गुरुङहरूको ल्होसार, १७ गते : अंग्रेजी नयाँ वर्ष २००८

## साता संक्षेप

**पुस ६ गते शुक्रबार**

• पेट्रोलियम पदार्थ अन्तर्राष्ट्रिय मूल्यमा उपलब्ध गराउने अर्थ मन्त्रालयको प्रस्ताव र चरणबद्ध भाउ बढाउने सरकारी नीति सार्वजनिक ।

• सीमासम्बन्धी विवाद मिलाउन नेपाल-भारतबीच सीमा बैठक, आधिकारिक नक्सा तयार ।

• अवकाशपछि सरकारका सचिवले तीन वर्षसम्म जागिर खान नपाउने कानुन बनाउन सरकारद्वारा संसदीय समितिलाई निर्देशन ।

**पुस ७ गते शनिबार**

• अदालतद्वारा तेस्रो लिङ्गका रूपमा पहिचान गरी त्यसैअनुसार सबै सुविधा दिन सर्वोच्च अदालतद्वारा सरकारलाई आदेश ।

• शिवपुरी जंगलमा सङ्कटकालका अवधिमा राजनीतिकर्मीको सामूहिक हत्या भएको प्रमाण भेटियो, प्रमाण मेटिन नदिन मानवअधिकार आयोगद्वारा विशेष सुरक्षाको माग ।

**पुस ८ गते आइतबार**

• माओवादी लडाकुको प्रमाणीकरण सकियो, विस्तृत प्रतिवेदन अर्को साता आउने ।

• उद्योगपति महेश मुरारका ६ दिनपछि मुक्त, अपहरणकारीले फिरौती लिएर मुक्त गरेको आशङ्का ।

**पुस ९ गते सोमबार**

• महेन्द्र राजमार्गका विभिन्न स्थानमा भएको दुर्घटनामा ३ को मृत्यु, पश्चिमी खण्डमा स्थानीय बासिन्दाद्वारा अवरोध ।

• मुलुक अब गणतान्त्रिक, माओवादी सरकारमा फर्कने, संविधानसभा चैत महिनाभित्र गर्ने सात दलको सहमति ।

**पुस १० गते मंगलबार**

• सरकारद्वारा आन्दोलनरत पक्षसँग संविधानसभाअगावै वार्ता गर्ने, वार्तापछि पनि संविधान संशोधन हुन सक्ने गृहमन्त्री कृष्णप्रसाद सिटौलाको अनुमान ।

• तीन जना अस्थायी न्यायधीशको म्याद थपिने, स्थायी नियुक्त गर्न नसकिने न्यायपरिषद्को ठहर ।

• सात दलबीच भएको २३ बुँदे सहमतिप्रति भारत तथा अनमिनको स्वागत, चैतमा निर्वाचन गर्न ठूलो कसरत गर्न दलहरूलाई सुझाव ।

**पुस ११ गते बुधबार**

• सुर्खेतमा झोलुङ्गे पुल भत्कँदा १५ व्यक्तिको मृत्यु, ३२ घाइते, कैयौं हराइरहेको आशंका ।

• जाँचका क्रममा नेपालगन्ज विमानस्थलका सुरक्षाकर्मीले यात्रुसँग रकम असुल गर्न थालेपछि विवाद, एक वर्षदेखि सुरक्षाकर्मीले पहाडी यात्रुबाट रकम असुल्दै आएको खुलासा ।

• सात दलबीच चैतमा संविधानसभा गर्ने सहमति भएपछि चीन तथा युरोपेली युनियनद्वारा पनि स्वागत ।

• माओवादीद्वारा आफ्ना पुरानै मन्त्रीलाई सरकारमा पठाउने निर्णय ।

• संविधानसभा मिति जुध्ने भयले एसएलसीको मिति पनि अनिर्णित, प्रश्नपत्र विदेशी सेक्युरिटी प्रेसमा छापिने ।

# वर्षका प्रमुख राजनैतिक घटनाहरू

### कोरियाली युद्धको औपचारिक समाप्ति

कोरियाली युद्धको औपचारिक समाप्तिका लागि दक्षिण र उत्तर कोरिया यसै वर्ष सहमत भए । यसका लागि ती दुवै मुलुक अमेरिका, चीन र अन्य मुलुकसँग वार्ता गर्ने सहमतिमा पुगे । दक्षिण कोरियाली राष्ट्रपति रो मु ह्युन तथा उत्तर कोरियाली नेता किम जोङ इलले आठ बुँदे घोषणापत्रमा हस्ताक्षर गरेर उक्त सहमति जनाएका हुन् । सन् १९५० देखि ५३ सम्म चलेको कोरियाली युद्ध युद्धविरामको स्थितिमा थियो । 'उत्तर र दक्षिण कोरियाबीच सम्बन्ध र शान्तिपूर्ण समुन्नति प्रवर्द्धन' नाम दिइएको संयुक्त घोषणापत्रमार्फत रो र किम पश्चिमको विवादित जल सीमालाई विशेष शान्तिक्षेत्र मान्न पनि सहमत भए । त्यसै गरी दुवै मुलुकका प्रधानमन्त्रीबीच सोलमा र रक्षा मन्त्रीको प्याङयोङमा बैठक बसालेर कोरियाली प्रायद्वीपको सैन्य वैरभाव र तनाव मन्थर पार्ने र अघि बढाइएका राजनैतिक एवं आर्थिक सम्पर्कमा देखा परेका अवरोध हटाउने निर्णयसमेत भएको छ ।

### म्यानमारमा भिक्षुहरूको प्रदर्शन

म्यानमारको राजधानी यांगुनमा पहिलो पटक त्यहाँको सैनिक सरकारविरुद्ध दसौं हजार भिक्षुले सडकमा प्रदर्शन गरे । म्यानमारको सैनिक सरकार (जुन्ता)ले १९ अगस्टमा इन्धनको मूल्य बढाएपछि देशव्यापी विरोध प्रदर्शन सुरु भएको थियो । भिक्षुहरूको प्रदर्शनलाई रोक्न जुन्ता सरकारले सेना परिचालन गरेको थियो । भिक्षुहरूको शान्तिपूर्ण प्रदर्शनलाई विश्वव्यापी समर्थन प्राप्त भएको थियो । उक्त प्रदर्शनलाई सन् १९८८ को प्रजातान्त्रिक आन्दोलनयताको सबैभन्दा ठूलो प्रदर्शन मानिएको छ । सरकारले गरेको दमनका क्रममा १० जनाको ज्यान गयो, तर विभिन्न संघसंस्थाले सय जनाभन्दा बढीको मृत्य भएको दावी गरेका छन् । सैनिक दमनका क्रममा एक जना जापानी पत्रकारको समेत हत्या भएको थियो । यसबीच राष्ट्रसंघले म्यानमारमा निरंकुशता व्याप्त रहेको प्रतिवेदन सार्वजनिक गरेको छ । म्यानमारमा सन् १९६२ मा जुन्ताले सत्ता कब्जा गरेको थियो ।

### उत्तर कोरियाको आणविक विवादको अन्त्य

उत्तर कोरियाको परमाणु कार्यक्रम रद्द गर्ने तथा उत्तर कोरियालाई आवश्यक पर्ने इन्धन, खाद्यान्नलगायतका सहयोग दिई उसलाई आतंकबादी सूचीबाट हटाउने विषयमा चीनको राजधानी बेइजिङमा १३ फेब्रुअरी २००७ मा भएको बहुपक्षीय वार्ता सफल भएको छ । चीन, रूस, अमेरिका र उत्तर तथा दक्षिण कोरिया सम्मिलित बहुपक्षीय वार्ता सन् २००३ देखि नै पटक-पटक हुँदै आएको थियो । उत्तर कोरियाले परमाणु ऊर्जा तथा हतियार उत्पादन गर्न योङवियोन परमाणु केन्द्रमा ५ मेगावाट क्षमताको परमाणु केन्द्र सञ्चालन गर्दै आएको थियो । अमेरिकाले उक्त केन्द्रको सञ्चालन सन् २००२ देखि नै हुँदै आएको दाबी गरे पनि सन् २००६ को अक्टोबर ९ मा उत्तर कोरियाले पहिलो पटक परमाणु बम परीक्षण गरेपछि यो विषय अन्तर्राष्ट्रिय मञ्चमा प्रमुख रूपमा उठेको थियो। उक्त घटनापछि उत्तर कोरिया पूर्ण रूपमा खाद्यान्न तथा ऊर्जा व्यापार नाकाबन्दीमा परेको थियो ।

### भारत र पाकिस्तानबीच ऐतिहासिक परमाणु सम्झौता

भारत र पाकिस्तानबीच फेब्रुअरी २१ मा ऐतिहासिक परमाणु सम्झौता सम्पन्न भयो । दुई देशबीच परमाणु अस्त्रको होडबाजी रोक्न र त्यसबाट हुने जोखिम कम गर्न दीर्घकालीन सम्झौतामा हस्ताक्षर गरिएको छ । उक्त सम्झौताअनुसार दुई मुलुकबीच परमाणु अस्त्र परीक्षण गर्दा एकले अर्कालाई जानकारी गराउनुपर्नेछ । साथै प्रत्येक वर्षको सुरुमा एक-अर्काको मुलुकमा रहेका र स्थापना हुन लागेका नयाँ परमाणु केन्द्रहरूको सूची एक-अर्कालाई दिनुपर्ने छ ।

### नयाँ प्यालेस्टाइन निर्माणका लागि मक्का घोषणा

प्यालेस्टाइनका दुई प्रमुख राजनैतिक शक्ति हमास र फतह पार्टीका नेताहरूले साउदी अरेबियाको मक्कामा नयाँ प्यालेस्टाइन राज्यको निर्माणका लागि फेब्रुअरी ८ मा राष्ट्रिय एकताको सरकार गठन गर्ने सम्झौतामा हस्ताक्षर गर्दै मक्का घोषणा जारी गरे । साउदी अरेबियाका राजा अब्दुल्लाहको उपस्थितिमा हमास पार्टीका नेता खालेद मासाला तथा प्यालेस्टिनका राष्ट्रपति महमुद अब्बासले उक्त सम्झौतामा हस्ताक्षर गरेका थिए । सम्झौतामा प्यालेस्टाइनले इजरायलको अस्तित्व स्वीकार गर्ने र इजरायलले पनि प्यालेस्टाइनको गुमेको भूभाग फिर्ता गर्ने तथा नयाँ राज्यको उदय हुन दिने प्रावधान समेटिएको छ ।

### अफगानिस्तानमा नेटो गठबन्धन सेनाको आलोचना

अफगानिस्तानमा नेटो गठबन्धन सेनाले मार्चमा तालिबानी कट्टरपन्थीहरूका विरुद्ध गरेको सैनिक कारबाहीको विश्वव्यापी आलोचना भयो । अफगानिस्तानको कपिसामा तालिबानी कट्टरपन्थीहरूलाई मार्न नेटोका सेनाले गरेको हवाई कारबाहीमा ३ बालक र ५ महिलासहित १ सर्वसाधारण मारिएपछि नेटो सेनाको विश्वव्यापी भत्सर्ना भयो । ५ मार्चमा गरिएको उक्त हत्याको अघिल्लो दिन अफगानिस्तानकै जलालाबादको मूल राजमार्गमा हिँडिरहेका बटुवामाथि गोली चलाई १६ जना सर्वसाधारणलाई मारिदिएपछि अफगानिस्तानमा कार्यरत नेटो गठबन्धन सेनाको विश्वव्यापी आलोचना भएको थियो ।

### पाकिस्तानमा संकटकाल

राष्ट्रपति तथा सेना प्रमुख परवेज मुसर्रफले सैनिक बर्दीमै पाकिस्तानमा निर्वाचन जितेपछि पाकिस्तानमा राष्ट्रपति पदको वैधताका सम्बन्धमा विवाद चर्कियो । राष्ट्रपति परवेज मुसर्रफको शासकीय रवैया तथा एकलौटी जितको व्यापक विरोध भयो । यसबीच पाकिस्तानी राष्ट्रपति तथा सेनाप्रमुख परवेज मुसर्रफले तीन दशक पुरानो संविधान निलम्बन गर्दै नोभेम्बर ३ मा देशमा संकटकालको घोषणा गरे । मुसर्रफको राष्ट्रपति पदको वैधताबारे सर्वोच्च अदालतमा सुनवाइ जारी रहेका बेला लागू गरिएको संकटकाललाई तत्कालै बसेको मन्त्रिपरिषद्को बैठकले अनुमोदन गरेको थियो । २००६ को अक्टोबर महिनामा राष्ट्रपति चुनिएका मुसर्रफले सेनाप्रमुख भएर लडेको चुनावको वैधता हुने-नहुने विषयमा अदालतमा सुनवाइ चलिरहेको बेला मुख्य न्यायाधीश इफ्तिखर मोहम्मद चौधरीलाई मार्च ९ मा पदबाट निलम्बन गरेपछि पाकिस्तानमा उनको पक्षमा प्रदर्शन भएपछि राजनैतिक संकट बढ्दै गएको थियो तर वर्षको अन्त्यमा मुसर्रफले पाकिस्तानबाट संकटकाल हटेको घोषणा गरे ।

### टर्कीको राजनीतिमा धर्मयुद्ध

टर्कीमा अप्रिल महिनामा धर्मयुद्ध चर्कियो । टर्कीमा इस्लामिक धर्मसापेक्ष पार्टी जस्टिस एन्ड डेभलपमेन्ट पार्टीले संसद्मा बहुमत ल्याएर सरकार बनाए पनि त्यहाँको राष्ट्रपति पदमा आफ्नो उम्मेदवारलाई जिताउन सकेन । टर्कीमा राष्ट्रपति पदमा सत्तारूढ पार्टीका एक मात्र उम्मेदवार विदेशमन्त्री अब्दुल्ला गुल उठेका थिए, तर २७ अप्रिलमा भएको पहिलो निर्वाचनमा गुलले दुईतिहाई बहुमत नल्याएपछि ६ मईमा भएको दोस्रो निर्वाचनमा पनि दुईतिहाई मत ल्याउन सकेनन् । टर्कीमा धर्मसापेक्ष सरकारले राष्ट्रपति बनाउन अभियान सुरु गरेपछि संसद्बाट चुनिने राष्ट्रपतिमा इस्लाम धर्मावलम्बी गुललाई राष्ट्रपतिमा नचुन्न अप्रिल ३० का दिन राजधानी इस्तानबुलमा १० लाख धर्मनिरपेक्षवादीको जुलुस निकालियो र सांसदहरूलाई कट्टरपन्थीलाई राष्ट्रपति पदमा नलान आग्रह गरियो। टर्कीको संविधानअनुसार त्यहाँको सरकार धर्मनिरपेक्ष हुनपर्छ।

### बंगलादेशमा राजनेताहरूमाथि प्रतिबन्ध

बंगलादेशमा जनवरी ११ मा नयाँ सरकार प्रमुखमा केन्द्रीय बैंकका पूर्वगभर्नर डा. फखरुद्धिन अहमदलाई नियुक्ति गरियो । सोही दिन बंगलादेशमा संसद्को निर्वाचन २२ जनवरीमा गर्ने पूर्वघोषणा पनि रद्द भयो । यसअघि बंगलादेशको प्रमुख विपक्षी दल अवामी लिगसहित १८ दलले पूर्वसरकारप्रमुख इयाजुद्धिन अहमदको अन्तरिम सरकारले गराउने भनिएको निर्वाचनमा भाग नलिन घोषणा गर्दै आमहड्तालको घोषणा गरेको थियो । बंगलादेशमा डा. फखरुद्धिन अहमदलाई कार्यकारी प्रमुख बनाएर शासन गर्न लागेको त्यहाँको सेनाले भ्रष्टाचार र हत्याको अभियोग लगाएर बंगलादेशका दुई पूर्वप्रधानमन्त्री शेख हसिना वाजेद तथा खालेदा जियालाई देशमा राजनीति गर्न प्रतिबन्ध लगाउँदै विदेश निर्वासनमा बस्नुपर्ने निर्णय अप्रिल २२ मा गऱ्यो, तर पछि अप्रिल २५ पुनः राजनैतिक गतिविधिमा भाग लिन पाउने र स्वदेशमै बस्न पाउने निर्णय भयो।

### आइभरीकोस्टको द्वन्द्व समाप्त

आइभरीकोस्टमा पाँच वर्षदेखि जारी द्वन्द्व जुलाई ३१ देखि औपचारिक रूपमा समाप्त भएको छ । राष्ट्रपति र प्रधानमन्त्रीले द्वन्द्वताका प्रयोग गरिएका केही हतियार जलाएर नष्ट गर्दै युद्ध समाप्तिको औपचारिक उद्घोष गरे । राष्ट्रपति लोरेन्ट ग्बाग्बोले झन्डै पाँच वर्षपछि पहिलो पटक पूर्वविद्रोहीको गढ मानिएको उत्तरी क्षेत्र पुगेर युद्ध समाप्तिको घोषणा गरे । उनीसँग विद्रोही नेता तथा वर्तमान प्रधानमन्त्री गुइलाउमे सोरोसमेत त्यस क्षेत्रमा पुगेका थिए । द्वन्द्वरत पक्षहरूबीचको उक्त ऐतिहासिक सम्झौतापछि आइभरीकोस्टको पुनः एकीकरण भएको ग्लबाग्बोले एक समारोहमा प्रतिक्रिया दिए । दुई पक्षबीचको शान्ति सम्झौतापछि बफर जोन भनिने युद्धग्रस्त क्षेत्रमा राष्ट्रसंघीय तथा फ्रान्सेली शान्तिसेनाले गस्ती गर्दै आएको छ ।

### दसौं हजार अमेरिकी सडकमा

जनवरीको सुरुमै इराक मामिला अमेरिकी संसद्मा ठूलो बहसको विषय बन्यो । इराकबाट ४ देखि ६ महिनाभित्रमा १ लाख ३२ हजार सेना फिर्ता गर्नुपर्ने माग डेमोक्र्याट्सहरूले संसद्मा उठाए, तर राष्ट्रपति बुसले इराकबाट सेना फिर्ता बोलाउनुको साटो कांग्रेसको संयुक्त बैठक स्टेट अफ युनियनलाई सम्बोधन गर्दा आफ्नो इराक रणनीतिको बचाउ गर्दै इराकको सुरक्षास्थिति थप सुदृढ गर्न २१ हजार ५ सय सेना थप्ने निर्णय सुनाए । बुसको उक्त निर्णयपछि इराक युद्धको विरोध गर्दै जनवरी २८ मा दसौं हजार अमेरिकीले इराकबाट अमेरिकी सेना फिर्ता बोलाउन माग गर्दै प्रदर्शनसमेत गरे । अन्ततः बुस प्रशासनले इराकमा २२ हजार सेना पठाइछाड्यो, विरोध गर्ने र प्रदर्शन गर्नेहरू हेरेका हेऱ्यै भए ।

सम्पादकीय

# जनताको अभिमत चाहिन्छ

**एकपटक फेरि सात राजनैतिक दलले चैत मसान्तभित्र संविधानसभा निर्वाचन गराउने लक्ष्य निर्धारण गरेका छन् । जनआन्दोलन–२ ले तत्कालीन आठ दललाई दिएको एक मात्र जिम्मेवारी संविधानसभाको निर्वाचन तथा त्यसमार्फत राज्यको पुनर्संरचना नै थियो, तर जनताको उक्त अभिमतलाई राजनैतिक दलहरूले आ–आफ्नो पक्षमा पार्न अनेक किसिमका प्रयोगहरू गर्दा नेपाल राजनैतिक तथा वैचारिक द्वन्द्वको रणभूमि बन्न पुग्यो । राजनैतिक दलहरूले आफ्ना राजनैतिक सिद्धान्त लागू गर्ने नाममा जनताले दिएको अभिमतलाई बेवास्ता गर्दै गएपछि देशले दुई पटक संविधानसभाको तोकिएको मितिबाट पछि हट्नुपर्‍यो । संक्रमणकालीन अवस्थाको फाइदा उठाएर विभिन्न जातीय तथा क्षेत्रीय समूहहरू खडा गरिए, फलस्वरूप अहिले तेस्रो पटक तोकिन लागेको संविधानसभा निर्वाचनको तिथि अन्तिम हुन सक्छ भन्ने कुरा जनताले पत्याइरहेका छैनन् । असुरक्षा, लुटपाट, हत्या, विस्थापन, नयाँ–नयाँ दलको स्थापना, जातीयताको चर्को वकालत तथा सात दलभित्रको अधिनायकवादी सोच अहिले पनि संविधानसभा निर्वाचनका प्रमुख चुनौती बनेका छन् ।**

**११ वर्षसम्म जनयुद्धका नाममा हिंसात्मक राजनीति गरिरहेको नेकपा माओवादीले १३ हजार नेपालीले ज्यान गुमाएपछि संविधानसभामार्फत राज्यको पुर्नसंरचना गर्ने सहमतिका साथ शान्ति–सम्झौतामा एक वर्षअघि हस्ताक्षर गरेको थियो । वर्षौंको युद्धले घाइते भएको नेपाली मनलाई उक्त सम्झौताले केही राहत दिएको थियो, तर माओवादी आफूले हस्ताक्षर गरेको सम्झौता उल्लंघन गर्दै सरकारबाट मात्र बाहिरिएन, उसले संविधानसभा भए त्यसलाई बिथोल्ने रणनीति सार्वजनिक गर्‍यो । अर्कातर्फ संवैधानिक राजतन्त्र तथा समाजवादी प्रजातन्त्रको सिद्धान्त बोकेको नेपाली कांग्रेसले पनि जनताको चेतनालाई समायोजित मूल्यांकन गर्न सकेन । जनताको निरन्तर दबाबपछि मात्र उसले गणतान्त्रिक नेपालमा प्रवेश गर्ने निर्णय गर्‍यो तर त्यो कछुवाको गतिमा थियो । एकतिहाइ जनताको विश्वास कमाइसकेको अर्को दल एमालेले यस्तो संक्रमणकालीन अवस्थामा ती दुई दललाई सहमतिको विन्दुमा ल्याउन कुनै प्रभावकारी भूमिका निर्वाह गर्न सकेन । बरु उसका सर्तले मुलुकको राजनैतिक परिस्थितिलाई सधैं अन्यौलग्रस्त बनाइरह्यो । अन्य साना दलका नेताहरू तीनवटा दलका भ्रातृ संगठनका प्रमुखजस्ता मात्र देखिए, ती नेताहरूले सबैलाई मिलाउन सक्ने क्षमता पटक्कै देखाएनन् । दल तथा नेताहरूका यी लघुरूपका कारण जनताले चोटमाथि चोट सहनुपर्‍यो ।**

**अहिले एकपटक फेरि सात राजनैतिक दलले संविधानसभा गर्ने अठोट लिएका छन् । यसले नेपाली जनताको पीडामा केही मल्हम लगाउने काम गरेको छ । यद्यपि संसद्भित्रै सात दलको विरोधमा उठेका स्वरहरू सुन्दा अझै पनि ठूलो राजनैतिक निर्णय लिनुपर्ने देखिन्छ । सूर्यबहादुर थापा, पशुपतिशमशेर राणा, राजेन्द्र महतोले संसद्भित्र सुझाएका सुझावलाई फेरि पनि सामान्य विरोध मान्ने भूल गर्नुहुँदैन । धमाधम क्षेत्रीय राजनैतिक दल खोल्नेहरू सबैलाई विखण्डनकारी देख्ने आँखामा लागेको पट्टी पनि अब खोल्नैपर्छ । तीव्र रूपमा भासिँदै गएको नेपालीको मनोबल उकास्न सात राजनैतिक दलले आफूभित्र रहेका कमी–कमजोरीलाई सच्याएर यो देश सात राजनैतिक दलको निर्णयमा मात्र चल्न सक्छ भन्ने भ्रम त्याग्नुपर्छ । त्यसपछि खुला हृदयले सबैलाई समेटेर गरिने संविधानसभाको निर्वाचनले मात्र सार्थक परिणाम दिन्छ, नत्र फेरि पनि तोकिएको मितिमा संविधानसभाको निर्वाचन हुन सक्नेछैन ।**

अँध्यारोबाट उज्यालोतिर बढ्न, नछुटाऊँ साप्ताहिक पत्रिकाहरु पढ्न ।
सौजन्य : साप्ताहिक–पाक्षिक पत्रिका राष्ट्रिय सञ्जाल

## नीति नियम

**काल परिस्थिति अनुसार व्यक्तिलाई जस्तो अधिकार दिन उचित हुन्छ त्यसैअनुसार दिनु पनि पर्छ किनीक पदमा नियुक्तिका लागि समय अनुसारको योग्यता मुख्य कुरा हो । देश, काल अवस्था र कार्यव्यवस्था हेरेर उपयुक्त तथा योग्यतासम्पन्न व्यक्तिलाई प्रबन्धक बनाउनुपर्छ । प्रधानमन्त्रीका लागि अन्य योग्यता समेत हुनु आवश्यक छ । ऊ आफ्नै देशको उत्तमकुलमा जन्मिएको होस् । प्रतिभाशाली एवं शिल्प विद्यामा कुशलता प्राप्त गरेको होस् । दूरदर्शीता, बुद्धिमान्, स्मृति आदि गुणहरू सम्पन्न कार्यकुशल, वक्ता, पौढ, प्रतिभाशाली, उत्साहवान्, प्रभुसत्ताधारी, सहिष्णु, शुद्ध हृदय एवं मित्रता तथा दृढ भक्तिले युक्त रहोस् । ऊ सदाचार, बल, आरोग्य एवं मानसिक शक्तिबाट सम्पन्न होस् । ऊ प्रगतिशील एवं स्थिर प्रकृतिको होस् । ऊ स्वयं वैर गर्ने खालको नहोस् तर शत्रुको सामना गर्न सक्ने खालको होस् ।**

**गोप्य कार्यमा नियुक्त व्यक्तिको असावधानी, उसले सुती–सुती बढी–बढी कुरा गरेको, कामतृप्ति, अभिमान, तिरस्कारजस्ता कार्यले गोप्यता खुल्न सक्छ । यी सबै कुराको विचार गरी मन्त्ररक्षा गर्न प्रयत्न गर्नुपर्छ । गोप्यताको भेद खुल्नु घातक हुन सक्छ । यी सबै कारणले अत्यन्त गुप्त कुरा एक्लै विचार गर्नुपर्छ ।**

**तीन वा चार जनासँग गोप्य सल्लाह लिनुपर्छ । केवल एक जनासँग मात्र विचार लिनु उचित हुँदैन किनकि उसले उछृङ्खल भएर पथभ्रष्ट गराउन सक्छ । दुई जनासँग मात्र पनि सल्लाह लिनु उचित हुँदैन किनकि दुईजना पनि मिल्न सक्ने ठूलो सम्भावना हुन्छ । यदि तीन वा चार जना भए यस्ताखाले अनर्थका हुने सम्भावना कम हुन्छ । यसो गर्नाले काम ठीक–ठीक रूपमा चल्छ– यस्तो व्यवहारमा धेरै देखिएको छ ।**

–चाणक्य नीति

अनुवाद : रामहरि बन्जारा

# सात दलबीचको नयाँ सहमति

दस्तावेज

प्रधानमन्त्री निवास बालुवाटारमा आज मिति २०६४ साल पुस ८ गते आइतबार सात राजनीतिक दलका शीर्ष नेताहरूको बैठक बस्यो । दलहरूका बीचको लामो छलफलमा विभिन्न विषयहरूमा दलहरूका आ–आफ्ना मत रहेका भए पनि संविधानसभाको निर्वाचन २०६४ साल चैतभित्र सम्पन्न गर्ने राष्ट्रिय संकल्पलाई केन्द्रविन्दुमा राखेर सात दलका शीर्ष नेताहरूबीच सहमति भई निम्नलिखित निर्णय गरेका छौं ।

१. संविधानको धारा १५९ को उपशीर्षक र उपधारा (१), (२), (३क), (३ख) को सट्टा देहाय बमोजिमको संशोधन मिलाउने :-

(क) नेपाल एक संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य हुनेछ ।

(ख) गणतन्त्रको कार्यान्वयन संविधान सभाको पहिलो बैठकबाट गरिनेछ ।

तर राजाले संविधान सभाको निर्वाचन हुन नदिन गम्भीर व्यवधान खडा गरेमा संविधान सभाको निर्वाचन अगावै पनि व्यवस्थापिका–संसदको तत्काल कायम रहेका कम्तीमा दुई तिहाइ सदस्यहरूको बहुमतले प्रस्ताव पारित गरी गणतन्त्र कार्यान्वयन गर्न सक्नेछ ।

यस्तो प्रस्ताव पेस गर्ने निर्णय मन्त्रिपरिषद्ले गर्नेछ र मन्त्रीपरिषद्ले सो प्रस्ताव व्यवस्थापिका–संसद समक्ष पेस गर्नेछ ।

(ग) मुलुकको शासन व्यवस्थासम्बन्धी कुनै पनि अधिकार राजामा रहनेछैन ।

(घ) मुलुकको शासन व्यवस्थासम्बन्धी सबै काम प्रधानमन्त्रीले गर्नेछन् ।

(ङ) गणतन्त्र कार्यान्वयन नहुन्जेलसम्मका लागि राष्ट्रप्रमुखले गर्ने काम प्रधानमन्त्रीले गर्नेछन् ।

२. वर्तमान अवस्थामा कायम रहेको पहिलो हुने निर्वाचित हुने २४० निर्वाचन क्षेत्रलाई कायम राख्ने र समानुपातिक निर्वाचन प्रणालीको आधारमा निर्वाचित हुने २४० सदस्य संख्याको ठाउँमा ३३५ सदस्य संख्या कायम गर्ने र सहमतिको आधारमा मन्त्रीपरिषद्ले मनोनयन गर्ने सत्र जनाको सट्टा छब्बीस जना कायम गर्ने गरी संविधानको सम्बन्धित धाराहरूमा संशोधन गरी मिलाउने । मनोनीत हुने २६ जनामा निर्वाचनबाट प्रतिनिधित्व हुन नसकेका आदिवासी जनजातिमध्येबाट समेत समावेश गर्ने गरी संशोधन गर्ने ।

३. व्यवस्थापिका संसदको महासचिवको नियुक्तिसम्बन्धी आवश्यक प्रावधान संविधानमा राख्ने ।

४ नेपाली कांग्रेस र नेपाली कांग्रेस (प्रजातान्त्रिक) को एकीकरण भई अबदेखि नेपाली कांग्रेस भएअनुसार संविधानमा आवश्यक संशोधन गरी मिलाउने ।

५. निधन भएका, राजीनामा दिएका, निष्काशित गरिएका व्यवस्थापिका–संसद्का सदस्यहरूको ठाउँमा नियुक्तिसम्बन्धी व्यवस्थाबारे संविधानमा संशोधन गरी आवश्यक प्रावधान राख्ने ।

६. देहाय बमोजिमको आयोग एवं समितिहरू सरकारले सहमतिको आधारमा एक महिनाभित्र गठन गर्नेछ :

(क) बेपत्ता पारिएकाहरूबारे छानविन आयोग

(ख) सत्य निरुपण तथा मेलमिलाप आयोग

(ग) राज्यको पुनरसंरचनासम्बन्धी आयोग

(घ) वैज्ञानिक भूमिसुधारसम्बन्धी अध्ययन तथा सुझाव आयोग

(ङ) विस्तृत शान्ति सम्झौता तथा त्यसपछि भएका सहमतिहरूको प्रभावकारी कार्यान्वयनको अनुगमनका लागि उच्चस्तरीय अनुगमन समिति

(च) विस्तृत शान्ति सम्झौता अनुरूप उच्चस्तरीय शान्ति आयोग गठन गरिनेछ । यससँग समन्वय गरी शान्ति मन्त्रालयले काम गर्नेछ ।

७. स्थानीय निकायमा सहमतिका आधारमा संयन्त्र निर्माण गर्ने । यससम्बन्धी निर्णय शीर्ष नेताहरूको रहेको समन्वय समितिले गर्ने ।

८. सशस्त्र द्वन्द्वका क्रममा मारिएका परिवारलाई विस्तृत शान्ति सम्झौता बमोजिम माघ महिनाभित्रमा राहत उपलब्ध गराउने । बेपत्ता पारिएकाहरूको हकमा छानविन आयोगको प्रतिवेदनको आधारमा राहत दिइनेछ । छानविन आयोगले काम सुरु गरेको एक महिनाभित्रमा प्रारम्भिक प्रतिवेदन दिने ।

९. सशस्त्र द्वन्द्वका क्रममा हालसम्म माओवादीद्वारा कब्जा गरिएका निजी तथा सार्वजनिक घर–जग्गा, जमिनहरू एक महिनाभित्रमा सम्बन्धित व्यक्तिहरू तथा निकायहरूलाई फिर्ता गरिसक्ने । यो सहमतिलाई जिल्लामा कार्यान्वयनका लागि प्रजिअको अध्यक्षतामा एउटा संयन्त्र बनाउने । विस्थापितहरूलाई आफ्नो घर–जग्गामा स–सम्मान पुनःस्थापना गराउने ।

१०. बुँदा नं. ८ र ९ को बारेमा अनुगमन गर्न राष्ट्रिय मानवअधिकार आयोगलाई अनुरोध गर्ने ।

११. माओवादी सेनाका प्रमाणित लडाकुहरूलाई सहमति अनुसारको दिनुपर्ने बाँकी रकम किस्ताबन्दीमा माघ महिनाभित्र चुक्ता गर्ने तथा आगामी दिनमा मासिक रूपमा दिँदै जाने । प्रमाणीकरणबाट अयोग्य ठहरिएकाहरूलाई सहमति अनुसारको दिनुपर्ने बाँकी रकम दिएर अविलम्ब घर फर्कन व्यवस्था गर्ने ।

१२. माओवादी सेनाका प्रमाणित लडाकुहरूको समायोजनका लागि अन्तरिम संविधानमा उल्लेख भए बमोजिम मन्त्रीपरिषद्ले बनाएको विशेष समितिद्वारा छलफल गरी कार्य अघि बढाउने ।

१३. अन्तरिम संविधानको धारा १५४ मा व्यवस्था भएको तर गठन नभएका आयोगहरूको गठन एक महिनाभित्र गर्ने ।

१४. सशस्त्र द्वन्द्वको दौरान विभिन्न मुद्दा लगाएर नेपालभित्र जेलमा रहेका रिहाइ हुन बाँकी माओवादी बन्दीहरू सबैलाई पुस महिनाभित्र रिहाइ गर्ने र माओवादी नेता तथा कार्यकर्तामाथि लगाइएका मुद्दाहरूमध्ये खारेज गर्न बाँकी रहेका मुद्दाहरू खारेज गर्ने । त्यस्तै सशस्त्र द्वन्द्वको क्रममा विदेशी जेलमा रहेका नेपाली माओवादी बन्दीहरूको रिहाइका लागि कूटनीतिक तहमा पहल गर्ने । नेपाल सरकार समक्ष विभिन्न राजनीतिक दलहरूद्वारा विगतमा सिफारिस गरिएका राजनीतिक व्यक्तिहरूमाथि राजनीतिक कारणले चलाइएका मुद्दाहरू फिर्ता गर्ने ।

१५. संविधानसभाको निर्वाचन, संघीय गणतन्त्रात्मक राज्य र बहुदलीय लोकतान्त्रिक शासन प्रणालीसहितको नयाँ संविधानको निर्माण तथा अन्तरिम सरकारको सु–सञ्चालनका लागि सहयोग र समन्वय गर्न शीर्ष नेताहरू रहेको एक समन्वय समिति हुनेछ । यसको संयोजक पालैपालो गरी समितिले आफै तोक्नेछ । समितिको कार्यविधि समितिले आफैले निर्धारण गर्नेछ ।

१६. देशमा शान्ति सुरक्षाको प्रभावकारी व्यवस्था, जनताका दैनिक आवश्यकताका वस्तुहरूको सुलभ र सुपथ आपूर्ति, सुशासन, भ्रष्टाचार नियन्त्रण, स्वतन्त्र र निष्पक्ष ढंगले संविधानसभाको निर्वाचन सम्पन्न गर्ने कार्यलाई अन्तरिम सरकारले उच्च प्राथमिकता दिनेछ ।

१७. आगामी संविधान सभाको निर्वाचन सम्पन्न नहुञ्जेलसम्म निर्वाचनलाई अवरुद्ध गर्ने वा नकारात्मक प्रभाव पार्ने कुनै पनि प्रकारका कामहरू राजनीतिक दलहरू तथा त्यससँग आबद्ध संघ/संस्थाहरूबाट गरिनेछैन । कुनै पनि राजनीतिक दलका कार्यकर्ताहरू तथा त्यससँग आबद्ध संघ/संस्थाहरूले बल प्रयोग गर्ने, हतियारको प्रयोग र प्रदर्शन गर्ने, ठाउँ–ठाउँमा क्याम्प वा ढाट राखेर कर उठाउने, पर्यटक, शिक्षक, कर्मचारी, व्यवसायी, व्यापारी तथा अन्य कुनै पनि व्यक्तिहरूसँग धम्की वा दबाबमा चन्दा, करलगायतका रकमहरू संकलन गर्ने, कुटपिट, अपहरण गर्ने, सम्पत्ति कब्जा गर्नेलगायतका कामहरू तत्काल बन्द गर्नेछन् ।

१८. कुनै पनि राजनीतिक दल र दलका कार्यकर्ताहरूलाई शान्तिपूर्ण तवरले आफ्नो संगठनको राजनीतिक गतिविधि गर्न र प्रचार प्रसार गर्न कसैबाट पनि डर, धम्कीलगायत कुनै किसिमले बाधा, व्यवधान गर्ने तथा रोक्ने काम गर्नेछैन ।

१९. बृहत् शान्ति सम्झौतामा उल्लेख भएका सबै विषयहरूलाई सम्बन्धित सबै पक्षहरूबाट पूर्णरूपमा पालन र कार्यान्वयन गर्न प्रतिबद्धता व्यक्त गरिन्छ ।

२०. पुनर्निर्माण, पुनर्व्यवस्थापन, पुनर्स्थापना, पुनर्वास र द्वन्द्व पीडितको राहतसमेतको आर्थिक दायित्व तत्काल कार्यान्वयनका लागि अन्तर्राष्ट्रिय सहयोग जुटाउन नेपाल सरकारले पहल गर्ने ।

२१. संविधानसभाको निर्वाचनमा सबै जनतालाई भाग लिन संयुक्तरूपमा अपिल गर्नका लागि देशका विभिन्न भागमा सातवटै दलहरूले सातवटा आमसभा आयोजना गर्ने ।

२२. यस सहमतिसाथ नेकपा (माओवादी) तत्काल सरकारमा सामेल हुने ।

२३. संविधान सभाको निर्वाचन सम्पन्न गराउनु हामी सबैको पहिलो राष्ट्रिय एजेन्डा हो । नेपाल सरकारद्वारा मिति तोक्ने गरी २०६४ साल चैतभित्र निर्वाचन सम्पन्न गराउने निर्णय सात दलको बैठकबाट हामीले गरिसकेका छौं । स्वतन्त्र, निष्पक्ष र भयरहित वातावरणमा निर्वाचन सम्पन्न गर्नका लागि सबै राजनीतिक दलहरू, समस्त नागरिक समाज एवं सबै पेसा व्यवसायीहरूलगायत सम्पूर्ण दाजुभाइ तथा दिदीबहिनीलाई हार्दिक अपिल गर्दछौं ।

१. नेपाली कांग्रेसका कार्यबाहक सभापति
श्री सुशील कोइराला

२. नेपाल कम्युनिष्ट पार्टी (एमाले) का महासचिव
श्री माधवकुमार नेपाल

३. नेपाल कम्युनिष्ट पार्टी (माओवादी) का अध्यक्ष
श्री प्रचण्ड

४. जनमोर्चा नेपालका अध्यक्ष
श्री अमिक शेरचन

५. नेपाल मजदुर किसान पार्टीका अध्यक्ष
श्री नारायणमान विजुक्छे

६. नेपाल सद्भावना पार्टी (आनन्दीदेवी) का तर्फबाट महासचिव
श्री श्यामसुन्दर गुप्ता

७. संयुक्त वाममोर्चाका अध्यक्ष
श्री सी.पी. मैनाली

**पुस ८, २०६४, काठमाडौं ।**

## मुखाले

सात दलको सहमतिपछि पनि माओवादी सत्ता कब्जाको षड्यन्त्रमा लागेको छ ।

**रामचन्द्र पौडेल, शान्ति तथा पुनर्निर्माण मन्त्री**

देश सात दलको मात्र होइन, उसले निर्णय गरेपछि सबै थोक ठीक हुन्छ भन्नु भूल हो ।

**सूर्यबहादुर थापा, अध्यक्ष, राष्ट्रिय जनशक्ति पार्टी**

म दाबीका साथ भन्छु, यो सरकारले चैतसम्ममा संविधानसभाको निर्वाचन गराउन सक्दैन ।

**राजेन्द्र महतो, सांसद, नेपाल सद्भावना पार्टी**

नेपालमा अहिल्यै राजतन्त्र उन्मूलन भएको छैन, संविधानसभाले मात्र त्यो अधिकार प्राप्त गर्ने सहमति भएको हो ।

**विमलेन्द्र निधि,महामन्त्री, नेपाली कांग्रेस**

मधेसको समस्या सामाधान हुन्छ भने म नर्कमा गएर पनि वार्ता गर्न तयार छु ।

**गिरिजाप्रसाद कोइराला, प्रधानमन्त्री**

सरकारले कुनै समुदायविरुद्ध सुरक्षा कारबाही सञ्चालन गरेको होइन, मधेसीले चिन्ता लिनुपर्दैन ।

**उमेश मैनाली, गृहसचिव**

अब पनि कुनै धर्मावलम्बीले हामीलाई कुनै समस्या छ भन्नुपर्‍यो भने त्यो दुर्भाग्यको दिन हुनेछ ।

**सुवासचन्द्र नेम्वाङ, सभामुख**

मलाई खेलकूद मन्त्री नियुक्त गरे पनि त्यो त्यागिदिन्छु । खेलाडीले राजनीति गर्नु हुँदैन भन्ने मेरो मान्यता छ ।

**आयुशा शाक्य, तेक्वान्दो खेलाडी**

अहिले पनि महिला कलाकारलाई स्कुटर किन्न धौ–धौ पर्छ, कार त धेरै टाढाको कुरा हो ।

**गरिमा पन्त, नायिका**

# सन् २००७ का चर्चित व्यक्तिहरू

## वर्ष पुरुष भ्लादिमिर पुटिन



कमजोर अवस्थामा पुगेको रूसको राष्ट्रिय स्वाभिमान माथि उठाउन तथा रूसको प्रभाव विश्वभर फैलाउन खेलेको भूमिकाका कारण रूसका राष्ट्रपति भ्लादिमिर पुटिन लाई विश्वप्रसिद्ध 'टाइम' पत्रिकाले वर्ष २००७ का लागि वर्षपुरुष छनौट गर्‍यो। सन् २००० मा उनी राष्ट्रपति हुँदा रूसको अर्थतन्त्र गएगुज्रिएको अवस्थामा पुगेको थियो, तर अहिले रूस समृद्ध छ। उनी सन् २००० देखि लगातार रूसको राष्ट्रपतिका रूपमा कार्यरत छन्। पछिल्लो पटक डिसेम्बरको प्रारम्भमा भएको संसदीय निर्वाचनमा उनको पार्टी युनाइटेड रूस पार्टीले ६४ प्रतिशत मत ल्यायो। आगामी मार्चमा त्यहाँ राष्ट्रपतिको निर्वाचन हुँदैछ, तर रूसको संविधान अनुसार उनी तेस्रो पटकका लागि उम्मेदवार हुन पाउँदैनन्। यद्यपि उनले रूसको प्रधानमन्त्रीका रूपमा काम गरेर देशसेवा गर्ने इच्छा जाहेर गरेका छन्।

### राउल क्यास्ट्रो

यो वर्ष क्यूवाका राष्ट्रपति फिडेल क्यास्ट्रो बिरामी परेका कारण पर्दा पछाडि नै रहे। यो अवस्थामा क्यूवाको शासनभार उनका भाइ राउल क्यास्ट्रोले सम्हाले। ७५ वर्षीय राउल संसारमै सबैभन्दा लामो समयसम्म पदमा रहने रक्षामन्त्री हुन्। प्रगतिशील अर्थतन्त्रलाई अघि बढाउन उनले यो अवधिमा अझ बढी काम गरे। सबै भन्दा महत्त्वपूर्ण कुरा उनले अमेरिकासँग लामो समयदेखि रहेको संवादहीनतालाई अन्त्य गर्ने प्रयास गरे र संवादलाई अघि बढाए। उनले क्युवाका युवावर्गमा रहेको असन्तुष्टिलाई केही मात्रामा भए पनि कम गरे। राष्ट्रपति फिडेल क्यास्ट्रोले हालसालै सक्रिय राजनीतिबाट संन्यास लिने घोषणा गरेपछि राउललाई क्युबाको नयाँ नेताका रूपमा हेरिएको छ।

### हिलारी क्लिन्टन

हिलारी क्लिन्टन सन् २००८ को नोभेम्बरमा अमेरिकामा सम्पन्न हुने राष्ट्रपति पदका लागि डेमोक्र्याटिक पार्टीको तर्फबाट उम्मेदवारी दिन अघि सरेकी छिन्। पूर्व अमेरिकी राष्ट्रपति बिल क्लिन्टनकी धर्मपत्नी हिलारी त्यतिखेर पनि निकै चर्चित थिइन्। खासगरी मोनिका लेविन्स्की प्रकरणमा उनको सबैले उनको प्रशंसा गरेका थिए। अहिले हिलारी न्युयोर्क क्षेत्रबाट सिनेटरसमेत छिन्। हिलारी आधुनिक एवं प्रगतिशील उम्मेदवारका रूपमा परिचित छिन्। महिला भएका कारण पनि उनको क्रेज बढेको हो। अमेरिकामा अहिलेसम्म कुनै पनि महिला राष्ट्रपति पदसम्म पुगेका छैनन्। यो अवस्थामा हिलारी राष्ट्रपति बन्छिन् कि भन्ने अनुमान धेरैको छ।

### हु जिन्ताओ

सन् १९९२ मा देङ स्याओपिङले चौथो पुस्ताका नेतालाई पार्टीको नेतृत्वमा लिने काम प्रारम्भ गरेपछि हु जिन्ताओ चिनियाँ राजनीतिमा उदाएका हुन्। चिनियाँ कम्युनिस्ट पार्टीको युवा संगठनमा काम गरेका कारण उनलाई अघि बढ्न प्रेरणा मिल्यो। सन् २००३ मार्च १५ मा उनी चीनको राष्ट्रपति चुनिए। त्यतिबेला चीन गम्भीर मोडमा उभिएको थियो। पुँजीवादी राष्ट्रहरू कम्युनिस्ट राष्ट्र भएका कारण चीनको खोइरो खन्न चाहन्थे, तर हुको सुझबुझका कारण चीनले प्रगतिलाई आत्मसात गर्न सक्यो। अहिले चीन विश्वकै द्रुततर गतिमा आर्थिक विकास गर्ने मुलुक बनेको छ। हुले समाजवादमा पुँजीवादको मिश्रण गर्दै चीनलाई अघि बढाए। अहिले विश्व आर्थिक बजारमा चीन एउटा भरपर्दो स्टेकहोल्डर बन्ने प्रक्रियामा छ। यो कार्य अघि बढाउन पनि हु सक्षम छन्।

### किङ अब्दुल्लाह

सउदी अरेबियाका राजा अब्दुल्लाह पनि यो वर्ष निकै चर्चामा रहे। पहिलेका वर्षहरूमा उनलाई राजधानी रियादको बाहिरी भागमा घोडा चढेर घुमेको मात्र देख्न पाइन्थ्यो तर ८३ वर्षीय राजा अब्दुल्लाह अहिले आधुनिकीकरणतर्फ बढेका छन्। आफ्नो देशको रूढिवादी समाजलाई खुला समाजमा प्रवेश गराउन गरेको प्रयासका कारण उनले अल कायदाको धम्की खेपिरहेका छन् भने देशबाहिर पूरै अरबक्षेत्रमा शान्ति ल्याउने उनको प्रयास पनि जारी छ। गत फेब्रुअरीमा मक्का सहमतिमा उनले खेलेको भूमिकाका कारण प्यालेस्टाइनमा राष्ट्रिय एकताको सरकार बन्यो। इरानको आणविक कार्यक्रमका कारण अमेरिकासँग भएको तनावलाई कम गर्न उनले महत्त्वपूर्ण भूमिका निर्वाह गरे। त्यसैगरी वर्षको अन्त्यतिर रियाधमा भएको अरब सम्मेलनमा पनि उनको भूमिका महत्त्वपूर्ण छ। उक्त सम्मेलन सन् २००२ मा उनले ल्याएको अब्दुल्लाह प्लानमा आधारित थियो। इराक र इरानमा स्थायित्व ल्याउन उनले खेलेको कूटनैतिक भूमिकाको बुस प्रशासनले पनि स्वागत गर्‍यो तर केही समय अघि मात्र उनले इराकमा अमेरिकाको उपस्थिति गैरकानुनी हो भने पछि भने अमेरिका पनि झस्कियो।

### नेन्सी पेलोसी

६७ वर्षीय पेलोसी अमेरिकी संसद्को तल्लो सदन हाउस अफ रिप्रिजेन्टेटिभकी सभामुख हुन्। गत वर्ष निर्वाचित पेलोसी अमेरिकाकै इतिहासमा पहिलो महिला सभामुख हुन्। एक वर्षभित्र उनले धेरै प्रतिष्ठा कमाएकी छिन्। यो पदमा पुगेपछि उनी अझ कडा परिश्रमी, दक्ष तथा अनुशासित कहलिएकी छिन्।

### बाराक ओवामा

बाराक ओवामा अमेरिकामा हुने आगामी राष्ट्रपति निर्वाचनमा डेमोक्र्याटिक पार्टीका तर्फबाट उम्मेदवार बन्न कडा परिश्रम गरिरहेका छन्। चर्चित सिनेटर हिलारी क्लिन्टनको प्रतिस्पर्धी मात्र भएर होइन, छुट्टै व्यक्तित्वका कारण पनि उनी चर्चामा आएका हुन्। काला र गोरा जातिको मिश्रण एवं कुशल वक्ता भएकै कारण पनि उनी लोकप्रिय बने। अमेरिकाको विदेश नीति र अन्य सम्बन्धका बारेमा स्पष्ट रूपमा धारणा व्यक्त गरेका कारण उनी सबैको आकर्षणको केन्द्र बनेका छन्। आगामी निर्वाचनमा पार्टीका तर्फबाट उनी वा हिलारी को उम्मेदवार बन्न पाउने हुन्, अहिले सबैमा कौतूहलता छ।

### आयातोल्लाह अलि खुमेनी

इरानका सर्वोच्च नेता आयातोल्लाह अलि खुमेनी आफैंलाई महान् सन्तुलकको उपमा दिन्छन्। इरानको पहिलेदेखि बिग्रदै गएको अमेरिकासँगको सम्बन्ध यो वर्ष अझ चुलियो। इरानका राष्ट्रपति मोहम्मद अहमदिनेजाद यो वर्ष निकै चर्चामा आए तर अमेरिका र इरानबीचको सम्बन्धलाई सन्तुलनमा ल्याउने काम सर्वोच्च नेता खुमेनीले गरे। उनी मध्यपूर्वका पिभोटल नेताका रूपमा स्थापित भए। इरानको संविधानले उनलाई शासन गर्ने दैवी अधिकार प्रदान गरेको छ। उनले राष्ट्रपति अहमदिनेजादभन्दा एक कदम अघि बढेर इरानको आणविक कार्यक्रम राष्ट्रको सुरक्षाका लागि भएको र शान्तिपूर्ण कार्यका लागि मात्र यसको प्रयोग गरिने जनाएपछि विवाद पनि कम भयो।

### एञ्जेला मर्केल

सन् १९८९ मा एञ्जेला मर्केल पुर्वी जर्मनीको इन्स्टिच्युट फर फिजिकल केमेस्ट्रीमा अनुसन्धान गर्थिन्। त्यतिखेर उनी कुनै पनि राजनैतिक क्रियाकलापमा सरिक थिइनन्। बर्लिन पर्खाल ढालेर दुवै जर्मनी एक भए पछि उनी क्रिस्चियन डेमोक्रेटिक युनियनमा लागिन्। सन् २००० मा उनी उक्त पार्टीको अध्यक्ष चुनिइन्। सन् २००५ मा उनी जर्मनीको चान्सलर बनिन्। सुन्दा पनि अचम्म लाग्छ, उनले छोटो समयमै ठूलो राजनैतिक फड्को मारिन्। चान्सलर बने पछि अन्तर्राष्ट्रिय क्षेत्रमा पनि उनी त्यत्तिकै चर्चित बनेकी छिन्। उनले अमेरिकासँग पनि आत्मीय सम्बन्ध राखेकी छिन् र रूससँग पनि आबश्यक सम्बन्ध स्थापना गरेकी छिन्। उनले यसै वर्ष युरोपियन युनियनको अध्यक्ष बनेर युरोपेली एकताको नयाँ आधार निर्माण गरिन्। यी सबै कारणबाट उनलाई बेलायतकी पूर्व प्रधानमन्त्री मार्गरेट थ्याचरसँग तुलना गर्न थालिएको छ। दुवैको काम गर्ने शैली फरक भए पनि नतिजा उस्तै देखिएको छ।

### अल गोर

अमेरिकाका पूर्व उपराष्ट्रपति अल गोर यो वर्षको नोवेल शान्ति पुरस्कार विजेता पनि हुन्। उनले इन्टरगभर्नमेन्टल प्यानेल अन क्लाइमेट चेन्ज नामक संस्थासँग संयुक्त रूपमा यो पुरस्कार पाए। मानिसकै कारणले भएको मौसम परिवर्तनका बारेमा जनमानसमा चेतना फैलाएको र त्यसलाई समाधान गर्न उनीहरूले खेलेको भूमिकाका कारण उक्त पुरस्कार प्रदान गरिएको थियो। गोरले संसारका विभिन्न स्थानमा मौसम परिवर्तनका बारेमा प्रवचन दिन्छन्। उनी अमेरिकी टेलिभिजन च्यानल करेन्ट, जनरल इन्भेस्टमेन्ट म्यानेजमेन्ट तथा एलाइन्स फर क्लाइमेट प्रोटेक्सनका अध्यक्ष हुन्। यी संस्थाहरूले पनि वातावरणका बारेमा जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्छन्। अल गोर सन् १९९२ देखि २००० सम्म अमेरिकाको उपराष्ट्रपति थिए। सन् २००० को राष्ट्रपतीय निर्वाचनमा पनि उम्मेदवार बने, तर वर्तमान राष्ट्रपति जर्ज डब्लु बुससँग झिनो मतले पराजित भए। कतिपय समर्थकले आगामी राष्ट्रपति निर्वाचनमा फेरि पनि डेमोक्रेटिक पार्टीका तर्फबाट उनको उम्मेदवारीको माग गरेका छन्, तर यस विषयमा अहिलेसम्म उनको कुनै प्रतिक्रिया आएको छैन।

### स्टिभ जब्स

५२ वर्षीय स्टिभ जब्स प्रसिद्ध एप्पल कम्पनीका संस्थापक तथा अध्यक्ष हुन्। उनी एनिमेसन चलचित्र निर्माता वाल्ट डिज्ने कम्पनीका सबैभन्दा ठूला शेयरहोल्डर पनि हुन्। स्टिभ कम्प्युटर तथा मनोरञ्जन दुवै उद्योगका हस्ती मानिन्छन्। म्याकिन्तोसदेखि सुरु भएर आइपड, आइट्युन अनि आइफोन सम्म सबै उनकै आविष्कार मानिन्छ। यो वर्ष एप्पल कम्पनीले बजारमा ल्याएको आइफोनको लोकप्रियताका पछाडि स्टिभको पनि लोकप्रियता जोडिएको छ।

### जनरल डेभिड पेट्रास

५५ वर्षीय जनरल डेभिड पेट्रास इराकमा रहेका बहुराष्ट्रिय सेनाको नेतृत्व गरिरहेका अमेरिकी कमान्डर हुन्। वर्षको प्रारम्भ अर्थात् जनवरी २६ देखि उनी उक्त पदमा बहाली भएका हुन्। उनले सबै बहुराष्ट्रिय सेनाको सुपरिवेक्षण गर्नुका साथै बुश प्रशासनका लागि इराकी रणनीतिक योजनासमेत निर्माण गर्छन्। इराकमा अमेरिकी सेना रहनुपर्ने तर लामो समयका लागि होइन भन्ने उनको निष्कर्षका कारण पनि उनी यो वर्ष चर्चित रहे। उनले राष्ट्रपति बुशलाई यसको समयतालिका पनि बुझाएका छन्। जसअनुसार २००८ को जुलाइ सम्ममा २० हजार अमेरिकी सैनिक फिर्ता गर्नुपर्छ।

### जे के रोलिङ

ह्यारी पोर्टर कथा श्रृंखलाकी लेखिका जे के रोलिङ सधैंको वर्ष झै यो वर्ष पनि निकै चर्चित बनिन्। यो वर्ष यो कथा श्रृंखलाको अन्त्य भएका कारण पनि उनको चर्चा बढेको हो। यो वर्ष कथा श्रृंखलाको अन्तिम पुस्तक ह्यारी पोटर एन्ड द डेथ्ली ह्यालोज प्रकाशित भयो। ४ हजार १ सय ९५ पेजको यो पुस्तक संसारका ६५ भाषामा अनुवाद भएको छ। खासगरी बालबालिकालाई आकर्षित गर्न सफल रोलिङले पुस्तक बिक्रीबाटै १५ अरब डलरभन्दा बढी कमाइन्। यसबाट उनी संसारकै सर्वाधिक धनी व्यक्तिहरूको सूचीमा पनि परिन्।

# संसारका सबैभन्दा धनी व्यक्तिहरु

**अमेरिकाबाट प्रकाशित हुने फोर्ब्स पत्रिकाले प्रत्येक वर्ष विश्वका धनी व्यक्तिहरूको सूची प्रकाशित गर्छ। यो वर्ष पनि फोर्ब्सले मार्च ८ तारिखका दिन नयाँ सूची प्रकाशन गऱ्यो। फेब्रुअरी ९ का दिनमा भएको स्टकको मूल्य तथा विनिमय दरका आधारमा उक्त सूची प्रकाशित गरिएको थियो। यो अवधिमा संसारभर ९ सय ४६ अरबपति थिए जसमध्ये १ सय ७८ नयाँ थिए भने १७ जना केही वर्षपछि पुन उक्त सूचीमा फर्किएका थिए। उक्त सूची सम्पत्तिलाई अमेरिकी डलरसँग तुलना गरी तयार पारिएको हो। जसअनुसार माइक्रोसफ्ट कर्पोरेसनका मालिक बिल गेट्स अग्रपंक्तिमा छन्। यद्यपि यो वर्षको अन्त्यतिर केही रोचक घटना घटे। ११ अप्रिलका दिन कार्लोस स्लिम हेलु संसारकै सबैभन्दा धनी व्यक्ति बनेको जानकारी फोर्ब्सले दियो। ४ अगस्टका दिन वाल स्ट्रिट जर्नल र ६ अगस्टका दिन फर्च्युन म्यागेजिनले पनि उक्त कुरालाई पुष्टि गरे। उनको सेयरबापतको रकम ५९ अरब डलर पुगेको जानकारी प्रकाशमा आयो। त्यसैगरी २९ अक्टोबरका दिन भारतको रिलायन्स कर्पोरेसनका मालिक मुकेश अम्बानी संसारकै सबैभन्दा धनी व्यक्ति बनेको जानकारी भारतीय अखबारहरूले दिए। उनको सेयर रकम ६३ अरबभन्दा बढी पुगेको जानकारी प्रकाशमा आयो तर उक्त दाबीलाई स्वयं रिलायन्स कर्पोरेसनले खण्डन गऱ्यो। कर्पोरेसनका अनुसार कम्पनीको शेयर कारोबारलाई सही रूपमा मापन नगरी यसरी हल्ला फैल्याइएको थियो। यी सब हुँदाहुँदै पनि फोर्ब्सले पहिलेको सूचीलाई सच्याएको छैन। त्यसैले त्यही सूचीलाई नै आधिकारिक मानिन्छ। उक्त सूचीअनुसार यस पटक पनि माइक्रोसफ्ट कम्पनीका मालिक बिल गेटस नै अग्रपंक्तिमा रहे।**



### बिल गेट्स

५१ वर्षीय बिल गेट्स अमेरिकाका बासिन्दा हुन्। उनको सम्पत्ति ५६ अरब डलर बराबर छ। उनी तीन सन्तानका पिता हुन्। उनले हार्वर्ड विश्वविद्यालयमा अध्ययन गर्दागर्दै सफ्टवेयरको व्यापारमा लागेर पढाइ छोडेका थिए। सफ्टवेयरको सानो व्यापारबाट प्रारम्भ भएको उनको व्यवसाय अहिले विश्वव्यापी भएको छ। उनको माइक्रोसफ्ट कम्पनीद्वारा उत्पादित अपरेटिङ सिस्टमबाट अहिले विश्वका ९४ प्रतिशत कम्प्युटर सञ्चालित छन्। सफ्टवेयरबाहेक उक्त कम्पनीलाई टेलिभिजन, सेलफोन, कार आदि उत्पादन गर्ने कम्पनीका रूपमा विकास गर्ने कार्य पनि भैरहेको छ। सफ्टवेयर उत्पादनबाट प्राप्त रकमलाई उनले सामाजिक कार्यमा पनि लगानी गरेका छन्। आफू र श्रीमती मेलिन्डा गेट्सको नाममा उनले बिल एन्ड मेलिन्डा गेट्स फाउन्डेसनको स्थापना गरेका छन्। यो संस्थाका नामबाट उनले संसारभरिका पीडितहरूको सहयोगका लागि रकम खर्च गर्ने गरेका छन्। त्यसकै सम्मानस्वरूप विश्वप्रसिद्ध टाइम पत्रिकाले सन् २००५ को वर्ष पुरुषका रूपमा उनी र उक्त संस्थालाई कदरसमेत गरेको थियो।

### वारेन बफेट

७६ वर्षीय वारेन बफेट पनि अमेरिकाका बासिन्दा हुन्। उनलाई संसारका धनीको सूचीमा दोस्रो स्थानमा राखिएको छ। उनको कुल सम्पत्ति ५२ अरब डलर बराबर छ। बफेटले युनिभर्सिटी अफ नेब्रास्काबाट आर्ट्स र साइन्समा स्नातक तथा कोलम्बिया युनिभर्सिटीबाट साइन्समा स्नातक गरेका छन्। वित्तीय क्षेत्रमा चर्चित बफेटले सेयर, बैंकिङ तथा बिमा क्षेत्रमा लगानी गरेर उक्त सम्पत्ति हासिल गरेका हुन्। उनको सेयर अमेरिकन एक्सप्रेस, कोकाकोला, जिलेटजस्ता प्रमुख कम्पनीहरूमा छ। उनी कैयौं बिमा कम्पनीको प्रमुखसमेत छन्। गत वर्षको जुनमा उनले आफ्नो सम्पत्तिको ८५ प्रतिशत अंश बिल एन्ड मेलिन्डा गेट्स फाउन्डेसनलाई दिने घोषणा गरे। यो रकम अमेरिकाकै र सम्भवतः संसारकै इतिहासमा समाजसेवामा दान गरिएको सबैभन्दा ठूलो रकम हो। यही दानकै कारण आगामी दिनमा उनी धनीहरूको यो सूचीबाट हट्ने प्रबल सम्भावना छ।

### कार्लोस स्लिम हेलु

मेक्सिकोका नागरिक ६७ वर्षीय कार्लोस स्लिम हेलु सबैभन्दा धनी व्यक्तिको सूचीमा तेस्रो नम्बरमा छन्। उनी ल्याटिन अमेरिकाका सबैभन्दा धनी व्यक्ति हुन्। हेलु मुख्यतः दूरसञ्चार क्षेत्रका व्यवसायी हुन्। उनको व्यापारले मेक्सिकोमा प्रभुत्व नै जमाएको छ। त्यसबाहेक सम्पूर्ण ल्याटिन अमेरिकी क्षेत्रमा समेत उनको प्रभुत्व छ, तर उनी खुद्रा व्यापार, बैंकिङ तथा बिमासम्बन्धी कारोबार पनि गर्छन्। मेक्सिको टेलमेक्स, अमेरिकाको मोबिल, ग्रुपो कार्सो आदि उनका प्रसिद्ध कम्पनी हुन्। उनको कुल सम्पत्ति ४९ अरब डलर छ। कार्लोसका छ सन्तान छन्। तीमध्ये तीन छोराले उनको कारोबारमा सहयोग गरिरहेका छन्।

### इङभार काम्प्राड

८१ वर्षीय काम्प्राड स्वीडेनका उद्योगपति हुन्। उनका चार सन्तान छन् र उनको कुल सम्पत्ति ३३ अरब डलर छ। उनको आम्दानीको प्रमुख स्रोत खुद्रा व्यापार नै हो। उनले आफ्नो र आफ्नो जन्मस्थानको सुरुका अक्षरहरूबाट आइकेइए नामक कम्पनी खोलेका छन्। यो कम्पनी स्थापना गर्दा काम्प्राड १७ वर्षका थिए। सुरुमा उनी साइकल डोऱ्याउँदै सलाई बेच्ने काम गर्थे। त्यसपछि उनले आफ्नो व्यवसायलाई बढाउँदै लगेर माछा, क्रिसमस ट्रीको सजावट तथा बल पेन र पेन्सिल समेत बेचे। काम्प्राड धनी भए पनि यात्राका क्रममा सधैं सस्ता होटलमा बस्न रुचाउँछन्। उनी सन् १९७६ देखि स्वीट्जरल्यान्डको एपालिन्जस्थित निवासमा बस्छन्। स्वीडेनको व्यापारसम्बन्धी प्रसिद्ध साप्ताहिक पत्रिका भेकन्स अफेयरले त काम्प्राडलाई संसारकै सबैभन्दा धनी व्यक्ति भएको र थोरै कर तिर्न थोरै सम्पत्ति देखाएको आरोप पनि लगाएको छ, तर द इकोनोमिस्ट समेतले उनको सबै सम्पत्ति आफ्नै नाममा नभएका कारण यस्तो आरोप लगाउन नसकिने बताएको छ। जे भए पनि फोर्ब्सले उनलाई चौथो धनी व्यक्तिको सूचीमा राखेको छ।

### लक्ष्मी मित्तल

भारतको राजस्थानमा जन्मिएका लक्ष्मीनिवास मित्तल हाल लन्डनको किङस्टनमा बस्छन्। उनलाई फोर्ब्सले विश्वको पाँचौं धनीको सूचीमा राखेको छ। उनको कुल सम्पत्ति ३२ अरब डलर छ। मित्तल सामान्य पृष्ठभूमिको परिवारमा जन्मिएका थिए। उनको बाल्यकाल गरिबीमा बितेको थियो। भारतको स्वतन्त्रताभन्दा अगाडि उनका बुबाले सम्पूर्ण परिवारलाई कलकत्ता लगे। त्यहाँ मित्तलका बुबाले एउटा स्टिल कम्पनीमा साझेदार बनेर काम गरे। कलकत्ताकै सेन्ट जेभियर्स कलेजबाट लक्ष्मीले सन् १९६९ मा कमर्समा स्नातक गरे। त्यसपछि उनले आफ्नो बुवासँगै स्टिलको व्यापार थाले। सन् १९९४ मा आफ्नो बुबा र दाजुसँग खटपट भएपछि उनले स्वतन्त्र रूपमा व्यापार सञ्चालन गरे। पछि मित्तलले लन्डनमा आफ्नो कम्पनी स्थापित गरे। हाल मित्तल स्टिल कम्पनीले उत्पादन गरेका स्टिल रोमानिया, बोस्निया हर्जगोभिना, दक्षिण अफ्रिका, अमेरिका आदि देशमा प्रसिद्ध छन्।

### सेल्डन एडेल्सन

सेल्डन एडेल्सन सन् १९३३ को अगस्ट १ का दिन अमेरिकाको लस भेगासमा जन्मिएका हुन्। उनी लस भेगास स्यान्ड कर्पोरेसनका अध्यक्ष हुन्। एडेल्सनको कम्पनीले क्यासिनो रिसोर्ट तथा स्यान्ड एक्स्पो एन्ड कन्भेन्सन सेन्टर सञ्चालन गरेको छ। सन् २००४ को डिसेम्बरमा कम्पनीको १० प्रतिशत शेयर सर्वसाधारणलाई वितरण गरिएको थियो। त्यसपछि यो कम्पनी अघि बढ्न थालेको हो। एडेल्सनले न्यूयोर्कको सिटी कलेजमा अध्ययन गरेका थिए, तर उनले अध्ययन पूरा गरेनन्। एडेल्सनको कुल सम्पत्ति २६ दसमलव ५ अरब डलर छ। उनी अहिले अमेरिकाको तेस्रो धनी मानिन्छन्। गत वर्ष उनी संसारका धनीको सूचीमा पहिलो दसौं नम्बरमा थिएनन्। यो वर्ष मात्र उनी यो सूचीमा उक्लिएका हुन्।

### बर्नार्ड अर्नाउल्ट

सन् १९४९ मा जन्मिएका बर्नार्ड अर्नाउल्ट फ्रेन्च व्यापारी हुन्। उनी विश्वका सातौं धनी व्यक्ति हुन्। बर्नार्डको कुल सम्पत्ति २६ अरब डलर बराबर छ। उनले इन्जिनियरिङमा डिग्री हासिल गरेका छन्। बर्नार्डको एलभिएमएच तथा क्रिश्चियन डायोर नामक कम्पनी छ र ती कम्पनीले विभिन्न व्यापारिक क्रियाकलापहरू गर्छन्। उनले व्यापारबाटै सबै सम्पत्ति हासिल गरेका हुन्। बर्नार्डकी छोरी डेल्फिन अर्नाउल्ट पनि यी कम्पनीहरूमा सक्रिय छिन्।

### अमान्सिओ ओर्टेगा

अमान्सिओ ओर्टेगा स्पेनिस व्यापारी हुन्। उनको जन्म सन् १९३६ को मार्च २८ मा भएको हो। ओर्टेगा स्पेनका सबैभन्दा धनी र विश्वका धनीको आठौं सूचीमा छन्। उनको सम्पत्ति २४ अरब डलर छ। ओर्टेगा खासगरी फेसन व्यवसायी हुन्। उनी त्यहाँको प्रसिद्ध इन्डिटेक्स ग्रुपको संस्थापक तथा अध्यक्ष हुन्। यो ग्रुपको स्पेनका विभिन्न सहरमा फरक-फरक व्यवसाय छ। १४ हजारभन्दा बढी कर्मचारीले यो समूहका कम्पनीमा रोजगारी पाएका छन्।

### लि का सिङ

चिनियाँ मूलका व्यापारी लि का सिङ सन् १९२८ मा चीनको ग्वाङडोङ प्रान्तमा जन्मिएका थिए। सन् १९४० मा उनको परिवार हङकङमा बसाइँ सरेको थियो। लि धनीहरूको सूचीमा नवौं नम्बरमा छन्। उनको कुल सम्पत्ति २३ अरब डलर बराबर छ। हाल उनी हचसन ह्याम्पा लिमिटेड तथा हङकङस्थित चेङ कोङ होल्डिङ नामक कम्पनीका अध्यक्ष छन्। लिको कम्पनीले विद्युत् तथा दूरसञ्चारसम्बन्धी कारोबार गर्छ। त्यसबाहेक रियल स्टेटदेखि लिएर इन्टरनेटसम्मको व्यापारमा पनि यी कम्पनीहरू क्रियाशील छन्। यी कम्पनीका ५४ देशमा शाखा छन् र २ लाख २० हजार मानिसले यसमा रोजगार पाएका छन्। धनी भएर पनि लि सामान्य पोसाक मात्र लगाउँछन्। उनको जीवनशैली पनि सामान्य छ। लिले समाजसेवाका क्षेत्रमा पनि लगानी गरेका छन्। देशका विभिन्न विश्वविद्यालयदेखि लिएर भूकम्पपीडितका लागिसमेत उनले सहयोग गरेका छन्।

### डेभिड थम्प्सन र परिवार

थम्सन क्यानेडियन नागरिक हुन्। उनी सफल व्यापारीका साथै कलाकौशलका सौखिन मानिन्छन्। उनको कुल सम्पत्ति २२ अरब डलर छ र उनी विश्वका दसौं धनी व्यक्ति हुन्। गत वर्ष यो परिवार सूचीको नवौं स्थानमा थियो। डेभिड सन् १९२३ मा ओन्टारियोमा जन्मिएका थिए। उनको बुवा रोय थम्सनले थम्सन कर्पोरेसनको स्थापना गरेका थिए। हाल संसारका ४६ देशमा यो कम्पनीका शाखा छन् र यसले ३९ हजार मानिसलाई रोजगारी उपलब्ध गराएको छ। सुरुमा यो कम्पनी एउटा अखबार कम्पनीका रूपमा प्रसिद्ध थियो, तर पछि गएर यसले विद्युतीय उत्पादन र वितरणका रूपमा ख्याति कमाउँदै गयो। हाल यो कम्पनीले रूपर्ट मर्डोकको न्युज कर्पोरेसनलगायत संसारका प्रसिद्ध विद्युतीय सञ्चारमाध्यमहरूमा समाचार बिक्री गर्ने काम गर्छ। यसका साथै संसारका विभिन्न राष्ट्रमा यसले आफैं पनि अखबारलगायत अन्य विद्युतीय सञ्चारमाध्यमहरू सञ्चालन गरिरहेको छ। सन् २००५ मा फोर्ब्सको सूचीमा केनेथ थम्सनको स्थान १५ औं नम्बरमा थियो। एक वर्षपछि उनी छैटौं स्थानमाथि उक्लेर नवौं स्थानमा आइपुगे, तर दुई वर्षअघि केनेथको मृत्यु भएपछि डेभिड त्यो सम्पत्तिको हकदार बनेका हुन्।

## विश्वबाट बिदा भएका व्यक्तित्व



### बोरिस येल्तसिन

रूसका भूतपूर्व राष्ट्रपति बोरिस येल्तसिनको अप्रिल २३ का दिन हृदयाघातका कारण मृत्यु भयो। उनी ७६ वर्षका थिए। सन् १९९२ मा सोभियत संघ विघटन हुनुमा उनको महत्त्वपूर्ण हात थियो। कम्युनिस्ट राजनीतिमा प्रवेश गरेर भ्रष्टाचारविरोधीका रूपमा छवि बनाएका येल्तसिनपछि स्वयं नै कम्युनिस्ट शासन पतन गराउन अघि सरे। अमेरिकाको प्रतिस्पर्धीका रूपमा रहेको सोभियत संघ उनकै प्रयासमा टुक्रिएर १५ भागमा विभाजित भयो। पछि उनी सोभियत संघको सबैभन्दा ठूलो टुक्रा रूसको राष्ट्रपति बने, तर उनको कार्यकालमा त्यहाँको अर्थतन्त्र एकदमै गएगुज्रिएको अवस्थामा पुग्यो। उनले सन् १९९९ को डिसेम्बर २३ मा राजीनामा दिए। येल्तसिनलाई अति महत्त्वाकांक्षी र शक्ति चाहने मानिसका रूपमा पनि हेरिन्थ्यो।

### कुर्त वाइल्डहाइम

संयुक्त राष्ट्रसंघका पूर्व महासचिव कुर्त वाइल्डहाइमको पनि हृदयाघातका कारण जून १४ मा मृत्यु भयो। उनी सन् १९७२ जनवरी १ देखि १९८२ जनवरी १ सम्म संयुक्त राष्ट्रसंघका महासचिव थिए। उनले आफ्नो कार्यकालमा राष्ट्रसंघको सुधारका क्षेत्रमा महत्त्वपूर्ण भूमिका निर्वाह गरेका थिए। वाइल्डहाइम सन् १९८६ देखि १९९२ सम्म अष्ट्रियाका राष्ट्रपति पनि थिए। उनी अस्ट्रियाको भियनामा जन्मिएका थिए।

### अन्ना निकोल स्मिथ

प्रसिद्ध अभिनेत्री अन्ना निकोल स्मिथ फेब्रुअरी ८ का दिन मृत अवस्थामा फेला परिन्, तर उनको मृत्युको कारण पत्ता लाग्न सकेन। ३९ वर्षीय अन्नाले मर्नुअघि अत्यधिक ड्रग सेवन गरेकी थिइन्। अन्ना अमेरिकाकी प्रसिद्ध मोडल तथा टेलिभिजनकर्मी थिइन्। उनले ६३ वर्षीय अरबपति जे होवार्ड मार्सलसँग विवाह गरेकी थिइन्, तर उनीहरूबीच सम्पत्तिका सम्बन्धमा विवाद थियो। सम्पत्तिकै लागि उनले त्यति धेरै उमेरको पुरुषसँग विवाह गरेको आरोप पनि लगाइन्थ्यो।

### इयान रिचार्डसन्

फेब्रुअरी ९ का दिन प्रसिद्ध हलिउड कलाकार इयान रिचार्डसनको मृत्यु भयो। सन् १९३४ मा स्कटल्यान्डमा जन्मिएका रिचार्डसन शेक्सपियरका नाटकहरू खेल्ने राम्रा कलाकार मानिन्छन्। सन् १९८९ मा उनी कमान्डर अफ द अर्डर अफ द ब्रिटिस एम्पायरको सम्मानले विभूषित भएका थिए।

### लेडी बर्ड जोन्सन

अमेरिकी पूर्व प्रथम महिला बर्ड जोन्सनको जुलाई ११ का दिन मृत्यु भयो। उनी ९४ वर्षकी थिइन्। जोन्सन पूर्व अमेरिकी राष्ट्रपति लिन्डन बी जोन्सनकी श्रीमती हुन्। गार्डेनिङ प्रमोटर र हाइवे ब्युटीफायरका रूपमा परिचित लेडी बर्ड सन् १९६३ देखि १९६९ सम्म अमेरिकाकी प्रथम महिला थिइन्। त्यतिबेला उनले धेरै सामाजिक कार्य गरेकी थिइन्। उनले सर्वसाधारण मानिसले पाउने सबैभन्दा ठूलो पुरस्कार प्रेसिडेन्सियल मेडल अफ फ्रिडम तथा कंग्रेसनल गोल्ड मेडल प्राप्त गरेकी थिइन्। स्ट्रोककी बिरामी जोन्सनको आँखामा पनि समस्या थियो।

### मर्चेलिन बर्टान्ड

अहिलेकी चर्चित हलिउड नायिका एन्जेलिना जोलीकी आमा मर्चेलिनको जनवरी २८ का दिन निधन भयो। मर्चेलिनले सन् १९८२ को लुकिङ टु गेट आउट र सन् १९८३ को द म्यान हु लभ्ड विम्यानमा अभिनय गरेकी थिइन्। श्रीमान् नायक जोन भोइटसँग सम्बन्धविच्छेदपश्चात् जोली र उनको भाइ जेम्स हेवनलाई हुर्काउन उनको महत्त्वपूर्ण भूमिका थियो।

### क्रिस बेनोइट

व्यावसायिक कुस्तीबाज क्रिस बेनोइट जून २५ का दिन झुन्डिएको अवस्थामा भेटिए। त्यसभन्दा अघि उनले ४३ वर्षीय श्रीमती न्यान्सी तथा ७ वर्षीय छोरो डेनियलको पनि हत्या गरे, तर उनले कुनै सुसाइड नोट लेखेनन्। त्यसैले के कारणले उनले उक्त घटना घटाए भन्ने रहस्य थाहा हुन सकेन। कतिपय पत्रिकाले स्टेरोइड सेवनका कारण यस्तो भएको शंका गरे, तर स्वास्थ्य परीक्षणबाट उक्त कुरा प्रमाणित भएन। बरु टेस्टोस्टेरोनको सेवनको असरका कारण उनले यस्तो व्यवहार देखाएका हुन् कि भन्ने अनुमान गर्न सकियो।

### योन मिनागावा

गिनिज बुक अफ वर्ल्ड रेकर्ड्सद्वारा संसारमै सबैभन्दा बढी उमेरकी महिला घोषणा गरिएकी जापानी महिला योन मिनागावाको अगस्ट १४ मा मृत्यु भयो। उनी १ सय १४ वर्ष २ सय २१ दिनको उमेरमा मरिन्। अहिले मिनागावाका एक मात्र सन्तान जीवित छन् भने उनका १२ नातिनातिना तथा २ पनाति-पनातिनी छन्। मिनागावाको जन्म सन् १८९३ को अप्रिल २० मा भएको थियो।

# ठूला प्राकृतिक दुर्घटना



### बंगलादेशमा आँधी

नोभेम्बर २५ मा बंगलादेशको दक्षिणी भागमा आएको सिद्र नामक समुद्री आँधीका कारण १ हजारभन्दा बढी मानिसको मृत्यु भयो। प्रतिघन्टा १ सय माइलको गतिमा आएको उक्त आँधीले विद्युत् लाइन एवं रूखहरूसमेत उडाएको थियो। उक्त आँधीका कारण ५ लाखभन्दा बढी मानिस घरबारविहीन भए।

### दक्षिण-पश्चिम अमेरिकामा सुख्खा

अमेरिकाको जर्जिया, फ्लोरिडा तथा अलाबामा लगायतका राज्यमा आधुनिक अमेरिकी इतिहासमै सबैभन्दा ठूलो सुख्खाका कारण ठूलो मानवीय समस्या देखा पर्‍यो। सुख्खाका कारण पानीका मुहानहरू समेत सुके। यसको असर ३ महिनाभन्दा बढी रहयो। त्यसले आममानिसको दैनिक जीवनमा पनि गम्भीर असर पुर्‍यायो।

### मेक्सिकोमा बाढी

अक्टोबरको अन्त्यदेखि नोभेम्बरसम्म मेक्सिकोको तबास्को तथा चियापास क्षेत्रमा आएको बाढीका कारण धेरै जमिन पानीले भरियो। तबास्कोको ८० प्रतिशतभन्दा बढी जमिनमा पानी थियो। १० लाखभन्दा बढी नागरिक उक्त बाढीबाट प्रभावित भए। मेक्सिकोका राष्ट्रपति फेलिप काल्डेरोनले त्यसलाई मेक्सिकोको इतिहासमै सबैभन्दा खराब प्राकृतिक दुर्घटनाको संज्ञा दिए।

### फेलिक्स आँधी

सेप्टेम्बर ४ मा निकारागुवामा प्रतिघन्टा १ सय ६० माइलको गतिमा फेलिक्स नामक आँधी आयो। उक्त आँधीले होन्डुरस र क्यारेबियन टापुहरूमा समेत असर पुर्‍यायो। उक्त आँधीका कारण १ सयभन्दा बढी मानिसको मृत्यु भयो।

### इन्डोनेसियाको माटोको ज्वालामुखी

इन्डोनेसियाको सुराबायामा रहेको प्राकृतिक ग्याँस निकाल्न खनिएको खाल्डोका कारण माटो निस्कँदै जान थाल्यो। अक्टोबरदेखि यसको गति बढ्दै गएर प्रतिदिन १ लाख ७० हजार क्युबिक फिटको गतिमा माटो निस्कन थाल्यो। त्यसबाट छिमेकी गाउँ र कारखानाका १० हजारभन्दा बढी मानिस घरबारविहीन भए।

### दक्षिण एसियामा बाढी

दक्षिण एसियाका भारत, नेपाल, भुटान तथा बंगलादेशमा यो वर्षको जुलाई तथा अगस्तमा असाधारण वर्षा भयो। अगस्तको मध्यसम्ममा यो क्षेत्रका ३ करोडभन्दा बढी मानिस विस्थापित भए एवं २ हजारभन्दा बढीले ज्यान गुमाए। १ अर्ब २० करोड डलरभन्दा बढीको क्षति भयो।

### उत्तर कोरियामा बाढी


अगस्तमा उत्तर कोरियामा आएको बाढीबाट ४ सयभन्दा बढी मानिस मरे। विश्व खाद्य कार्यक्रमले ४ लाख ५० हजार टनभन्दा बढी खाद्यान्न उत्पादनमा असर पुगेको बतायो।

### पेरुमा भूकम्प

अगस्ट १८ मा दक्षिण अमेरिकी राष्ट्र पेरूमा ८ रेक्टर स्केलको भूकम्प गयो।

बाँकी पृष्ठ १८ मा

# मानव निर्मित संरचनाका कारण भएको दुर्घटना



### विश्वव्यापी उष्णता

वर्षौंदेखि विश्वको तापक्रम बढिरहेको छ तर यो वर्ष यसको असर बढी नै भएको अनुभव गरियो। उत्तरी ध्रुव र ग्रिनल्यान्डलगायत संसारका धेरै स्थानहरूमा हिउँ पग्लिए। बाढीपहिरोका कारण बंगलादेश लगायतका दक्षिण एसियाली राष्ट्र र शक्तिशाली आँधीका कारण मध्यअमेरिकी राष्ट्रहरू प्रभावित भए। स्थिति यथावत् रहे तापक्रम वृद्धिका कारण हुने यस प्रकारको असर आगामी दिनमा अझ बढ्दै जाने चेतावनी पनि वैज्ञानिकहरूले दिएका छन्।

### ब्राजिलमा जहाज दुर्घटना

जुलाई १७ का दिन ब्राजिलको इतिहासमै सबैभन्दा ठूलो हवाई दुर्घटना भयो। टीएम एयरलाइन्सको ए ३२० एयरबस कंगनहास विमानस्थलमा ओर्लंदै थियो तर साँघुरो हवाई मैदान र पानी परेर चिप्लो समेत भएका कारण जहाज नियन्त्रणमा आउन सकेन। यसो हुँदा जहाज चिप्लिएर मैदान छाडी सडकको ग्याँस स्टेसन र घरहरूमा ठोक्किन पुग्यो। यसबाट जहाजमा रहेका सबै १ सय ८६ जना तथा मैदानमा रहेका अन्य १३ जनाको ज्यान गयो।

### दक्षिणी क्यालिफोर्नियाको आगलागी

अक्टोबर २० देखि नोभेम्बर ६ सम्म अमेरिकाको दक्षिणी क्यालिफोर्नियाका विभिन्न १८ स्थानमा आगलागी भयो। त्यसबाट १० जना मानिसको मृत्यु हुनुका साथै कमसेकम ५ लाखभन्दा बढी मानिस घरबारविहीन भए। विद्युत् सट भएका कारण उक्त आगलागी भएको थियो।

### याङ्सी नदीका डल्फिन लोप हुँदै

चिनियाँहरू डल्फिनलाई याङ्सी नदीकी देवीका रूपमा मान्छन्। पहिले डल्फिन प्रसस्तै थिए तर यो वर्षको अगस्टमा अचानक यी डल्फिन लोप हुने अवस्थामा पुगेको समाचार आयो। यही स्थिति कायम रहे आगामी ५० वर्षमा ती डल्फिनहरू समाप्त हुनेछन्। नदीमा चलाइने डुंगाको हल्ला र ड्याम निर्माणका साथै जाल, डाइनामाइट तथा इलेक्ट्रिक झट्काका कारण यस्तो संकट उत्पन्न भएको निष्कर्ष निकालिएको छ। यसबाट वातावरणीय इकोसिष्टम तथा करोडौं मानिसहरू समेत प्रत्यक्ष प्रभावित हुनेछन्।

### मिनियापोलिसको पुल भास्सियो

यो वर्ष पुल भत्किंदा चीनमा ६४ तथा गिनीमा ७० जना मानिस मरे। अगस्त १ मा अमेरिकाको मिनियापोलिसस्थित आई ३५ नामक पुल भत्कंदा ९ जना मानिस मरे तर यो समाचारले संसारभर तहल्का मच्चायो। निर्माणका क्रममा आवश्यक संरचना निर्माणमा गरिएको लापरवाहीका कारण उक्त पुल भत्किएको थियो।

बाँकी पृष्ठ १८ मा

# प्रविधिका क्षेत्रमा भएका आविष्कारहरू



### आइफोन

एप्पल कम्पनीको आइफोन एक प्रकारको इन्टरनेटसहितको मोबाइल भएको मल्टिमिडिया हो। यसमा भर्चुअल किबोर्ड र बटन भएको मल्टिटच स्क्रिन हुन्छ। यसमा क्यामेरा फोन तथा पोर्टेबल मिडियो प्लेयर पनि हुन्छ। टेक्स्ट म्यासेजिङ, भिजुअल भ्वाइस मेल बाहेक यसमा इमेल, वेब ब्राउजिङ तथा लोकल वाइफाइ प्रविधिसमेतको सुविधा उपभोग गर्न सकिन्छ। आइफोन जून महिनाको अन्त्यतिर अमेरिकी बजारमा आएको थियो। त्यसपछि बेलायत, जर्मनी र फ्रान्समा पनि यसको बिक्री प्रारम्भ भएको छ। चीन र अस्ट्रेलियामा यो फोन सन् २००८ मात्र पुग्ने बताइएको छ।

### निकोन कुलपिक्स एस ५१ सी

८ मेगापिक्सेलको निकोन कुलपिक्स एस ५१ सी क्यामेरामा बिल्ट इन वायरलेस क्षमता भएका कारण त्यसमा भएको इमेजलाई इमेल गरेर कुनै पनि व्यक्तिलाई पठाउन सकिन्छ। यो क्यामेराबाट सीधै फ्लीकर एकाउन्टमा तथा निकोनको आफ्नै फोटो बैंकमा पनि पठाउन सकिन्छ। यसमा थ्री एक्सको जुम तथा ३ इन्चको एलसीडी स्क्रिनसमेत छ।

### नेटगियर एसपीएच २०० डब्ल्यु वाइफाइ फोन

यो कर्डलेस वाइफाइ फोनमा स्काइप सफ्टवेयर प्रयोग गरिएको छ। यसमा पहिले नै एकाउन्ट एक्टिभ गरिएको हुन्छ। यसकारण तुरुन्तै इन्टरनेट कल गर्न सकिन्छ। यदि स्काइपको एकाउन्ट कहिल्यै पनि प्रयोग गरिएको छैन भने पनि फोनको किप्याडबाट तुरुन्तै एकाउन्ट एक्टिभ गर्न सकिन्छ। उक्त एकाउन्ट सुरुको १० मिनेट निःशुल्क प्रयोग गर्न सकिन्छ। त्यसपछि आफ्नो आवश्यकताअनुसार सेवा उपभोग गर्न सकिन्छ। टी मोबाइल रहेका पब्लिक हटस्पटहरूमा पनि यो फोन प्रयोग गर्न सकिन्छ।

### पाम सेन्ट्रो

कम बजेटमै स्मार्ट फोनमा भएका सुविधा उपभोग गर्न हाजिर भएको छ– पाम सेन्ट्रो। हल्का र चम्किलो यो डिभाइसमा वेब सर्फिङ, इमेलिङ, इन्स्ट्यान्ट म्यासेजिङ तथा टेक्स्ट म्यासेजिङ आदि सुविधा उपभोग गर्न सकिन्छ। यसमा १ दशमलव ३ मेगापिक्सेलको क्यामेरा समेत छ। टच स्क्रिनसमेत भएका कारण यो स्टाइलिस पनि छ। त्यसैगरी यसमा गुगल म्यापको मोबाइल भर्सन पनि प्रिलोडेड रूपमै उपलब्ध छ।

### सोनी ह्यान्डिक्याम एचडीआर सीएक्स-७

फ्ल्यास मेमोरी कार्डसहितको हाइडिफिनिसन फुटेज दिन सक्ने सोनी ह्यान्डिक्याम हल्का तथा आकर्षक छ। २ दशमलव ७ इन्चको स्क्रिनका कारण अर्कातिरको इमेज स्पष्ट र आकर्षक देखिन्छ। यो ह्यान्डिक्याममा भएको एचडीएमआई पोर्टको सहायताबाट क्यामेरालाई एचडी टेलिभिजनमा जोड्न सकिन्छ। यसबाट ह्यान्डिक्याममा भएको सामग्रीलाई टेलिभिजनको स्क्रिनमा समेत जोडेर हेर्न सकिन्छ।

### सामसुङ पी टु

स्लिम र आकर्षक बनावटको सामसुङ पी टु मोबाइल सेटमा विभिन्न प्रकारका म्युजिक फाइल फर्म्याट पाउन सकिन्छ। एमपीथ्री, डब्ल्युएमएसहितका फिचर भएको यो सेटमा विभिन्न म्युजिक कम्पनीका म्युजिकहरू चाहे बमोजिम पाउन सकिन्छ। यसमा भएको ३ इन्चको स्क्रिनमा तस्बिर तथा भिडीयोहरू हेर्न सकिन्छ। डिभिडीको गुणस्तर प्रतिसेकेन्ड ३० फ्रेमको दरले प्राप्त हुने यो मोबाइलले ब्लुटुथ हेडसेट र स्पिकरसँग पनि काम गर्छ।

### तोसिबा पोर्टेज आर ५००-एस ५००४

नोटबुक आकारको पातलो र हल्का ल्यापटप धेरैका लागि ड्रिम मेसिन बनेको छ। यो इन्टेल कोर टु डुओ प्रोससरद्वारा सञ्चालित हुन्छ। यसमा २ जीबीको र्‍याम, डिभिडी बर्नर, ग्राफिक कार्ड तथा ब्लुटुथ एवं वाइफाइ दुवै प्रविधि भएको बिल्ट इन वायरलेस क्षमता पनि छ। यसमा १२ दशमलव १ इन्चको स्क्रिन छ। सोलिड स्टेट हार्ड ड्राइभका कारण जुनसुकै स्थानमा खसे पनि यो ल्यापटप खराब हुँदैन।

### फ्लाइटेक ड्रागनफ्लाइ

वोवुई कम्पनीले निर्माण गरेको यो उपकरणको प्रयोगबाट हवाईजहाज, हेलिकोप्टर, ग्लाइडर आदि सबैमा पाइने सुविधा उपभोग गर्न सकिन्छ। खासगरी बालबालिकाका लागि उपयोगी भएका कारण यसलाई टोय अर्निथोप्टर पनि भनिन्छ। यसको वजन १ ओन्स छ भने पखेटाको लम्बाइ १६ इन्च छ। टु च्यानलको रेडियो रिमोटले यसलाई नियन्त्रण गर्न सकिन्छ। २० मिनेटसम्म रिचार्ज गरेपछि यसलाई ६ मिनेटसम्म आकाशमा उडाउन सकिन्छ।

बाँकी पृष्ठ १८ मा

# सन् २००७ को वैज्ञानिक उपलब्धिहरू

### कृत्रिम भल्भको विकास



ब्रिटिस वैज्ञानिकहरूले मुटुरोगीहरूका लागि प्राकृतिक रूपमै जस्तो काम गर्ने मुटुको कृत्रिम भल्भको विकास गरे। लन्डनस्थित इम्पेरल कलेजका डा. मागदी याकुबको नेतृत्वमा रहेका वैज्ञानिकहरूको समूहले दस वर्ष लगाएर गरेको अनुसन्धानपछि हड्डीभित्रका रक्तमासीमा रहेको स्टिम सेल प्रयोग गरी मुटुको कृत्रिम भल्भको विकास सम्भव बनाएको थियो। त्यसपछि स्टिम सेलभित्र रहेको टिस्युको प्रयोग गरी अरू मानवअङ्गहरूको पनि विकास गर्न सकिने बताइएको छ, तर कृत्रिम मुटुको भल्भको प्रत्यारोपण कार्य आगामी ३ देखि ५ वर्षभित्र मात्र सम्भव हुन सक्ने वैज्ञानिकहरूले बताएका छन्।

### छालाका कोषहरूको नयाँ मापन विधि

जापानको क्योटो विश्वविद्यालयका जीवशास्त्री सिनाया यामानाका र अमेरिकाको विस्कोन्सिन विश्वविद्यालयका जेम्स थोम्सनले छालाका कोषहरूको नयाँ ढाचा विकसित गरेका छन्। यो ठ्याक्कै मांसपेशीको अनुवंशको क्लोनसँग मिल्दोजुल्दो भएको वैज्ञानिकहरूले उल्लेख गरेका छन्। यो विधिबाट वैज्ञानिकहरूले अनुवंशको विनाश नगरी स्टिम सेलको पनि विकास गर्न सकिने बताएका छन्। छालाका कोषहरूको अणुवंशको पुनः मापन गर्ने विधिको अनुसन्धान बाँदरमा गरिएको छ भने छिट्टै मानिसमा यो अनुसन्धान सुरु गरिने बताइन्छ।

### डिएनएमा बसेका क्रोमोजोमहरू छुट्याउन सकिने

वैज्ञानिकहरू मानिसमा आमा र बाबुबाट कसरी कुन-कुन अणुवंश प्रतिस्थापित भएका छन् भन्ने कुरा स्पष्ट छुट्याउन सफल भएका छन्। अमेरिकाको मेरिल्यान्डस्थित जे क्रेग भेनटर इन्स्टिच्युटका मेभरिक जे तथा अर्को एक इन्स्टिच्युटका वैज्ञानिकहरूले मिलेर मानव कोषमा वंश परम्पराको क्रमबद्धता अथवा डीएनएमा आमाबाबुबाट आएका कुन-कुन क्रोमोजोम कसरी मिलेर बसेका हुन्छन् भन्ने स्पष्ट तस्बिर पत्ता लगाएका छन्। यो उपलब्धिले जिनहरूको विविधीकरण र औषधी तथा उपचारलाई व्यैयक्तीकरण गर्ने समयको सुरुवात भएको पनि वैज्ञानिकहरूले दावी गरेका छन्।

### तारविनानै विद्युत् प्रवाह

अमेरिकाको म्यासाचुसेट्स इन्स्टिच्युट अफ टेक्नोलोजी (एमआइटी) का वैज्ञानिकहरूले तारविना नै विद्युत् प्रवाह गर्न सकिने वाई-ट्राइसिटी प्रविधिको विकास गरे। परीक्षणका क्रममा वैज्ञानिकहरूले ६० वाटको वल्भलाई विनातार दुई मिटर टाढाबाट बालेका थिए। विनातार बिजुली बाल्न र प्रवाह गर्न सकिने वाई-ट्राईसिटी प्रविधिमा दुईवटा क्वाइल प्रयोगमा ल्याइन्छ। एउटा बिजुलीको स्रोतका साथ र दोस्रो क्वाइल त्यो उपकरणसाथ राखिन्छ, जसलाई विद्युत्को आवश्यकता पर्छ। जब बिजुलीको स्रोतका साथ रहेको क्वाइलले चुम्बकीय तरङ्ग पठाउँछ तब अर्को ठाउँमा रहेको क्वाइल त्यो तरङ्गबाट कम्पित हुन थाल्छ। दुवै क्वाइलको कम्पन एक-आपसमा ठोक्किएपछि बिजुली प्रवाह हुन थाल्छ। यो सिद्धान्तलाई म्याग्नेटिक रिजोनेटर्स पनि भनिएको छ।

### कृत्रिम प्लास्टिक रगत

बेलायतका वैज्ञानिकहरूले कृत्रिम रगतको विकास गरे। सेफिल्ड विश्वविद्यालयका रसायनशास्त्र विभागका अनुसन्धानकर्ता डा. ल्यान्स टोइम्यानको नेतृत्वमा रहेका वैज्ञानिकहरूको एक समूहले उक्त कृत्रिम रगतको विकास गरेको हो। कम खर्चमै तयार पार्न सकिने कृत्रिम रगतबाट युद्धक्षेत्र तथा आपत्कालीन अवस्थाका बिरामीलाई तत्कालै फाइदा पुऱ्याउन सकिनेछ। वैज्ञानिकहरूका अनुसार प्लास्टिकका कणबाट निर्माण गरिएको कृत्रिम रगतको भित्री भागमा रहेको कोषमा हेमोग्लोविनजस्तो आइरन अणु भेटिन्छ, जसले शरीरको माध्यमबाट अक्सिजन लिन्छ र प्राकृतिक रगतझैं मानिसको जीवन बचाउने काम गर्छ।

### फेला परे नयाँ ग्रहहरू

अमेरिकी अन्तरिक्ष संस्था (नासा) का वैज्ञानिकहरूले सौर्यपरिवारभित्र पृथ्वीजस्तै मिल्दोजुल्दो अर्को ग्रह पत्ता लगाए। नासाको स्पिट्जर स्पेस टेलिस्कोपबाट देखिएको उक्त ग्रह ४ सय २४ प्रकाश वर्ष दूरीमा अवस्थित छ। उक्त ग्रह प्रणालीलाई उनीहरूले एचडी १११३७६६ नाम दिएका छन्। उक्त ग्रहमा पृथ्वीको जस्तै चट्टान र पानी हुन सक्ने सम्भावना अत्यधिक रहेको बताइएको छ। यसैगरी, खगोलशास्त्रीहरूले हाम्रो सौर्यमण्डलभन्दा बाहिर अर्को सूर्य र ग्रहहरूको अध्ययन गर्ने क्रममा हाम्रो पृथ्वीजस्तै तामक्रम रहेको सुपर अर्थ नामक नयाँ पृथ्वी भएको तथ्य फेला पारेको दाबी गरे। उक्त सुपर अर्थ हाम्रो पृथ्वीभन्दा २० प्रकाश वर्ष टाढा पर्छ। युरोपेली अन्तरिक्ष एजेन्सीले पृथ्वीबाहिर जीवको अस्तित्वको खोजीका क्रममा उक्त नयाँ सुपर अर्थ पत्ता लगाएको छ। सुपर अर्थको सूर्यलाई ५८१ ग्लिज नाम दिइएको छ। ५८१ ग्लिज हाम्रो सूर्यभन्दा मधुरो र चिसो छ। त्यसैले हाम्रो सूर्य र पृथ्वीको दूरीभन्दा ५८१ ग्लिज र सुपर अर्थको दूरी १४ गुणा कम छ, तर पनि सुपर अर्थको तापक्रम शून्यदेखि ४० डिग्री सेन्टीग्रेटसम्म मात्र रहेको अनुमान छ। हाम्रो पृथ्वीभन्दा ५ गुणा ठूलो सुपर अर्थ पृथ्वीले वर्ष दिन लगाएर घुम्ने कक्ष १३ दिनमै घुम्छ।

यसैगरी अन्तरिक्ष खगोल वैज्ञानिकहरूले आजसम्मकै सबैभन्दा ठूलो ग्रहको खोजी गरेको जानकारी दिए। बृहस्पतिको तुलनामा ७० प्रतिशत ठूलो उक्त विशाल ग्रह आफ्नो अभिभावक तारालाई घुमिरहेको अवस्थामा पत्ता लागेको थियो। नयाँ ग्रहलाई टीआरई एस-४ नाम दिइएको छ। उक्त ग्रह पृथ्वीबाट करिब १ हजार ४ सय ३५ प्रकाशवर्ष टाढा छ। उक्त ग्रहले आफ्नो अभिभावक तारालाई करिब ७० लाख किलोमिटरको दूरीमा परिक्रमा गर्छ।

### सुपरनोभा विस्फोटन

मे महिनामा अन्तरिक्षमा एउटा ठूलो घटना भएको वैज्ञानिकहरूले पत्ता लगाए। सन् २००६ मै उक्त घटनाका सम्बन्धमा टेक्सास विश्वविद्यालयका एक विद्यार्थीले केही तथ्य पत्ता लगाए पनि सन् २००७ को मे महिनामा मात्र उक्त घटनाका सम्बन्धमा विस्तृत विवरण प्रकाशित गरियो। विवरणअनुसार वैज्ञानिकहरूले हाम्रो सूर्यभन्दा लगभग २ सय गुणा ठूलो एउटा तारा आकाशगंगाको कालो छिद्रमा विस्फोट भै विलय भएको बताए। एसएन-२००६गी नामक तारा २ अर्ब ४० करोड प्रकाशवर्ष टाढा आकाशगंगामा रहेको कालो छिद्रमा विस्फोट भै विलय भएको थियो। उक्त विस्फोटनलाई वैज्ञानिकहरूले सुपरनोभा विस्फोटन पनि भन्छन्।

### सबैभन्दा ठूलो कालो छिद्र

अमेरिकी खगोलविद्हरूले अन्तरिक्षमा हालसम्मकै सबैभन्दा ठूलो कालो छिद्र (ब्ल्याक होल) पत्ता लगाएका छन्। पृथ्वीबाट झन्डै १८ लाख प्रकाशवर्ष टाढा रहेको क्यासिपिया नामक तारामण्डलमा उक्त कालो छिद्र भेटिएको हो। अमेरिकी अन्तरिक्ष अनुसन्धान केन्द्र नासाका अनुसार कालो छिद्रको तौल सूर्यको तुलनामा २४ देखि ३३ गुणा बढी हुन सक्ने अनुमान गरिएको छ। यसअघि नासाले एन ३३ ग्यालेक्सीमा एउटा कालो छिद्र पत्ता लगाएको थियो, त्यसको तौल सूर्यभन्दा १६ गुणा बढी छ।

### मंगल अभियान

रूसले अन्तरिक्ष युगको सुरुवात गरेको ५० औं वार्षिक उत्सवका अवसरमा मंगलग्रहमा मानव पठाउने कार्यक्रम सार्वजनिक गऱ्यो। रूसले १९५७ मा पहिलो मानवनिर्मित उपग्रह 'स्पुतनिक' प्रक्षेपण गरेको थियो। यो प्रक्षेपणलाई इतिहासकै महत्त्वपूर्ण घटना मानिएको थियो। यसै क्रममा अमेरिकाले चन्द्रमामा मानव पठाएको थियो। रूसले आगामी दशकमा आफ्नो अन्तरिक्ष कार्यक्रममा १२ अर्ब अमेरिकी डलर खर्चिने योजना बनाएको छ। अन्तरिक्ष विशेषज्ञका अनुसार २०२० सम्म यो योजना साकार हुन सक्छ।

यसैगरी, युरोपको स्पेस एजेन्सी (इसा) ले अन्तरिक्ष अन्वेषणको क्षेत्रमा अहिलेसम्मको सबभन्दा महत्त्वपूर्ण, सबैभन्दा नयाँ अनुसन्धान अर्थात् मंगल ग्रहको यात्रासम्बन्धी विवरणहरू जून १९ मा सार्वजनिक गऱ्यो। इसाले ६ जना अन्तरिक्षयात्रीलाई मंगलग्रहमा पठाउनेछ। तीमध्ये ४ जना रूसी तथा २ जना अन्य युरोपेली देशका हुनेछन्। ५ करोड ६० लाख किलोमिटर दूरीको मंगलको यात्रामा जाने अन्तरिक्ष यानले पृथ्वीबाट हिंडेपछि २ सय ५० दिनमा अन्तरिक्षयात्रीलाई मंगल ग्रह पुऱ्याउनेछ भने फर्कन २ सय ४० दिन लगाउनेछ। निर्धारित कार्यक्रमअनुसार अन्तरिक्षयात्रीहरू ३० दिन मंगलग्रहमा बस्नेछन्। मंगलग्रहमा जाने अन्तरिक्षयात्रीको पहिलो चरणको प्रशिक्षण सन् २००८ को मध्यबाट सुरु हुनेछ। प्रशिक्षण सन् २००९ को प्रारम्भसम्म सकिनेछ।

### चन्द्रमामा ऊर्जाको ठूलो स्रोत

वैज्ञानिकहरूले चन्द्रमामा ऊर्जाको ठूलो स्रोत रहेको प्रतिवेदन अक्टुबर २७ मा सार्वजनिक गरे। सन् १९५० देखि नै वैज्ञानिकहरूले हिलियम-३ आइसोटोपको परमाणु ऊर्जाको सम्भावनाका सम्बन्धमा अध्ययन गरिरहेका छन्। चन्द्रमामा हिलियम-३ १० लाखदेखि ५० लाख टनसम्म रहेको अनुमान छ। हिलियम-३ बाट परमाणु शक्ति लिने प्रक्रिया सुरु भएपछि सम्पूर्ण पृथ्वीका लागि १० हजार वर्षसम्म विद्युत् आपूर्ति गर्न सकिनेछ।

### विश्व तापमान कम गर्न बाली सम्मेलन

विश्व तापमानका सम्बन्धमा इन्डोनेसियाको बालीमा नेपाललगायत १ सय ९० वटा देशको शिखर सम्मेलन यही डिसेम्बर १४मा सुरु भै तीन दिनसम्म चल्यो। उक्त शिखर सम्मेलनले आगामी दुई वर्षभित्र सबै राष्ट्रले जलवायु परिवर्तनको असर कम गर्ने रणनीति अवलम्बन गर्ने निर्णय गरेको छ। क्योटो प्रोटोकल (सन् १९९७) अनुसार विकसित राष्ट्रहरूले सन् २०१२ सम्म वायुमण्डलमा प्रभाव पार्ने कार्बनडाइअक्साइडजस्ता ग्याँस उत्सर्जनमा ५ प्रतिशतले कमी ल्याउनुपर्नेछ। तापमान वृद्धिदर यही गतिमा रह्यो भने २१ औं शताब्दीको अन्त्यसम्म करोडौं मानिस भोकमरी, घरबारविहीन र रोगको चपेटामा पर्ने चेतावनी वैज्ञानिकहरूले दिँदै आएका छन्, तर सम्मेलन सकिएको भोलिपल्टै संयुक्त राज्य अमेरिकाले 'विकासोन्मुख ठूला राष्ट्र चीन र भारतले पनि ग्याँस उत्सर्जनमा कमी ल्याउनुपर्ने विषयमा सम्मेलनमा पर्याप्त सम्झौता नभएको' भन्दै असहमति जनायो। तापमान वृद्धिमा योगदान पुऱ्याउने तथा हरितगृहमा असर पार्ने ग्याँस उत्सर्जन गर्ने अग्रस्थानमा अमेरिका, भारत र चीन छन्।

## हजारौं प्रजाति संकटमा

विश्वका ४१ हजारभन्दा बढी जीवजन्तु र वनस्पतिका प्रजाति सन् २००७ मा संकटापन्न सूची 'रेड लिस्ट' मा परेको एक अन्तर्राष्ट्रिय संस्थाले जनाएको छ। लोपान्मुख प्रजातिहरू बचाउने अभियानमा जुटेका अन्तर्राष्ट्रिय संरक्षण संघ (आईयुसीएन) ले उक्त जानकारी दिएको हो। संघको 'रेडलिस्ट-२००७' प्रतिवेदनमा मानिसद्वारा वातावरणमा बढ्दो हस्तक्षेप तथा विपरीत परिस्थितिका कारण जीवजन्तु संकटमा पर्दै गएको उल्लेख छ।

प्रतिवेदनमा वातावरणमा भैरहेको क्षति, हावापानी परिवर्तन र संक्रमित रोगका कारण यो वर्ष ४१ हजार ४ सय १५ प्रजाति रेडलिस्टमा परेको उल्लेख छ। 'बढ्दो वातावरणीय असन्तुलन र मानवीय हस्तक्षेपका कारण पशुपन्छी र बिरुवाका लागि पृथ्वीमा ठूलो संकट सिर्जित भैरहेको छ,' आईयुसीएनले आफ्नो प्रतिवेदनमा भनेको छ, 'लोपोन्मुख प्रजातिहरूको संरक्षणमा अन्तर्राष्ट्रिय समुदायले ध्यान नदिए स्थिति भयावह हुन सक्छ।' संघका अनुसार चरम संकटमा परेका जीवहरूमा बाँदर, मृग, गिद्द र डल्फिन आदि छन्। अघिल्लो वर्ष २००६ मा खतराको सूचीमा परका जीवजन्तुको प्रजातिहरूको संख्या १६ हजार १ सय १८ थियो।

प्रतिवेदनमा भनिएको छ– 'प्रत्येक चार स्तनधारीमा एक, आठ पन्छीमा एक उभयचर (जलचर र स्थलचर) को एक तिहाइ तथा विश्वभर बोटविरुवाका ७० प्रतिशत प्रजाति खतरामा परेका छन्। जीवजन्तु र बोटबिरुवाको विनाश हुनुले परिस्थितिक पद्धतिमा असन्तुलनको खतरा बढिरहेको समेत आईयुसीएनले बताएको छ। संघका महानिर्देशक जुलिया मार्टन लेफेभरका अनुसार संकटग्रस्त जीवजन्तु र वनस्पतिको पछिल्लो तथ्यांकले प्रजातिहरूको संरक्षणका लागि उठाइएका कदम पर्याप्त नभएको पुष्टि गर्छ।

# स्वास्थ्यक्षेत्रका उपलब्धिहरू

## लिंगछेदनले एचआईभीबाट बचाउने

सन् २००६ को अन्त्यमा अमेरिकाको नेसनल हेल्थ इन्स्टिच्युटले गरेको दुईवटा क्लिनिकल परीक्षणबाट लिंगछेदन गरेका पुरुषहरूमा नाटकीय रूपमा एचआईभी नसरेको देखाएको थियो। त्यसैकारण सन् २००७ को प्रारम्भमै यसका बारेमा विस्तृत प्रतिवेदन सार्वजनिक भयो। लान्सेट म्यागजिनमा प्रकाशित उक्त प्रतिवेदनअनुसार परीक्षणमा युगान्डा र केन्याका ७ हजार ७ सय ८० पुरुष सहभागी थिए। लिंगछेदन गरेका पुरुषले महिलासँग यौनसम्पर्क गर्दा एचआईभी सर्ने सम्भावना ५१ प्रतिशत कमी भएको पाइयो। लान्सेटका सम्पादकले यो परीक्षणलाई एचआईभी नियन्त्रणका लागि नयाँ युगको प्रारम्भ भनेका छन् तर पुरुषको यो कार्यले महिलालाई एचआईभी सर्नबाट बचाउँछ कि बचाउँदैन भन्ने विषयमा भने अनुसन्धान गर्न बाँकी नै छ।

## स्तन क्यान्सरको परीक्षण

चिकित्सकहरूले महिलाको स्तन क्यान्सर परीक्षण गर्न स्तनको लिम्फ नोड निकालेपछि त्यसको नतिजा आउन कमसेकम दुई दिन पर्खनुपर्थ्यो। त्यसपछि बल्ल दोस्रो पटकको शल्यक्रियाका लागि तयार हुनुपर्थ्यो तर यो वर्ष जिन सर्च बीएलएन-एस नामक नयाँ परीक्षण प्रविधिको विकास गरिएको छ। यसबाट स्तनको कुनै तन्तुलाई निकालेर तुरुन्तै परीक्षण गरी छोटो समयमै स्तन क्यान्सर भए-नभएको पत्ता लाग्छ। त्यसपछि तुरुन्तै प्रभावित क्यान्सर कोषलाई निकालेर फलो अप सर्जरीका लागि तयार गरिन्छ।

## बर्ड फ्लुविरुद्ध पहिलो मानव भ्याक्सिन

यो वर्ष नै अमेरिकाको फुड एन्ड ड्रग एडमिनिस्ट्रेसनले बर्ड फ्लुविरुद्धको भ्याक्सिनलाई स्वीकृति दियो। मानव कोषद्धारा निर्मित यो भ्याक्सिनले दुई चरणको परीक्षणपश्चात् स्वीकृतिसमेत प्राप्त गरिसकेको छ, तर व्यावसायिक रूपमा बिक्री गर्नका लागि भने अझै स्वीकृति दिइएको छैन।

## मोटेहरूको सहयोगी अलि

प्रसिद्ध औषधी निर्माता कम्पनी ग्लाक्सो स्मिथकलाइनले अलि नामक औषधी निर्माण गरेको छ। यसको सेवनबाट मोटे मानिसहरूलाई स्लिम बन्न सहयोग पुऱ्याउँछ। खानासँगै यसको सेवन गर्दा शरीरले चिल्लो पदार्थ शोषण गर्ने क्षमतालाई ३० प्रतिशतले कमी गरिदिन्छ, तर यसलाई खानासँग सेवन मात्र गरेर पुग्दैन, त्यसैले चिल्लो पदार्थ कम भएका खाना खान र व्यायाम गर्न सुझाव दिइएको छ। यसो नगरे पेटमा ग्याँस बढ्ने, पखाला लाग्ने जस्ता साइड इफेक्ट देखिन सक्छ।

## नयाँ मधुमेह जिन

टाइप टु प्रकारको जिन भएका मधुमेहका बिरामीका सन्तानमा पनि मधुमेह हुने सम्भावना बढी हुन्छ, तर पनि केही सन्तानमा मधुमेह नभएको पनि पाइन्छ। यो वर्ष अमेरिका र फिनल्यान्डका वैज्ञानिकहरूले ४ वटा नयाँ जिन पत्ता लगाए। यसो हुँदा मधुमेहका जिनको जम्मा संख्या १० पुग्यो। यसबाट के कारणले सन्तानमा मधुमेह सर्छ र त्यसलाई कसरी नियन्त्रण गर्न सकिन्छ भन्ने कुरा पत्ता लगाउन (आगामी दिनमा) सहज हुने विश्वास वैज्ञानिकहरूले लिएका छन्।

## मासिक चक्रमा कमी

अमेरिकाको वेथ फर्मास्युटिकलले यो वर्ष लिवरेल नामक औषधीको विकास गऱ्यो। यसको सेवनबाट महिलाहरूको मासिक चक्रका दिनमा रक्तश्राव हुने दिनमा कमी ल्याउँछ। यसो हुँदा अहिले सम्म कमसेकम ४ देखि ७ दिनसम्म हुने रक्तश्रावमा कमी आउनेछ। यसको सेवन गर्न थालेको पहिलो वर्ष अलि बढी रक्तश्राव हुने जस्ता साइड इफेक्ट पनि देखिने कम्पनीले जनाएको छ।

## मांसपेशी दुख्ने समस्याबाट छुटकारा

खासगरी मधुमेहजस्ता रोगका कारण शरीरका मांशपेसीका भित्री भाग तथा नशा आदि अंगहरू दुख्ने समस्या हुन्छ। यो वर्ष अमेरिकाको फुड एन्ड ड्रग एडमिनिस्ट्रेसनले यी सबै समस्याबाट छुट्कारा दिलाउने औषधी प्रयोगमा ल्याउन स्वीकृति दियो। फाइजर कम्पनीले विकास गरेको उक्त औषधीको नाम लाइरिका हो। पेनकिलरको विकल्पका रूपमा आएको यो औषधीको साइड इफेक्ट पनि नभएको र यसले जीवनको गुणस्तरीयतामा पनि वृद्धि गर्ने कुरा कम्पनीले बताएको छ।

## फोक्सोको क्यान्सरको प्रारम्भिक परीक्षण

फोक्सोको क्यान्सर पत्ता लगाउन अहिले गाऱ्हो छ। खोकीमा रगत देखिएपछि त्यसको परीक्षण गरेपछि मात्र यो रोग पत्ता लाग्थ्यो, तर यो अवस्थामा पुग्दा क्यान्सर निको हुन कठिन हुने अवस्थामा पुगिसकेको हुन्छ। यो वर्ष अमेरिकामा एलसी डिटेक्ट नामक नयाँ प्रविधिको विकास गरिएको छ। यसमा रगतको परीक्षण गरिन्छ र यसबाट क्यान्सरको प्रारम्भिक अवस्थामै निदान गर्न सकिन्छ। रगतमा रहेको प्रोटिनको मात्रा परीक्षण गरी क्यान्सर कुन अवस्थामा छ भन्ने कुरा पनि पत्ता लाग्छ।

## स्टेम सेलको नयाँ स्रोत

क्योटो युनिभर्सिटीका सिन्या यामानाका तथा विन्किन्सन युनिभर्सिटीका जेम्स थम्सनले दुई फरक-फरक प्रतिवेदनमा स्टेम सेलको नयाँ स्रोतका रूपमा शरीरको कुनै पनि भागमा रहेको कोषलाई प्रयोग गर्न सकिने बताए। यसभन्दा अघि मानव भ्रूणमा रहेको कोषलाई मात्र यो प्रयोजनका लागि प्रयोगमा ल्याइन्थ्यो। यसबाट स्वास्थ्यक्षेत्रमा नयाँ सम्भावना देखा परेको छ। स्टेम सेलको सहायताबाट धेरै रोगको उपचार गर्न सकिन्छ।

## भिटामिन डीको नयाँ फाइदा

भिटामिन डीले हाडलाई मजबुत बनाउँछ भन्ने कुरा त पहिलेदेखि नै थाहा थियो, तर यो वर्ष यो भिटामिनका अरू धेरै फाइदा पनि छन् भन्ने कुरा पत्ता लागेको छ। मधुमेह, दम तथा मल्टिपल स्केलेरोसिसजस्ता रोगका लागि पनि यो भिटामिन वरदान सावित हुनेछ। यसले कोलोन क्यान्सरलाई रोक्न पनि महत्त्वपूर्ण भूमिका खेल्छ।

# हिन्दी चलचित्रमा स्थापितहरूकै रजाइँ





चलचित्र निर्माणका मेसिन भनेर चिनिएका रामगोपाल बर्मा यतिखेर सुस्त छन् । उनी सुस्त हुनुको कारण वर्ष २००७ उनका लागि अफापसिद्ध हुनु हो । बलिउडका लागि हरेक साता एउटा चलचित्र सार्वजनिक गर्छु भन्ने बर्मालाई अहिले उनका लगानीकर्ताहरूले समेत पत्याउन छाडेको समाचार पनि आएको छ । बलिउड उद्योगमा छुट्टै इतिहास खडा गरेको चलचित्र 'सोले' को सिक्वेल भनेर बजार पिटिएको रामुको 'आग' चुर्लुम्म डुबेपछि उनको यात्रामा अवरोध सिर्जना हुँदै गयो । त्यसो त अन्य चलचित्रले पनि खासै उपलब्धि हासिल गर्न नसकेपछि बर्मालाई यतिखेर असफलको दर्जामा राख्न थालिएको छ । त्यसैगरी हम दिल दे चुके सनम, देवदास, ब्लाकजस्ता सुपरहिट चलचित्र निर्माण गर्दै आएका निर्माता-निर्देशक सञ्जयलीला भन्सालीका लागि पनि यो वर्ष अफापसिद्ध भयो । प्रदर्शनमा आउनुपूर्व अत्यधिक प्रचार गरिएको भन्सालीको प्रोजेक्ट 'साँवरिया' ले औसत व्यापार गर्न समेत धौ-धौ पऱ्यो । चलचित्र निर्माणका दृष्टिकोणले आकर्षक भए पनि साँवरियाको कथा र नयाँ कलाकारको प्रयोगलाई दर्शकले नरुचाएको विश्लेषकहरू बताउँछन् । थौरै तर बजारमा चल्ने चलचित्र बनाउन खप्पिस भन्सालीले साँवरियालाई वियोगान्त मोडमा टुङ्ग्याउनु पनि असफलताको कारण हुनसक्छ ।

माथिका दुईवटा उदाहरणले बलिउडमा नाम चलेका व्यक्ति र ब्यानरका आधारमा मात्रै चलचित्र चल्न सक्दैनन् भन्ने पुष्टि गरेको छ । बलिउडमा गएको वर्ष विभिन्न शैलीमा चलचित्र निर्माण भए, त्यसमध्ये सफल हुने भनेर प्रचार गरिएका थुप्रै चलचित्र असफल र असफल हुन सक्ने भनेर पूर्वानुमान गरिएका कतिपय चलचित्र सफल भए । बलिउडको यो वर्षको नयाँ प्रयोग भनेको चलचित्रको कथाभन्दा पनि प्रस्तुतीकरण रह्यो । 'यो वर्ष दर्शकले चलचित्रलाई प्रस्तुत गर्ने शैली हेरे ।' एक वेबसाइट उल्लेख गर्छ 'चलचित्रको कथा जस्तोसुकै हुनसक्छ, तर त्यसको प्रस्तुतिकरण आकर्षक भयो भने दर्शकले अवश्य साथ दिन्छन् भन्ने प्रमाणित भयो ।'

बलिउडमा खेलमा आधारित कमै मात्र चलचित्र बनेका छन् । खेलमा आधारित चलचित्र व्यावसायिक दृष्टिकोणले असफल ठहरिन्छन् भन्ने कुरालाई वर्षको मध्यतिर सार्वजनिक भएको चलचित्र 'चक दे इन्डिया' को सफलताले झापड माऱ्यो । हक्कीमा भारतको खस्किएको साखलाई मध्यनजर गरेर निर्माण गरिएको चक दे इन्डियालाई भारत भित्रका दर्शकले मात्र होइन, बाहिरका भारतीयहरूले पनि रुचाए । यो चलचित्रको सफलताले शाहरूख खानलाई यो वर्षकै सफल नायक बनाइदियो । त्यस्तै वर्षको प्रारम्भतिर क्रिकेटमा आधारित चलचित्र 'ह्याट्रिक' पनि सार्वजनिक भयो । औसत व्यापार गरेको यो चलचित्र पनि जोखिम मोलेर नै निर्माण गरिएको थियो । वर्षको अन्त्यतिर फुटबलमा आधारित चलचित्र 'गोल' सार्वजनिक भयो । बलिउडका हट जोडी जोन अब्राहम तथा विपाशा बसु अभिनीत चलचित्र गोलले पनि औसत व्यापार गऱ्यो ।

यो वर्ष बलिउडमा नाम चलेका ब्यानरका १ सय १५ भन्दा बढी चलचित्र सार्वजनिक भए । इन्डिया एफएम वेबसाइटका अनुसार तीमध्ये मुस्किलले ढेड दर्जन चलचित्र मात्र सफल भए । गएको वर्ष बलिउडको अर्को ट्रेन्ड भनेको 'रियालिस्टिक स्टोरी' मा आधारित चलचित्र प्रदर्शनमा आउनु पनि हो । युवा-युवतीबीचको प्रेम र यौनलाई आधार बनाएर निर्माण भएको चलचित्र 'लाइफ इन अ मेट्रो' ले पनि दर्शकको मन जित्यो । त्यस्तै प्रौढ व्यक्तिसँग आकर्षक युवतीले गरेको प्रेमकथामा आधारित चलचित्र 'चिनीकम' ले पनि राम्रो व्यापार गऱ्यो । अमिताभ बच्चन र तब्बुबीचको रोमान्समा आधारित चिनिकम सफल भए पनि यस्तै शैलीमा अमिताभद्धारा नै अभिनीत चलचित्र 'निःशब्द' ले भने पानी पिउन सकेन । वास्तविक कथालाई नै पछ्याएको अर्को हिट चलचित्र गुरुले पनि दर्शकको मन जित्यो । अभिषेकले अहिलेसम्मका चलचित्रमध्ये सबैभन्दा राम्रो अभिनय गरेको चलचित्र भनेर अभिषेक पिता अमिताभ बच्चनले गरेको टिप्पणीलाई दर्शकहरूले पनि साथ दिए । लगत्तै अभिषेकले पूर्वविश्वसुन्दरी नायिका ऐश्वर्या रायसँग लगनगाँठो कसे । रियालिस्टिक चलचित्रमा गान्धी माई फादरले भने असफलताको स्वाद चाख्नुपऱ्यो ।

दर्शकले मसालेदार चलचित्र मन पराउँछन् भन्ने कुरा बुझेका चलचित्र निर्माताहरूका लागि भने यो वर्ष उपलब्धिमूलक रह्यो । सबै किसिमका मसलालाई उपयुक्त शैलीमा मिसाइएका प्रायः चलचित्रले राम्रो व्यापार गरे । यो वर्ष बलिउडमा स्थापित निर्देशकको सूचीमा पर्न सफल फराह खानले मसालेदार चलचित्र बनाएकै कारण चर्चा पाइन् । फराहद्वारा निर्देशित 'ओम शान्ति ओम' बक्स अफिसमा ब्लकवष्टर मात्र घोषित भएन, वर्षकै सबैभन्दा धेरै व्यापार गर्न सफल व्यावसायिक चलचित्रको सूचीमा पऱ्यो । ७० को दशकयताको बलिउड उद्योगको कथालाई प्रस्तुत गरिएको ओम शान्ती ओमको सफलताकै कारण नायिका दीपिका पादुकोण चर्चामा आइन् । चक दे इन्डियाको सफलतापछि शाहरूख खान आफैंले निर्माण गरेको चलचित्र ओमशान्ती ओमले शाहरूखका अतिरिक्त नायक अर्जुन रामपाललाई समेत उद्योगका स्थापित नायकको सूचीमा उभ्याइदियो । यो चलचित्रमा रामपाल नकारात्मक चरित्रमा देखिएका थिए ।

यो वर्षका सबैभन्दा सफल नायक अक्षयकुमार ठहरिए । अक्षयद्वारा अभिनीत नमस्ते लन्डन, भुलभुलैया र हे बेबी सबै सुपरहिट भए । मसालेदार चलचित्रकै सूचीमा परेका यी तीनवटै चलचित्रको प्रस्तुति आकर्षक भएकै कारण दर्शकको माया पाउन सफल भएका हुन् । भारतीय युवक र बेलायती युवतीको विवाहको कथामा आधारित नमस्ते लन्डनलाई पनि चलचित्र निर्माताले आकर्षक ढंगले प्रस्तुत गरेका थिए । कमेडी बेसमा तयार भएको चलचित्र भुलभुलैया, धमाल तथा पार्टनर पनि बक्स अफिसमा जम्न सफल भए ।

यो वर्ष बलिउडका महानायक बिग बि अर्थात् अमिताभ बच्चनका निम्ति भने सुखद रहेन । अभिताभद्वारा अभिनीत चिनीकम र सुटआउट लोखण्डवालाबाहेक अन्य चलचित्र सबै फ्लप भए । त्यसैगरी रामगोपाल बर्माकी आग, झुम बराबर झुम, निःशब्द, एकलव्य फ्लप चलचित्रको सूचीमा परे । गत वर्षकी नम्बर एक नायिका रानी मुखर्जी पनि यो वर्ष पछाडि परिन् । तारा रमपम, लगा चुनरीमे दाग र सावरिया तीनवटै चलचित्र असफल भएका कारण नायिका रानी मुखर्जीका निम्ति वर्ष २००७ सुखद रहेन । नायिका ऐश्वर्या राय बच्चन यसै वर्ष विवाह-बन्धनमा बाँधिएका कारण चलचित्र गुरु पछि उनका अन्य चलचित्र प्रदर्शनमा आएनन् । विवाहपश्चात् उनको क्यारियरमै धक्का लागेको बताउने बलिउड उद्योगका विश्लेषकहरू अब ऐश्वर्या राय पुरानो साखलाई निरन्तरता दिन नसक्ने मोडमा पुगिसकेको अनुमान गर्छन् । ऐश्वर्या राय अभिनीत अंग्रेजी चलचित्र प्रोभोक्ड पनि यो वर्ष प्रदर्शनमा आएको थियो । नायिका तब्बुका लागि भने यो वर्ष सफल ठहरियो । लगभग सुस्ताइसकेकी तब्बुको चिनी कम हिट रह्यो भने अर्को चलचित्र द नेमसेकले औसत व्यापार गऱ्यो ।

गत वर्ष तहल्का मच्चाएका नायक ऋतिक रोशनका कुनै पनि चलचित्र सार्वजनिक भएनन् । तैपनि बलिउड उद्योगका निम्ति उनी सधैं चर्चाको पात्र बने । विशेष गरी युवतीहरूका आकर्षण बनेका नायक ऋतिक विज्ञापनको संसारमा आफ्नो प्रभुत्व देखाउन सफल रहे । सदावहार नायक सलमान खानको उपस्थिति यो वर्ष प्रभावशाली रह्यो । सलमानद्वारा अभिनीत चलचित्र 'पार्टनर' हिट भयो भने साँवरिया, मेरिगोल्ड, सलामे इश्क फ्लप रहे, तर पनि सलमान यो वर्ष विभिन्न विवादका कारण चर्चामा आइरहे ।

नायिकाहरूमा सबैभन्दा अग्रस्थानमा केटरिना कैफ रहिन् । केटरिना अभिनीत नमस्ते लन्डन सुपरहिट भयो भने पार्टनर र अपने हिट चलचित्रको सूचीमा परे । नायक सलमान खानसँगको प्रेमचक्करमा परेकी केटरिनाको प्रेम सम्बन्धले पनि यो वर्ष चर्चा पायो । केटरिनाले सलमानलाई छोडेर अर्को साथी खोजिसकिन् देखि भर्खरै प्रदर्शनमा आएको चलचित्र वेलकमको सुटिङका दौरान अक्षयकुमारसँग नजिकिएको सम्बन्धको विषयलाई लिएर उनी चर्चामा आइन् । नायिका प्रीति जिन्टा र सैफ अलि खान दुवै यो वर्ष डुबेका नायक-नायिका हुन् । सन् २००६ मा अग्रपंक्तिमा रहेकी नायिका प्रीति जिन्टा यो वर्ष चलचित्रमा भन्दा नेस वाडियासँगको सम्बन्धमा बढी व्यस्त भएको चर्चा चल्यो । प्रीतिद्वारा अभिनीत एक मात्र चलचित्र 'झुम बराबर झुम' सुपरफ्लप भयो । त्यस्तै नायक सैफअलि खान करिना कपुरसँगको सम्बन्धका कारण चर्चामा आए पनि उनीद्वारा अभिनीत चलचित्रहरू तारा रमपम तथा एकलब्य दुवै असफल भए । यो वर्ष नायिका प्रियङ्का चोपडाका निम्ति पनि सुखद रहेन । चोपडाद्वारा अभिनीत चलचित्र सलामे इश्क र बिग ब्रदर दुवैले दर्शकको साथ पाएनन् ।

नायक जोन अब्राहम र नायिका विपाशा बसुको जोडी पनि चर्चामा रह्यो । शाहिद र करिनाको सम्बन्ध चिसिएसँगै जोन-विपको जोडी पनि छुट्टिने हल्ला चले पनि त्यो हल्लामै सीमित भयो । यो जोडीले अभिनय गरेको चलचित्र गोलले औसत व्यापार गरे पनि जोन अभिनीत सलामे इश्क र नो स्मोकिङ दुवै फ्लप चलचित्रको सूचीमा परे । त्यस्तै विपाशाको नहेले पे देहला पनि फ्लप भयो । नायिका कंगना रनावत अभिनीत लाइफ इन मेट्रोले औसत व्यापार गरे पनि शाकालाका बुमबुम फ्लप भयो । रनावत यो वर्ष नै उदाएकी कलाकार हुन् । बेलायती च्यानलको आयोजनामा भएको रियालिटी सो बिग ब्रदरको टाइटल विजेता शिल्पा शेट्टीद्वारा अभिनीत अपने हिट चलचित्रमा पऱ्यो भने लाइफ इन अ मेट्रोले औसत व्यापार गऱ्यो ।

यो वर्ष चर्चामा रहेका अर्का नायक हुन्, सञ्जय दत्त । मुम्बई बमकाण्डको मुद्दाका कारण जेल चलान भएका नायक दत्त धरौटी राखेर रिहा भएका थिए । त्यसबाहेक लभ अफेयरका साथै अन्य विभिन्न विषयमा नायक दत्त मिडियामा छाइरहे । सञ्जयद्वारा अभिनीत चलचित्र धमाल हिट भयो भने शुटआउट एट लोखण्डवालाले औसत व्यापार गऱ्यो । यसबाहेक नहले पे दहला र एकलव्य असफल चलचित्रमा परे । नायक फरदिन खानको हे बेबी सुपरहिट भयो भने जस्ट म्यारिड र डार्लिङ फ्लप भए । नायक अजय देवगण यो वर्ष असफल रहे । अजय अभिनीत क्यास र आग दुवै बक्स अफिसमा डुबेका चलचित्र हुन् । नायक बबि देवल पाँचवटा चलचित्रमा आए पनि 'अपने' मात्र हिट भयो । नायक रितेश देखमुख र शाहिद कपुर दुवैलाई चलचित्र हे बेबिको सफलताले साथ दियो । उनीहरूका अन्य चलचित्र फ्लप भए । अक्षय खन्नाका तीनवटै चलचित्र असफल भए । विवेक ओबराय, तुषार कपुर, गोविन्दा, इरफान खान, सुस्मिता सेन तथा लारा दत्ताको उपस्थिति रहे पनि उनीहरू खासै जम्न सकेनन् । पार्टनर हिट भएका कारण गोविन्दा र लारालाई राम्रै भयो ।

नायिका करिना कपुरलाई जब वि मेटको सफलताले यो वर्ष पनि चर्चामा ल्यायो । बलिउडमा सम्भावना बोकेकी नायिकाका रूपमा हेरिएकी करिना अफेयर प्रोपोगान्डामा समेत सफल भइन् । त्यस्तै विद्या वालन पनि यो वर्ष चर्चामा रहिन् । विद्याद्वारा अभिनीत हे बेबि र भूलभुलैया सुपरहिट भए भने गुरु पनि हिट भयो । त्यस्तै सलामे इश्क र एकलब्य उनका असफल चलचित्रमा दरिए । विद्या वालनको अफेयरको चर्चा पनि त्यतिकै चल्यो ।

## उत्कृष्ट १० चलचित्र



| | |
|---|---|
| ओम शान्ति ओम | चक दे इन्डिया |
| नमस्ते लन्डन | हे बेबी |
| जब वि मेट | भूलभुलैया |
| गुरू | चिनीकम |
| पार्टनर | धमाल |

## औसत सफल चलचित्र



अपने
लाइफ इन अ मेट्रो
सुट आउट एट लोखण्डवाला
ढोल
साँवरिया

## उत्कृष्ट पाँच नायक

| | |
|---|---|
| शाहरूख खान | चक दे इन्डिया |
| अक्षय कुमार | नमस्ते लण्डन |
| सलमान खान | पार्टनर |
| शाहिद कपुर | जब वि मेट |
| संजय दत्त | धमाल |




## उत्कृष्ट पाँच नायिका



| | |
|---|---|
| केटरिना कैफ | नमस्ते लण्डन |
| विद्या वालन | हे बेबी |
| करिना कपुर | जब वि मेट |
| ऐश्वर्या राय | गुरु |
| तब्बु | चिनीकम |

## उत्कृष्ट पाँच निर्देशक

| | |
|---|---|
| फराह खान | ओम शान्ति ओम |
| सीमित अमिन | चक दे इन्डिया |
| विपुल शाह | नमस्ते लन्डन |
| साजिद खान | हे बेबी |
| इम्तियाज अलि | जब वि मेट |



# वर्षका यौन आकर्षक महिला



**एफएचएम म्यागेजिनले प्रत्येक वर्ष सबैभन्दा यौन आकर्षक महिलाको सूची प्रकाशित गर्छ। यस्ता सूची अन्य पत्रिका तथा म्यागेजिनहरूले पनि जारी गर्छन्। इन्टरनेट सर्च इञ्जिनमा तस्बिर खोजिएको संख्या, चर्चा–परिचर्चा, कामुक देखिन गरिएको प्रयास आदिका आधारमा यस्ता सूची तयार गरिन्छन्। एफएचएमले भने पाठकहरूको मत सर्वेक्षणका आधारमा सूची तयार गर्छ। सन् २००७ को यो सूचीमा जेसिका अल्बा सबैभन्दा अगाडि देखिएकी छिन्। गत वर्ष यो सूचीको पहिलो स्थानमा केरा नाइट्ली थिइन् तर यो वर्ष उनी उत्कृष्ट दशको सूचीमा नपरी १२ औं नम्बरमा धकेलिएकी छिन्। यस्ता १ सय महिलाको सूची उक्त म्यागेजिनले प्रकाशित गरेको छ, जसमा सबैभन्दा बढी धक्का सिएना मिलरलाई लागेको छ। उनी गत वर्ष १२ औं नम्बरमा थिइन् तर यो वर्ष ४५ औं नम्बरमा पुगेकी छिन्। त्यसैगरी सबैभन्दा फाइदा प्रसिद्ध पप गायिका ब्रिटनी स्पेयर्सलाई भएको छ। गत वर्ष उनी यो सूचीमै थिइनन्। यो वर्ष उनी ५४ औं नम्बरमा छिन्।**

## जेसिका अल्बा

सन् १९८१ अप्रिल २१ मा अमेरिकाको क्यालिफोर्नियामा जन्मिएकी जेसिका अल्बा चलचित्र अभिनेत्री हुन्। उनले डार्क एन्जेल, सिन सिटी, फेन्टास्टिक फोर तथा इनटु ब्लुजस्ता प्रसिद्ध चलचित्रमा अभिनय गरेकी छिन्। जेसिका विगत ६ वर्षदेखि नै महिलाहरूको यो सूचीको उत्कृष्ट १० मा पर्दै आएकी छिन्। उनी १२ वर्षको उमेरदेखि नै चलचित्रक्षेत्रमा लागेकी हुन्। जेसिकाले सन् २००६ को एमटीभी मुभी एवार्डमा उद्घोषण पनि गरेकी थिइन्। यो वर्ष उनले अभिनय गरेका किङ कङ, मिसन इम्पोसिबल थ्री र द दा भिन्ची कोडका कारण पनि उनको चर्चा चुलिएको छ।

## किले हाजेल

सन् १९८६ सेप्टेम्बर १८ मा जन्मिएकी किले हाजेल ग्ल्यामरस मोडलका रूपमा प्रख्यात छिन्। उनको जन्म बेलायतको लन्डनमा भएको हो। १६ वर्षको उमेरमै हेयर ड्रेसरका रूपमा काम गर्न उनले स्कुल छाडेकी थिइन्। साथीहरूको प्रोत्साहनका कारण उनले फेसन तथा ब्युटी कोर्स सिकिन् तर यसमा पनि उनी थोरै समय मात्र टिकिन्। १७ वर्षको उमेरमा उनले द डेली स्टारको सर्च फर अ बिच बेब टाइटल जितिन्। सन् २००४ मा द सनको पेज थ्री आइडल कन्टेस्ट पनि जितिन्। त्यसपछिका दिनमा उनी द सन, म्याक्सिम, जु, एफएचएम आदि म्यागेजिनमा छाउन थालिन्। सन् २००७ को जनवरीमा उनको पुर्व ब्वायफ्रेन्ड ल्योड मिलरसँगको रोमान्सको टेप इन्टरनेटमा राखिएपछि हाजेल अझ चर्चित बनिन्, तर यसले उनलाई धेरै दुःखी बनायो।

## इभा लोंगोरिया

सन् १९७५ मार्च १५ मा अमेरिकाको टेक्सासमा जन्मिएकी इभा लोंगोरिया चलचित्र अभिनेत्री हुन्। १० वर्षसम्म अतिथि कलाकार तथा सानो भूमिकामा मात्र देखिने इभा सन् २००३ मा एकै पटक माथि उक्लिएकी थिइन्। अमेरिकन सोप अपेरा द योंग एन्ड द रेस्टलेसमा इसाबेला विलियम्सको भूमिकामा उनी चर्चित बनिन्। सन् २००४ मा डिस्परेट हाउस वाइफमा ग्याब्रिएल सोलिसको भूमिकाका कारण उनी सुपरस्टार बनिन्। इभा सन् २००७ मा एबीसीसँग ४० करोड डलरमा अनुबन्धित भएकी छिन्। यौनआकर्षक महिलाको सूचीको तेस्रो नम्बरमा परेका कारण पनि उनका लागि यो वर्ष सुखद भएको छ।

## एड्रियाना लिमा

ब्राजिलियन सुपर मोडल एड्रियाना लिमा सन् १९८१ को मार्च १२ का दिन जन्मिएकी हुन्। १३ वर्षको उमेरमै उनी मोडलका रूपमा काम गर्न ब्राजिलका विभिन्न सहर पुगेकी थिइन्। सन् १९९६ मा फोर्ड सुपर मोडल नामक विश्वव्यापी प्रतिस्पर्धामा उनी दोस्रो भइन्। त्यसपछि उनी न्युयोर्क सिटी पुगिन्। लिमाले त्यहाँ एलाइट मोडल म्यानेजमेन्टसँग अनुबन्धित भएर फेसनसम्बद्ध विभिन्न व्यक्तिसँग काम गर्ने अवसर पाइन्। उनी त्यहाँका विभिन्न फेसन सोहरूमा सधैं देखिन थालिन्। सन् २००३ को भिक्टोरियाज सेक्रेट नामक फेसन सोले उनको क्यारियरलाई अझ अघि बढायो। लिमा अहिले विश्वकै सबैभन्दा बढी पारिश्रमिक लिने मोडलमध्ये तेस्रो नम्बरमा पर्छिन्।

## स्कारलेट जोहान्सन

२२ नोभेम्बर १९८४ मा जन्मिएकी स्कारलेट जोहान्सन अमेरिकी चलचित्र अभिनेत्री हुन्। पहिले उनी फेसन मोडेल तथा शरणार्थी राजदूतका रूपमा काम गर्थिन्। सन् १९९८ मा द हर्स ह्वीस्पररमा निर्वाह गरेको भूमिकाबाट उनी चर्चामा आएकी हुन्। घोस्ट वर्ल्ड, लस्ट इन ट्रान्स्लेसन तथा गर्ल विथ अ पर्ल इयररिङ पनि उनका चर्चित चलचित्र हुन्। उनी सन् २००३ को गोल्डन ग्लोब एवार्डको नोमिनेसनमा परेकी थिइन्। जस्टिन टिम्बरलेकसँगको सम्बन्धका कारण पनि उनको चर्चा भैरहन्छ।

## हेडेन प्यानेटिर

सन् १९८९ को अगस्ट २१ का दिन जन्मिएकी हेडेन प्यानेटिर अमेरिकी चलचित्र अभनेत्री तथा गायिका हुन्। ११ महिनाकै उमेरमा उनी प्ले स्कुलको विज्ञापनमा देखा परेकी थिइन्। पछि ८ वर्षको उमेरमै उनी विभिन्न भूमिकामा देखा पर्न थालिन्। प्यानेटिरले विभिन्न टेलिभिजन कार्यक्रम तथा सिरियलहरूमा अभिनय गरेकी छिन्। प्लेस्टेसन टु नामक भिडियो गेममा पनि उनले स्वर दिएकी छिन्। यो वर्षका यौन आकर्षक महिलाको सूचीमा उनी छैटौं नम्बरमा परेकी छिन्। एकैपटक यो स्थानमा उक्लन सफल भएका कारण पनि प्यानेटिर चर्चित छिन्।

## चेरिल ट्वीडी कोल

सन् १९८३ को जुन ३० मा बेलायतको न्युक्यासल अपनटाइनमा जन्मिएकी चेरिल ट्वीडी कोल प्रसिद्ध गायिका हुन्। ६ वर्षको उमेरदेखि नै उनले मोडलिङका क्षेत्रमा काम गर्न थालेकी हुन्। स्थानीय स्तरका विभिन्न मोडल प्रतियोगिता हुँदै उनी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका विभिन्न प्रतियोगितामा सहभागी भैसकेकी छिन्। कोलले आफ्ना साथीहरूसँग द गर्ल्स अलाउड नामक सांगीतिक समूह निर्माण गरेकी छिन्। उक्त समूहको साउन्ड अफ द अन्डरग्राउन्ड एल्बम निकै चर्चित छ। कोलको विवाह सन् २००६ को जुलाईमा फुटबल खेलाडी एस्ली कोलसँग भएको थियो।

## एञ्जेलिना जोली

सन् १९७५ को जुन ४ मा अमेरिकाको लस एन्जल्समा जन्मिएकी एञ्जेलिना जोली प्रसिद्ध चलचित्र अभिनेत्री हुन्। उनले १४ वर्षको उमेरदेखि नै फिनेस मोडेल म्यानेजमेन्टसँग अनुबन्धित भएर विभिन्न म्युजिक भिडियोमा काम गरिन्। सन् १९९३ मा उनले चलचित्र साइबर्ग टुबाट आफ्नो अभिनय यात्रा प्रारम्भ गरिन्। जोली विभिन्न चलचित्रमा अभिनय गरेर प्रसिद्ध बन्दै गइन्। सन् २००१ मा टम राइडर चलचित्रका कारण उनी सुपरस्टार बनिन्। एञ्जेलिनाको सफल चलचित्र मिस्टर एन्ड मिसेज स्मिथ पनि हो। जोनी लि मिलर तथा बब थोर्टनसँग विवाह गरेर सम्बन्धविच्छेद गरेकी एञ्जेलिनाका अहिलेका पति ब्राड पिट हुन्। सन् २००६ को मेमा उनले छोरी जन्माएकी छिन्। जोलीले कम्बोडियाका म्याडोक्स, इथियोपियाका जहारा तथा भियतनामका प्याक्सलाई पनि सन्तानका रूपमा ग्रहण गरेकी छिन्।

## इमिली स्कट

सन् १९८४ मा अस्ट्रेलियाको क्यानबेरामा जन्मिएकी इमिली स्कट ग्ल्यामरस मोडलका रूपमा चर्चित छिन्। डिजाइन विषयमा स्नातक गरेकी इमिली युनिभर्सिटी अफ क्विन्स्ल्यान्डबाट ग्राजुएट हुन्। उनी जु नट्स, म्याक्सिम, एफएचएमजस्ता प्रसिद्ध म्यागेजिनमा समेत छाइसकेकी छिन्।

## एलिसा कुटबर्ट

सन् १९८२ को नोभेम्बर ३० मा जन्मिएकी एलिसा एन कुटबर्ट क्यानेडियन चलचित्र अभिनेत्री हुन्। १७ वर्षको उमेरमा उनी अमेरिकाको लस एन्जल्स पुगिन्। सन् १९९७ मा रिलिज भएको डान्सिङ अन द मुन उनको पहिलो चलचित्र हो। द गर्ल नेक्स्ट डोर पोर्न स्टारको भूमिकाका कारण पनि उनी चर्चित बनिन्। अहिले न्युयोर्कका हक्की खेलाडी सिन एभरीसँगको सम्बन्धका कारण उनको चर्चा भैरहन्छ।

# संसारका सबैभन्दा यौन आकर्षक पुरुष

**पिपुल म्यागेजिनले प्रत्येक वर्ष संसारका सबैभन्दा यौन आकर्षक पुरुषहरूको सूची प्रकाशित गर्छ। उक्त पत्रिकाले यो सूची सन् १९८५ देखि प्रकाशन गर्न थालेको हो। संसारभरका आफ्ना पाठक तथा अन्य दर्शकहरूको मत-सर्वेक्षणका आधारमा यो सूची जारी गर्छ। विश्वप्रसिद्ध पत्रिका टाइमले पर्सन अफ द इयर निकालेकै शैलीमा पिपुलले यो सूची निकाल्छ। प्रत्येक वर्षको मध्यनोभेम्बरदेखि डिसेम्बरसम्ममा यो सूची सार्वजनिक हुन्छ। सर्वप्रथम सन् १९८५ मा मेल गिब्सन यो सूचीको पहिलो नम्बरमा परेका थिए। यो वर्ष सूचीको पहिलो स्थानमा म्याट डेमन छन्।**

### म्याट डेमन

३७ वर्षीय हलिउड अभिनेता, चलचित्र लेखक तथा निर्माता म्याट डेमन यो वर्षका सबैभन्दा यौन आकर्षक पुरुष बनेका छन्। सन् १९९७ देखि नै उनी ए लेवलको नायकमा दरिँदै आएका छन्। उनको एउटी छोरी छिन्। डेमकी श्रीमती लुसियाना बोजान बारोसोको पहिले अर्कैसँग विवाह भएको थियो। पूर्व श्रीमान्बाट जन्मिएकी छोरी पनि उनीहरू साथै बस्छिन्। डेमनले सन् १९८८ मा १६ वर्षको उमेरदेखि चलचित्र खेल्न थालेका हुन्। उनको पहिलो चलचित्र मिस्टिक पिज्जा थियो। डेमनले चलचित्र गुड विल हन्टिङका लागि सन् १९९७ मा बेस्ट ओरिजिनल स्क्रिनप्ले विधामा एकेडेमी एवार्ड पाएका थिए।

### प्याट्रिक डेम्प्सी

सन् ८० को दशकको अन्त्यदेखि अभिनययात्रा प्रारम्भ गरेका प्याट्रिक डेम्प्सी हलिउड कलाकार हुन्। डेम्प्सी ग्रेज एनाटोमी नामक मेडिकल ड्रामामा न्युरोसर्जन डा. डेरेक सेफर्डको भूमिकाका लागि प्रख्यात छन्। सन् २००० पश्चात् उनले द इम्पेरर्स क्लबलगायतविभिन्न चलचित्रमा अभिनय गरेका छन्। डेम्प्सी आइरिस अमेरिकी हुन्। इन्सुरेन्स एजेन्टसँग विवाहित डेम्प्सीका तीन सन्तान छन्।



### र्‍यान रेनोल्ड्स

र्‍यान रेनोल्ड्स क्यानेडियन टेलिभिजन तथा चलचित्र अभिनेता हुन्। सन् १९९८ मा टु गाइज एन्ड अ गर्ल नामक टेलिभिजन कार्यक्रमपश्चात् उनको चर्चा प्रारम्भ भएको हो। रेनोल्ड्स क्यानाडाको भ्यानक्भरमा जन्मिएका हुन्। ३१ वर्षीय रेनोल्ड्स अविवाहित नै छन्। उनी हास्यव्यंग्यलगायत विभिन्न भूमिकामा देखा पर्छन्।



### ब्राड पिट

४३ वर्षीय ब्राड पिट हलिउड चलचित्र अभिनेता हुन्। उनी चलचित्र निर्माता तथा सामाजिक कार्यकर्ता पनि हुन्। सन् ९० को दशकको विभिन्न हलिउड चलचित्रमा अभिनय गरेपछि पिटको लोकप्रियता चुलिएको हो। सन् १९९४ मा इन्टरभ्यु विथ द भ्याम्पायर तथा सन् १९९५ को सेसेन नामक थ्रिलरले उनको लोकप्रियता बढायो। उनले विभिन्न अभिनयका लागि एकेडेमी तथा गोल्डेन ग्लोब एवार्ड पाइसकेका छन्। पिटले जेनिफर एनिस्टनलाई पारपाचुके दिएर अहिले एन्जेलिना जोलीसँग विवाह गरेका छन्। उनीहरूकी एउटी छोरी छिन्।

### जेम्स म्याकाभोई

२८ वर्षीय जेम्स म्याकाभोइ स्कटिस कलाकार हुन्। उनको जन्म स्कटल्यान्डको ग्लास्गोमा भएको हो। उनले अभिनयका लागि प्रसिद्ध बाफ्टा एवार्ड तथा राइजिङ स्टार एवार्ड पाइसकेका छन्। जेम्सले सन् १९९५ मा द नियर रुम नामक चलचित्रबाट अभिनय यात्रा प्रारम्भ गरेका थिए। सन् २००६ मा उनको विवाह एन मेरी डफसँग भएको थियो। जेम्स सेल्टिक फुटवल क्लबका फ्यान हुन् र फुर्सदको समयमा साइन्स फिक्सन चलचित्र हेर्न मन पराउँछन्।

### जोनी डेप

जोनी डेप फ्रान्समा बस्छन्। उनी रक स्टारको जस्तो पहिरन लगाउँछन्। डेप आफ्नो व्यक्तित्वका बारेमा कसैको कमेन्टलाई वास्ता गर्दैनन्। उनी ४४ वर्षका छन्। उनी कलाकार, स्क्रिप्ट राइटर, प्रोड्युसर, निर्देशक, म्युजिसियन आदि सबै हुन्। डेप सन् १९८४ पश्चात् लगातार यो क्षेत्रमा छन्। उनका ८ वर्षीया छोरी र ५ वर्षीय छोरा छन्। उनले सेसेर एवार्ड तथा स्क्रिन एक्टर गिल्ड एवार्ड पाइसकेका छन्। डेपले सन् २००३ मा पाइरेट्स अफ द क्यारिबियन चलचित्रका लागि बेस्ट एक्टर विधामा मोसन पिक्चर एवार्ड पनि पाएका थिए।

### डेभ एनेवल

२८ वर्षीय डेभ एनेवल हलिउड चलचित्र अभिनेता हुन्। उनी पोलार बियरका प्रेमी मानिन्छन्। डेभ सर्वप्रथम फक्स न्युज च्यानलको रियुनियन ड्रामामा देखा परेका थिए। त्यसभन्दा अघि उनी एनबीसीको थर्ड वाच तथा डब्ल्युबीको अदर पिपुल्स मनीमा अतिथि कलाकारका रूपमा देखा परेका थिए। डेभ माउन्टेन ड्यू तथा स्टारबर्स्टको विज्ञापनमा पनि देखिन्छन्। सन् २००६ मा पारिवारिक चलचित्र ब्रदर्स एन्ड सिस्टर्सका कारण उनको लोकप्रियता अझ बढेको थियो।

### विल स्मिथ

३९ वर्षीय विल स्मिथ गोल्डेन ग्लोब, एकेडेमी तथा ग्रामी एवार्डका लागि छानिएका अमेरिकी हिपहप कलाकार हुन्। कथानक चलचित्र, टेलिभिजन तथा संगीत सबै क्षेत्रमा प्रभुत्व जमाएका स्मिथ प्रतिभाशाली कलाकार हुन्। न्युजविक पत्रिकाले त उनलाई पृथ्वीकै सबैभन्दा शक्तिशाली कलाकार भनेको छ। मेन इन ब्ल्याकमा एजेन्ट जेका रूपमा तथा अलिमा मोहम्मद अलिको भूमिकाका कारण उनी प्रसिद्ध छन्। काला जातिका स्मिथ अमेरिकाको पेन्सिल्भिनियामा जन्मिएका हुन्। सन् १९९२ मा सिरी जाम्पिनोसँग विवाहित स्मिथले छोरो विलियम क्रिस्टोफरको जन्मपछि सन् १९९५ मा सम्बन्धविच्छेद गरे। सन् १९९७ मा स्मिथले जाडा पिडकेटसँग दोस्रो विवाह गरे। अहिले उनीहरूका दुई छोरा छन्।

### जेभियर बारडम

३८ वर्षीय जेभियर बारडम स्पेनिस कलाकार हुन्। उनले अभिनय गरेका स्पेनिस भाषाका दुई दर्जनभन्दा बढी चलचित्र लोकप्रिय छन् तर पनि चलचित्र बिफोर नाइट फल्समा अभिनय गरेपछि उनी अन्तर्राष्ट्रिय रूपमै प्रख्यात भए। यही चलचित्रमा निर्वाह गरेको भूमिकाका कारण उनी एकेडेमी एवार्ड पाउने पहिलो स्पेनिस कलाकार बने। जेभियर सन् १९९१ देखि क्रिस्टिना पेल्ससँग छन्।

### सेमर मुर

३७ वर्षीय सेमर मुर पूर्व अमेरिकी मोडल हुन्। सन् १९९४ देखि २००२ सम्म चलेको द योंग एन्ड द रेस्टलेस श्रृंखलामा म्यालकम विन्टर्सको भूमिका तथा १९९९ र २००३ को सोल ट्रेन श्रृंखलामा निर्वाह गरेको भूमिकाका कारण उनी लोकप्रिय बने। मुर अहिले सीबीएसको चर्चित ड्रामा क्रिमिनल माइन्ड्समा देखा परिरहेका छन्।

# स्टाइलिस रिवाइन्ड २००७



फेसन स्टाइल एवं सुन्दरताको संसारमा महत्त्वपूर्ण मानिने अन्तर्राष्ट्रिय सौन्दर्य प्रतियोगितामध्ये मिस युनिभर्स तथा मिस वर्ल्ड दुवै यसपटक एसियाली मुलुकका लागि उपलब्धिमूलक रहे। वर्ष २००७ को मे महिनामा मेक्सिको सहरमा सम्पन्न मिस युनिभर्सल २००७ मा जापानकी रियो मोरीले सफलता हात पारिन् भने डिसेम्बर महिनाको प्रारम्भतिर चीनको सान्या सरहमा सम्पन्न मिस वर्ल्ड प्रतियोगितामा चीनकी जी लिन झाङले ताज पहिरिन्। विश्व फेसन बजारमा फेसन सप्ताह मनाउने प्रचलनको निरन्तरतासँगै नयाँ–नयाँ फेसन शैलीसँगै केही परिमार्जित फेसनशैली पनि देखा परे।

पहिरनको डिजाइन जस्तोसुकै भए पनि तीनमा इन्डो वेस्टर्न शैलीको प्रभाव देख्न पाइयो। वर्ष २००६ मा धेरै फ्लो एवं भोल्युम भएका पहिरन पपुलर थिए भने वर्ष २००७ मा स्ट्रेट एवं बुस्टिएर कट एवं एम्पाएर लाइन्सेको प्रयोग बढी देख्न पाइयो। गत वर्षको तुलनामा लेयरिङको ट्रेन्ड अझ बढेको पाइयो। विभिन्न किसिमका लेयरिङका साथमा एथनिक वर्कयुक्त इन्डो वेस्टर्न टप एवं सुटको फेसन शैलीको प्रभाव बढेको देखियो। शिमरी लुकका लागि ह्वाइट पर्लको प्रयोग बढ्यो भने इन्बोइड फ्लावर वर्क, बिड वर्कका साथै विविध थरीका लेसको चलन पनि उत्तिकै रह्यो।

विश्व फेसन जगत्मा स्कर्टको ग्ल्यामर कायमै रहे पनि इम्ब्रोडरी गरिएका लङ स्कर्टको प्रचलन कम हुँदै गएको देखियो। फ्लोरल प्रिन्टको स्थानमा एब्स ट्र्याक प्रिन्टको क्रेज बढी देखियो। रंग ब्राइट भए पनि दृष्टिलाई प्रभावित नपार्ने प्रिन्ट तथा मोटिफको प्रयोग बढेको पाइयो। स्लिम लुकमा भने फिटिङ कट्सको प्रचलन उत्तिकै रह्यो। सन् १९२० तिरको फेसन शैलीको प्रभाव रहेको पाइयो यसपटकको फेसनमा। टोगा टप्स, एसिमेट्रिकली एवं बबल स्कर्टले फेसनेवल हुन चाहनेहरूको ध्यान आकर्षित गरेको देखियो।

पोल्का डट्सको बहार पनि उत्तिकै रह्यो। इम्ब्रोइडरी, टेक्सचर तथा लेयरिङ स्टाइलको चलन पनि उत्तिकै पाइयो। यस पटक सम्पूर्ण पहिरनभन्दा किनारा, गला, बाहुला, मोहता आदि छेउतिर इम्ब्रोइडरीको प्रयोग बढेको देखियो। प्याचवर्क तथा ब्रोकेडको प्रचलन पनि उत्तिकै रह्यो। सिलहुएट्समा भने ६० को दशकको शैलीले प्रभाव पारेको देखियो, जसमा पहिरनको माथिल्लो हिस्सा फिटेड हुन्छ। भिक्टोयरयन युगको छाप पनि विभिन्न पहिरनका शैलीमा देख्न पाइयो। जस्तै– रफल नेकयुक्त ब्लाउज एवं अन्डर स्कर्ट, काउल नेक लाइन आदिका साथमा डेमिम मिनीस्कर्ट, स्टाइलिस क्रेपी, फ्लस्ड स्कर्ट जर्जेटको स्लिब्स सर्टका साथमा साटन सिल्कको ट्राउजर, भेल्भेटको वेस्टकोटका साथमा जर्जेटको फुल स्लिभ सर्ट एवं स्कर्ट आदि। यिनका अतिरिक्त सन् २००७ को फेसनशैलीमा राजसी ठाँटबाँटको प्रभाव देखियो, जसमा पारम्परिकताका साथै वेस्टर्न स्टाइलको मिश्रण पनि समावेश थियो।

यस वर्षको फेसनशैलीमा थुप्रै फेब्रिकको मिश्रित प्रयोग देखियो। एउटै पहिरनमा दुईभन्दा बढी फेब्रिकको मिक्स एन्ड म्याच शैलीको प्रचलन रहेको पाइयो। जसमध्ये डेनिम, लाइक्रा, सिल्क, साटन, सिफन, ब्रोकेड, जर्जेट, क्रेप आदि फेब्रिकको बाहुल्यता रह्यो। रंगहरूमा भने नेचुरल टोन्सतर्फ झुकाव बढेको देखियो। ग्रे चारकोल टोन्स, इन्डगो ब्लु, प्लम पिन्क, पेस्टल कलर, ह्वाइट, लाइट पिच, डर्टी ग्रीन स्कार्य ब्लुजस्ता शेड तथा तिनका टोन्सले रंगहरूको फेसनमा बहार ल्याएको अनुभव भयो। यसैगरी चेरी रेड, लाइट पिन्क, त्रिम कलरका शिफन, नेट, साटन, सिल्कमा लङ ड्रेस तथा ट्युनिक स्कर्टको क्रेज पनि उत्तिकै रह्यो।

मेटालिक फेसन लुकको प्रभाव पनि उस्तै रह्यो, जसमा अर्डी टोन्स, गोल्डेन ओकर, रस्ट, खाकी, अलिभ ग्रीन रेड एवं परपलको संयोजन आकर्षण मानियो। ट्युनिक र सर्ट ड्रेसका साथमा जिन्सको पाइन्ट, डेनिम मिनी स्कर्ट, स्टाइलिस क्रेपी, कार्गो पाइन्ट, बडी हगिङ टप, विभिन्न शैलीका ब्लायकलेस, स्लिभलेस, वन पिस ड्रेसहरू मिड कापल्फ लेन्थ स्कर्ट, ए लाइन स्टाइल स्कर्ट, हिपस्टर जिन्स, बेस्ट फिटेड पाइन्ट आदिको प्रचलन पनि उत्तिकै रह्यो।

विभिन्न डिजाइन तथा रंगहरूका ट्रेन्च कोट, स्टकिङ तथा लेगिङको प्रचलन पनि बढेको देखियो। वुलन र ट्वीडका साथै स्नग ब्लेजर र बटन ज्याकेटको प्रभाव जाडो मौसममा देखियो। बाक्लो निटेड पहिरनको पुनरावृत्ति पाइयो भने स्लिभ फिटेड कोटको प्रचलन पनि पुनः फेसन बजारमा देखा पर्‍यो। यसका अतिरिक्त पुल ओभर र कार्डिगन माटेड स्वेटर सेमी–सियर नाइलन सुटको प्रभाव पनि उत्तिकै रहेको पाइयो।

# स्थिर रह्यो टेलिभिजनको संसार




नेपाली दर्शक वर्ष २००७ मा पनि भारतीय टेलिभिजन च्यानलहरूकै प्रभावमा रहे। रियालिटी सो र सिरियलहरूले यस किसिमको प्रभाव कायम राखे। समाचारको प्रभाव पनि आंशिक रूपमा परि नै रह्यो। अधिकांश रियालिटी सोले प्रशस्त दर्शक भेटेको पाइयो। प्रत्येक च्यानलले यस्ता सोलाई निरन्तरता दिए भने कतिले नयाँ सोचमा यस्ता सोहरू थपे र थपिरहेका छन्।

मध्यवर्षदेखि सुरु भएको इन्डियन आइडल तेस्रो संस्करणको चर्चा झन्डै आठ महिनासम्म कायम रह्यो। चर्चाविहीन दोस्रो संस्करणको तुलनामा तेस्रो इन्डियन आइडल निकै अगाडि रह्यो। सोनी टेलिभिजनले प्रस्तुत गर्दै आएको इन्डियन आइडलले संसारभरिका नेपालीलाई पनि सक्रिय बनायो। नेपाली मूलका युवा प्रशान्त तामाङको सहभागितालाई यस पटकको इन्डियन आइडलमा नेपालीहरूले प्रतिष्ठाको विषय बनाए।

त्यसैगरी स्टार प्लसको भ्वाइस अफ इन्डिया र जी टेलिभिजनको सारेगमपको चर्चा पनि निकै समय रह्यो। जी टेलिभिजनले सारेगमपका सञ्चालक उदितपुत्र आदित्य पनि चर्चामा रहे। स्टार प्लसले भ्वाइस अफ इन्डिया सकिनेबित्तिकै बालबालिकाहरूका लागि भ्वाइस अफ इन्डिया छोटे उस्ताद सुरु गर्‍यो भने जी टेलिभिजनले पनि बालबालिकाहरूको त्यस्तै प्रतिस्पर्धात्मक कार्यक्रम सञ्चालनमा ल्याएको छ।

स्टार प्लसबाट प्रसारित नच बलिए-३ तथा सोनीको झलक दिखलाजाले पनि प्रशस्तै दर्शक भेटे। केही समयअघिदेखि स्टार वानद्वारा सञ्चालित लाफ्टर च्यालेन्जको चर्चा यस वर्षको मध्यसम्म कायम रह्यो। त्यसैगरी स्टार प्लसको अर्को रियालिटी सो बोल बेबी बोल, फिल्मीको बाथरुम सिंगर, सोनीको कमेडी सर्कस पनि दर्शकहरूद्वारा मन पराइएका कार्यक्रम हुन्।

सोनीको बुगीबुगीलाई अरू रियालिटी सोहरूले ओझेलमा पार्न खोजे पनि यसको समय सीमा नभएका कारण यो सदावहार कार्यक्रमका रूपमा अघि बढ्यो। सुरुमा जति चर्चित रहे पनि साहरुख खानद्वारा सञ्चालित कौन बनेगा करोडपति फ्लप कार्यक्रममा गनियो।

महिलाहरूबीच टेलिसिरियलको वर्चस्व यथावत् रहेको पाइयो। सिरियलको कथा बिगारेको गुनोसो गरिए पनि त्यसबाट मोहभंग भएको चाहि पाइएन। सिरियलहरूको दौडमा यस पटक पनि बालाजी फिल्म्सका उत्पादन अगाडि देखिए। त्यसमा पनि खास गरेर क्युकी सास भी कभी बहुथी, कसौटी, कयामत, कहानी घर घरकी, करम अपना अपना महिला दर्शकहरूबीच प्रिय रहे। क्युकी सास... लाई छोडेर अर्को सिरियल विरुद्धमा सक्रिय रहेकी तुलसी अर्थात् स्मृति इरानीको यो नयाँ सिरियलविरुद्ध पनि दर्शकप्रिय बन्यो। त्यसैगरी स्टारप्लसकै वाप, वहु ओर बेबी र विदाइ जी टेलिभिजनको कसम से, सोनीको सीआइडी र अम्बरधरा पनि चर्चा पाउन सफल रहे। हास्य सिरियलमा नयाँ अफिस-अफिस पनि लोकप्रिय मानियो।

भारतीय न्युज च्यानलहरूमा आजतक, स्टारन्युज, जी न्युज र एनडी टीभी अगाडि रहे। समाचारको अभावमा यी च्यानलहरूले घन्टौंसम्म विभिन्न रियालिटी सोहरूको कार्यक्रमलाई अग्रिम रूपमा प्रचार गरे। कलाकारको विवाह, विभिन्न स्क्यान्डल अनि कलाकारहरूको अदालत दौडले पनि समाचारमा राम्रो स्थान जमाए।

भारतीय च्यानलबाहेक बीबीसी, सीएनएन, अल जजीराजस्ता समाचार च्यानलको लोकप्रियता यथावत् रह्यो। बीबीसी र सीएनएनले मुस्लिम



देशका विभिन्न समस्यामाथि प्रकाश पारिरहे भने अल जजीराले अमेरिका र युरोपको दुःख, गरिबी र समस्या उजागर गरेर काउन्टर दिइरहयो। अंग्रेजी जान्ने राजनीतिज्ञ वा राजनीतिका विद्यार्थीका साथै समाजशास्त्रका विद्यार्थीहरूमाझ प्रिय यी च्यानलहरू यस वर्ष अमेरिकी निर्वाचनका विषयमा बढी अल्झिएको पाइयो।

खास गरेर बीबीसीको एसिया टुडे र सीएनएनको टक एसियाले वर्षभरि नै चर्चा पाइरहे। बीबीसीका थप दुई कार्यक्रमले यस वर्ष पनि चर्चा यथावत् राखे। ती कार्यक्रम हुन्– पाक्षिक कार्यक्रम दोहा डिवेट र डेट लाइन लन्डन। संसारभरिका समाचारहरूको सँगालो रिपोर्ट्स पनि बीबीसीको धेरै हेरिने कार्यक्रम रह्यो। अर्को च्यानल सीएनएनका धेरै कार्यक्रम चर्चित बने। वर्षौं अघिदेखि सञ्चालित किन लाइफ चर्चित रह्यो भने समाजसेवामा उत्कृष्ट ठहरिएकाहरूलाई उपस्थित गराउने कार्यक्रम हिरोज पनि उत्तिकै चर्चित भयो। हिरोजले गराउने एवार्ड कार्यक्रम पनि धेरै दर्शकका निम्ति प्रतीक्षाकै विषय




बन्यो। त्यसैगरी प्रत्येक दिन बिहान-बेलुका प्रसारण हुने सीएनएनको अर्को कार्यक्रम थ्री-सिक्स्टी पनि दर्शक प्रिय कार्यक्रम मानियो।

धेरै हेरिने मनोरञ्जनात्मक कार्यक्रममा स्टारवर्ल्ड, एचबीओ, सिनेम्याक्स, स्टारभुभी नै यस वर्ष पनि अगाडि रहे। खासगरी स्टारवर्ल्डबाट प्रसारित अमेरिकन आइडल सबैभन्दा बढी चर्चित भयो। अमेरिकन आइडलको चर्चा र लोकप्रियतासँगै संसारभरि सुरु भएका यस्ता आइडल बनाउने धेरै कार्यक्रम चर्चित बने।

म्युजिक च्यानलमा एमटीभी, भी च्यानल, ईटीसी, जीम्युजिक, विफोर म्युजिक, जुम नै दर्शकप्रिय बने। युवा दर्शकमाझ फेसन च्यानल लोकप्रिय नै रह्यो। त्यसमा पनि खास गरेर रात्रि शो 'मिडनाइट हट' विना चर्चा हेरिने कार्यक्रम बन्यो। बालबालिकाका लागि कार्टुन नेटवर्क निक्लोडियन डिज्नी बढी चर्चित रहे। त्यस्तै पाका र प्रकृतिप्रेमी दर्शकमाझ नेसनल जोग्राफी, एमिनल प्लानेट, डिस्कोभरी सदावहार चयानलका रूपमा स्थापित भए। अन्य कार्यक्रमतर्फ आस्था च्यानलबाट प्रसारित रामदेवको योग सबैभन्दा धेरै हेरिने कार्यक्रमको शीर्षमा कायम रह्यो भने अरू च्यानलले खासै नयाँ काम देखाउन सकेनन्।

यस वर्ष कुनै पनि नयाँ च्यानलले पुराना च्यानलसँग प्रतिस्पर्धा गर्न सकेनन् भने चयानलहरूले नयाँ सोच पनि देखाउन सकेनन्। बितेको वर्ष टेलिभिजन संसारलाई मूल्यांकन गर्दा उही बोतल, उही रक्सी'को संज्ञा दिन सकिन्छ।

# मिस नेवाको अन्तिम प्रतिस्पर्धा भोलि




नेप्लीज फेसन होमको आयोजनामा सन् २००५ देखि प्रारम्भ भएको मिस नेवाः प्रतियोगिताको तेस्रो संस्करण 'मेरो मोबाइल मिस नेवाः २००७' को अन्तिम चरणको प्रतियोगिता भोलि शानिबार अन्तर्राष्ट्रिय सम्मेलन केन्द्रमा सञ्चालन हुँदैछ। नेपाल भाषा, लिपि, संस्कृति, परम्परा, आत्मविश्वास अभिवृद्धि, व्यक्तित्व-विकास, क्याटवाक, प्रस्तुतीकरण आदि विषयमा प्रशिक्षण लिएका ४० जना प्रतियोगीले गत शनिबार द बेकरी क्याफे, धरहरामा आ-आफ्नो प्रतिभा प्रस्तुत गरे।

यु.एफ.ओ ट्यालेन्ट राउन्डअन्तर्गत अधिकांश प्रतियोगीले नृत्यलाई आफ्नो प्रतिभा प्रदर्शनको माध्यम बनाएका थिए। केहीले वक्तृत्वकला प्रस्तुत गरे भने केहीले गीत सुनाए। धिमे बाजाको प्रस्तुति, अभिनय र चित्रकलाबाट पनि केही प्रतियोगीले आ-आफ्नो प्रतिभा प्रस्तुत गरे। मिस नेवाः प्रतियोगिताअन्तर्गतको प्रि-जजिङ राउन्ड पनि गत आइतबार सम्पन्न भैसकेको छ। रोजिन शाक्य तथा राज फैजुको कोरियोग्राफी, रोहिया महर्जनको नृत्य प्रशिक्षण एवं राजु नापितको भाषा ज्ञानबाट प्रशिक्षण पाएका मिस नेवाः सुन्दरीहरू भोलिको अन्तिम चरणको प्रतिस्पर्धामा कुपन्डोलस्थित फेम फेसनद्वारा तयार पारिएका पहिरनमा प्रस्तुत हुनेछन्।



## लाइभ सो

अंग्रेजी नयाँ वर्षको अवसरमा आइतबार राती होटल याक एन्ड यतीस्थित क्लब प्लाटिनमले जर्मनीका ग्ल्यामरस नृत्याङ्गनाहरू जेसी र टिनेलाई प्रस्तुत गर्दैछ। 'बिगर पार्टी इन टाउन विद जर्मनी हट डान्सर्स' शीर्षकको उक्त रंगारंग कार्यक्रम राती आठ बजे आरम्भ हुने क्लबका प्रबन्धक निरेश थापाले बताए। नयाँ वर्ष-२००८ लाई स्वागत गर्दै क्लबका डिस्को जक्की डिजे तेञ्जिङ्ग र डिजे रूपेशको डिजेइङको तालमा जर्मनी नृत्याङ्गनाहरूका साथ नाच्ने अवसर जुटाइएको थापाले बताए।




A Fresh, Unusually Intelligent Comedy With Dialogue So Quick And Funny You Feel The Actors Are Performing It On A High-Wire.
JUNO
In select theatres December


THERE ARE NO CLEAN GETAWAYS
JONES BARDEM BROLIN
NO COUNTRY
OLD MEN



## जितु'चाको जोक्स

jitendra_rajb@hotmail.com



बिकुरामले जितुचालाई घरमा खाना खान बोलाएको थियो। खाना खाने क्रममा घरी-घरी आफ्नी श्रीमतीलाई 'ए मेरी प्रिय श्रीमती', 'ए पियारी डार्लिङ', 'ए मेरी मायालु' आदि-इत्यादि भन्दै खाना राख्न बोलाएको देखेर जितुचा दङ्ग पर्दै भनेछ : बिकुराम दाइ ! कति माया गरेर बोलाउनुहुन्छ हगि तपाईं भाउजूलाई। विवाह गरेको सत्र वर्ष भैसक्दा पनि तपाईं र भाउजूको मायाप्रीति उत्तिकै रोमान्टिक छ, मान्नैपर्छ।

बिकुराम यताउता श्रीमती छ कि छैन हेर्दै सानो स्वरमा : के को यो बुढेसकालमा माया-प्रीति लगाउनु नि, मैले तिम्रो भाउजूको नामै बिर्सिएको त तीन वर्ष भैसक्यो।

०००

बिदाको भोलिपल्ट आइतबार पनि ढिलो अफिस पुगेको बिकुरामलाई हाकिमले बोलाउँदै : तपाईं यो सातामा आजशुद्ध गरी तीन पटक ढिलो अफिस आउनुभयो, अब पनि फेरि अफिस आउन ढिलो भयो भने तपाईंलाई जागिरबाट बिदा गर्नुपर्ला।

बिहान सधैं नौ-दस बजेसम्म सुत्नैपर्ने बानीकै कारणले गर्दा अफिस ढिलो पग्नुपरेकाले यो बानी हटाउन ऊ डाक्टरकहाँ जँचाउन गएछ र डाक्टरले सुत्नुअघि खानुपर्ने केही औषधी दिएर पठाएछ।

जागिर जाने डरले बिकुरामले सुत्नुअघि डाक्टरले एक चक्की भनेको औषधी तीन चक्की नै खाएर सुतेछ।

बिहान हतारिँदै उठेर घडी हेरछ, हेर्दा ६ मात्र बजेको देखेर दङ्ग पर्दै मजाले मुख धुदै दाँत माझ्दै आरामसँग अफिस पुगेछ। अफिस समयभन्दा आधा घण्टा अगाडि पुगेको विकुरामलाई हाकिमले बोलाएको देखेर, किन होला आज त समयमै पुगेको थिएँ त भन्दै हाकिमलाई भेट्न पुगेछ : हजुरले बोलाउनु'भा हो ?

हाकिम : बिकुराम आज त तिमी समयमै अफिस पुग्यौ, तर हिजो र अस्ति खबर नगरी किन अफिस नआएको नि ?

०००

तीव्र गतिमा कार चलाएको देखेर मोटरसाइकलमा सवार ट्राफिक प्रहरीले पिछा गरेछ। ट्राफिक प्रहरीले पिछा गरेको थाहा पाएपछि कार चालकले भाग्ने सुरमा कार झन् तीव्र गतिमा कुदाएछ, तर ट्राफिक प्रहरीले जसोतसो कारलाई रोक्न सफल भएछ। ट्राफिक प्रहरी कारचालकको सवारी परिचयपत्र खोस्दै : के हो नयाँ कार चलाएर मलाई जित्छु भन्ठान्नु'भा होला होइन ? किन गति नाघेर सवारी हाँक्नुभा'को ?

कारमा सवार चाकल चुपचाप बसेको देखेकाले ट्राफिक प्रहरीले भनेछ : म निकै थाकेको छु र आजको यो मेरो अन्तिम ड्युटी हो, त्यसैले यदि तपाईंले मलाई कार तीव्र गतिमा हाँक्नुको कारण छोटो र मीठो जवाफ दिनुभयो भने म तपाईंको सवारी परिचयपत्र फिर्ता गर्छु र जरिवाना पनि छुट गरिदिन्छु। ल भन्नुस्, किन तीव्र गतिमा हाँक्नुभो ?



## कविता

### नपिएर नै

जसरी ढलें नपिएर नै, म उस्तै गलें नपिएर नै
मुटुभित्र राप र ताप छ, अनि पो जलें नपिएर नै
म त वेगको समुद्री लहर, हरपल चलें नपिएर नै
निठुरीपना हदसम्मकै, रिसले बलें नपिएर नै
मन 'र्किए उनको कतै, विष ओकलें नपिएर नै

**–दर्शन दिनेश**

### हजुरलाई भा'कै छ



हात्ती छिर्‍यो, छिर्‍यो भा'थ्यो पुच्छर कता अड्क्यो ?
कोची-कोची खान पाइन त्यही भएर भड्क्यो
भाषण मात्रै गर्छौ कति ? सहमतिचाहिँ कहिले ?
बाबुसाहेब तपाईंहरू, घोडा जनता जहिले
नखरमौली जस्तै तिमी, चेपारोचाहिँ घस्छौ
भनेजस्तो नभए जङ्गल पस्छु भन्छौ
शान्तिपूर्ण आन्दोलन रे लाठीचार्ज गर्छौ
पाएसम्म हसुरेर आफ्नै पेट भर्छौ
नेतृत्वचाहिँ परिवर्तन गर्ने हो कि अब
पुरानो भो बुढो गोरु भन्ने गर्छन् सब
स्कुल बन्द गर्नुपर्छ किन पढ्न जाने ?
पत्रकारलाई अपहरण, डाक्टरलाई मुक्का हान्ने !
सचिवलाई कफन उपहार, मास्टरसँग चन्दा
जनतालाई कति चाहियो ? सरी काउली-बन्दा।
टायर बाल्नु उत्तम हो आन्दोलन नयाँ नेपाल आहा !
शान्ति-शान्ति भन्दाभन्दै पारिहाल्यौ स्वाहा !
अस्थायी नै छ सबै थोक, अस्थायी नै हो जीवन
केलाई चाहियो देशमा विकास गर्ने हो कि मनन
जल्दा-बल्दा युवाशक्ति विदेश गा'कै छ।
जनतालाई जे परे नि हजुरलाई भा'कै छ।

**–नवराज श्रेष्ठ**

### चाहिंदैन मलाई

गद्दी र आसन चाँहिदैन मलाई
केवल बस्न पाए हुन्छ
मनोरञ्जन भोग विलास चाँहिदैन मलाई
केवल माया पाए हुन्छ
ठूला महल चाहिँदैन मलाई
केवल गाउँको सानो झुपडी भए पुग्छ।

**–गोविन्द लम्साल**

### छोडिदिन्छु चिनो

छोडिदिन्छु चिनो सम्झन फोटो साँची राख है
फर्की आउँला नमरे त बाँचिराख है
बिरानो सायद एक्लै हुँला संसार पारिको देशमा
खेर जाला आँसु नचुहाउ थाती राख है
विपना कल्पना बने नि सपना भेट्दै गर्ला
मुहारमा लाली नछाए अनिष्ट होला हाँसिराख है
पागल बन्ला मन झल्को आउँदा कति बेला
मन शान्त पार्न तस्बिर टाँसिराख है
सुन्दर बन्छ एक धागोमा थुङ्गाहरू उन्दा माला
त्यसरी नै हाम्रो माया गाँसिराख है।

**–सूर्यबहादुर दौल्याल**

### जीवनको पीडा

यो जिन्दगी अब भार भयो
मेरो बाँच्नुको अब के सार रह्यो ?
विवश भै हेरिरहन थालें
लाचार भै आघातहरू सहन थालें
विरोध गरूँ त कसरी गरूँ ?
आफन्तहरूले नै जिन्दगी निमोठे
सजाएका सपना चकनाचुर भए

**–रेलकुमार तामाङ**

### दोस्ती मलाई

कस्तो मिल्यो मन मिल्ने दोस्ती मलाई
सारा दुनियाँ छाडेर नै रोज्थी मलाई
कसो-कसो ओझेल पर्दा उसको नजरमा
हतार हतार भौंतारिएर खोज्थी मलाई
भेटाउँदामा अँगालेर, अंग-अंग चुम्थी
हामी दुई एक किन किन ? सोच्थी मलाई
सँगै बस्थ्यौं चौतारीमा मन मन साटेर
माया पीरतिका अनगिन्ती कुरा सोध्थी मलाई
बदली भयो मन सँगै जिउँछु भन्नेको यहाँ
फूल थिई तै पनि बेला बेला घोच्थी मलाई।

**–सुरेश गिरी**



## लघुकथा

### जंगली



एक जङ्गली ब्वाँसो जङ्गली जीवनदेखि वाक्क भएर आफ्नो हिंसात्मक कार्यलाई विराम लगाई मानव वस्तीको अनुभव लिने विचारमा लागेछ। उसले सुनेको थियो मानिसहरू शान्तिप्रिय एवं सभ्य रूपमा जीवन बिताउँछन्। जब ऊ मानवबस्तीमा पुग्यो उसले त्यहाँ देख्यो– मानिसहरू खान नपाई भोकभोकै मरिरहेका, रोग फोहोर, प्रदूषण बढिरहेको, चोरी, डकैती, हत्या, बलात्कार सानो कुरामा पनि भाइभाइबीच नै मारामार। ब्वाँसो जताजता जान्थ्यो त्यहाँ उसले रगतको खोलो बगेको देख्यो। ब्वाँसो आफ्नो एक-दुई दिनको भ्रमणमै मानव वस्तीमा निसास्सियो। उसले सोच्यो मानव अब मानव नभै जङ्गली दानव भएछ। अन्ततः जसोतसो आफ्नो ज्यान जोगाई मानव वस्तीभन्दा आफ्नै जङ्गल सभ्य भएको निष्कर्ष निकाल्दै पुनः जङ्गलतिरै प्रस्थान गर्‍यो।

**–विक्रम राई**

# बुटवलमा प्रदर्शनीको रमाइलो



बुटवल– हरेक वर्षको पुसमा बुटवलमा आयोजना हुने प्रदर्शनी तथा पर्यटन महोत्सवको रमाइलो सुरु भएको छ। 'स्वदेशी उत्पादन प्रयोग गरौं, नयाँ नेपाल निर्माण गरौं' भन्ने नाराका साथ रूपन्देही उद्योग संघको आयोजनामा बिहीबार प्रारम्भ भएको दसौं राष्ट्रिय औद्योगिक प्रदर्शनी तथा पर्यटन महोत्सवको रमाइलो पुस २२ गतेसम्म चल्नेछ। यो अवधिमा अञ्चलभरबाट हजारौंको संख्यामा दिनहुँ आउने दर्शकले स्वदेशी उद्योगका उत्पादनको अवलोकन तथा किनमेल गर्न त पाउने नै भए, सांस्कृतिक कार्यक्रममार्फत पर्याप्त मनोरञ्जन पनि प्राप्त गर्नेछन्। दर्शकको मनोरञ्जनकै लागि राष्ट्रिय स्तरका अधिकांश ख्यातिप्राप्त कलाकारलाई पालैपालो प्रदर्शनीमा निम्त्याइएको छ। दोहोरीको कुरै नगरौं, धेरै दर्शक तान्ने माध्यम नै यही भएकाले दिनहुँ देशभरका दोहोरी टिमहरूको रोमाञ्चक प्रतिस्पर्धा गराइँदैछ।

आधुनिक तथा पप गायन प्रतिभाहरूबीच प्रतिस्पर्धा गराई प्रदर्शनी आइडलको घोषणा पनि हुनेछ। चर्चित हास्यकलाकारहरूको प्रस्तुति पनि रहने प्रदर्शनीमा लोकगीत, लोकनृत्य प्रतियोगिताहरू पनि राखिएका छन् भने दर्शकले स्थानीय आदिवासी जनजातिका कलासंस्कृति पनि हेर्न पाउनेछन्। बालबालिकाको मनोरञ्जनका लागि बाल उद्यान, पिङ, जादु, सर्कस पनि प्रदर्शनीमा छन्। प्रदर्शनीमा विश्वमै सबैभन्दा होचा भनिएका २० इन्चका खगेन्द्र थापा र सबैभन्दा अग्ला भनिएका भारतका ८ फिट अग्ला व्यक्तिलाई पनि ल्याइने आयोजकहरूले जनाएका छन्। प्रदर्शनीमा विभिन्न जातजातिका परम्परागत परिकार तथा अन्य रेस्टुरेन्टहरू पनि सहभागी हुनेछन्। प्रदर्शनी अवधिमा बुद्ध जन्मस्थल लुम्बिनी घुम्न चाहनेहरूका लागि लुम्बिनी दर्शन यात्रा सञ्चालन गरिएको छ। सहरका विभिन्न ठाउँमा स्वागत द्वार, तुल र ब्यानर सजावटले नगर रंगीचंगी भएको छ भने दिनहुँको माइकिङले पूरै बुटवललाई प्रदर्शनीमय बनाएको छ।

प्रदर्शनीमा कृषि तथा उद्योगका ४७, सूचना प्रविधिका ४७, खाद्य ४७, गार्मेन्ट ४७, औद्योगिक क्षेत्रका उद्योग ४७, होटल २५, हस्तकला २०, प्रविधि १०, प्लास्टिक १०, निर्माणसम्बन्धी १०, इलेक्ट्रोनिक्स १०, अटोमोबाइल ५, छालाका सामान २०, संघ-संस्था ५ र अन्य विविध ५० गरी ४ सय स्टल छन्।

विगतमा मिलनचोकको सडक डिभिजनको साँघुरो कम्पाउन्डमा हुँदै आएको प्रदर्शनी पहिलो पटक रामनगरस्थित बुटवल मण्डपको १६ बिघा जग्गामा व्यवस्थित रूपले आयोजना भएकाले छ। प्रदर्शनी ५ लाख दर्शकले अवलोकन गर्ने तथा १० करोड बढी कारोबार हुने अपेक्षा गरेको आयोजक संस्थाका अध्यक्ष एजाज आलमले बताए।

**– टोपराज शर्मा**

# प्रणय वेदका ऋचाहरू




**घनश्याम पौडेल**

काठमाडौं- होचो कदका प्रकट पंगेनी 'शिव' जब दर्शकहरूलाई नमस्कार गर्दै मञ्चमा बसे तब परर्र ताली बज्यो। सबै उत्सुक थिए उनलाई सुन्न। गत शनिबार दिउँसो ३ बजे। पुरानो बानेश्वरको गुरुकुल। प्रकटले मुहारभरि कान्ति भरेर गजल वाचन थालिहाले-

*पिएर मात नलागे बरै पिएको के मज्जा*
*अँगालोबिना चुम्बन बरै दिएको के मज्जा*
*हात दिंदा हात दिइन्, चुप्पा माग्दा चुप्पा*
*कामाग्निले जलायो बरै ताल साँझपख।*

उनका गजलमा प्रेम, रोमान्स, झम्के साँझ र अन्नाका प्रसँग खुबै आए। डेढ घन्टासम्म दर्शक तथा श्रोता लठ्ठ परे २८ वटा गजल सुनेर। त्यति बेला उनीहरू टिकटको सय रुपैयाँ बिर्सिरहेका थिए। उनको मीठो वाचनकला र प्रस्तुतिले सबैलाई मुग्ध तुल्यायो। जब उनी गजलका शेर सुनाउँथे, सुन्नेहरू वाह ! वाह ! भनेर चिच्याउँथे। उमेरले ५१ वसन्त पार गरिसकेका पंगेनी गीत-गजलमा १६ वर्षीय किशोर बनेका थिए। उनले आफ्नो जीवनकथा सुनाउँदा समेत रोमाञ्चित बने दर्शक/श्रोताहरू।

कार्यक्रमको शीर्षक थियो- प्रणयमा प्रकट दाइ। आयोजक थिए- प्रकट दाइका फ्यानहरू। गुरुकुलको सम हलमा मानिस नअटेर ढोकाबाट चियाउनेहरू पनि प्रशस्तै थिए। टिकट सिद्धिएपछि आयोजकले सय रुपैयाँ लिँदै कागजमा सही गरेर गजलपारखीहरूलाई हलभित्र प्रवेश गराएका थिए।

प्रकटका सबै गजलमा लोकजीवनको सुवास पाइयो। गजल यति यौनिक थिए कि सुन्दा कतिपय युवती लाजले राता भए। गजलले गुरुकुल जुरुक्कै उचालिएको थियो। कार्यक्रम सकिएपछि गजल सन्ध्या पोखराका अध्यक्ष दीपक समीपले भने- अब हामी पोखरामा पनि प्रकट दाइलाई एकल गजल वाचन गराउनेछौं।

नाट्यकर्मी, कवि तथा गीतकारका रूपमा चिनिएका पंगेनीलाई राजधानीले अब गजलकारका रूपमा पनि चिनेको छ। उनको 'यो मन कतै अल्झेको छ' र 'जूनको चिठी जुनालाई' शीर्षक दुईवटा कृति प्रकाशित भएका छन्। एकल गजलवाचनबाट उठेको पैसाले उनको पहिलो गजलसंग्रह 'प्रणय वेदका ऋचाहरू' प्रकाशित गरिने 'प्रणयमा प्रकट दाइ' कार्यक्रमका संयोजक एवं पत्रकार अमृत भादगाउँलेले जानकारी दिए।

गजलवाचनपछि त्यही मञ्चमा गायक शिव परियारले पंगेनीका दुईवटा गजल गाएका थिए भने अर्का गायक विमल पराजुलीले दुईवटा गीत।

तप्प तप्प जलविन्दु चुहाएर
के निस्कियौ
स्निग्ध, कञ्चन, कोमल आहा नुहाएर
के निस्कियौ
भाग्यमानी रै'छ साबुन फिँजैफिँज
भै बरालियो
जुन साबुनलाई भर्खर तिम्ले अङ्ग-अङ्गमा छुवाएर के निस्कियौ।

Media Zone
edu.Link मा पत्रकारिता, उद्घोषण र व्यक्तित्व विकासका कक्षाहरुमा
भारी छुट
साथै Tuition: CBSE, SLC and other Levels र English Language का कक्षाहरु पनि संचालन भइरहेका छन्।
यहाँ रेडियो टेक्निसियनको पनि तालिम दिइन्छ
पत्रकारिता : गोविन्द आचार्य (K.T.V)
उद्घोषण : प्रतिमा श्रेष्ठ, सिरोमणी दवाडी तथा अन्य
सम्पर्क बागबजार (मितेरी हस्पिटल ठिक अगाडि) 016911462
98510-94769/9841-475592

St. xavier's/ st. Mary's & Budhanilkantha School
Entrance preparation for Class 1 & 4
✔ Two months special package for St. xavier's/ st.Marry's.
✔ Class conducted by Ex. Teachers of St. xavier's.
✔ Special package in winter vacation
Staff Nurse Entrance preparation.
Special package for T.U.
Aakash National Academy
Bagbazar Ph. 01-6916928
Mob. 9841-718089
New Baneshwor, 98033-68527

# देशभक्ति के हो ?

देशभक्ति भनेको तन, मन, धन लगाएर राष्ट्रका लागि निरन्तर लडिरहनु हो ।

**वैद्यनाथ कोइराला** (२८)

देशको भक्त हुनु नै देशभक्ति हो अर्थात् आफ्नो देशलाई माया गर्नु नै देशभक्ति हो ।

**नारायण कुँवर** (१७), **पाल्पा**

ल, देख्नुभएन नेताहरूको कुर्सीका लागि खिचातानी, यो देशभक्तिकै उदाहरण त हो नि ।

**Sachin420@yahoo.com**

प्रत्येक नागरिकले आफ्नो देशलाई आमा मानी उनको रक्षा गर्नु नै देशभक्ति हो ।

**शशिकान्त गुप्ता** (१८), **पर्सा**

व्यक्तिगत स्वार्थभन्दा माथि रहेर देश, जनता र जन्मभूमिका निम्ति लागिपर्नु नै देशभक्ति हो ।

**कविर उदासी** (१९), **रुकुम**

राष्ट्रप्रति इमान्दार एवं विदेशी थिचोमिचो नसहनु नै देशभक्ति हो ।

**मोदक राई** (२६), **काठमाडौं**

जो देशको भक्त हुन्छ त्यसलाई देशभक्त भनिन्छ । देशका सच्चा इमान्दार व्यक्तिलाई देशभक्त भनिन्छ ।

**प्रवीण ज्ञवाली** (२०), **मित्रनगर**

माटोलाई सम्झेर असल काम गर्नु ।

**प्रकाश पोखरेल, कलंकी**

देशप्रतिको जिम्मेवारी बहन गर्नु र आफ्नो मातृभूमिको रक्षा गर्नु नै देशभक्ति हो ।

**राधिका राई, झापा, बिर्तामोड**

यो प्रश्नको उत्तर शाही कालका मन्त्रीहरूसँग सोध्नुपर्छ ।

**अजयकुमार** (१६), **सप्तरी**

यसको उत्तर त मैले भन्दा पनि देशका निम्ति लडेको भन्दै रातो तारा अंकित वस्त्र लगाउने प्रचण्डका सेनालाई नै थाहा होला ? कि त हाम्रा माइला अंकललाई थाहा छ ।

**मदन मल्ल** (१९)

सम्पादकज्यू त्यसो त देशभक्तिलाई धेरै अर्थमा मनन गर्न सकिन्छ तर ठेट नेपाली भाषामा भन्नुपर्दा देशभक्ति त्यो हो जसले नेपाली दाजुभाइ, दिदीबहिनी लगायत सबैलाई दुःख दिइरहन्छ ।

**अमृत पौडेल**

## अब हाम्रो पालो

यो स्तम्भमा हामीले राखेका प्रश्नको ३० शब्दमा नबढाई उत्तर पठाउनुपर्नेछ । प्रत्येक उत्तरका साथमा आफ्नो पूरा नाम, ठेगाना र उमेर लेख्न नबिर्सिनुहोला । प्रश्न नम्बर एक सधैं आगामी प्रश्नका रूपमा रहनेछ । एउटा पानामा एउटा उत्तर मात्र स्वीकार गरिनेछ ।

१. देशबाट हिंसा अन्त्य गर्न के गर्नुपर्छ ?
२. के स्वर्ग-नर्क भन्ने कुरा हुन्छ ? कस्तो हुन्छ वा किन हुँदैन ?
३. अहिलेकी आकर्षक (सेक्सी) नेपाली नायिका को हुन् र किन ?
४. प्रेममा धोका हुने कारण के हो ?
५. तपाईंलाई मन पर्ने खेलाडी को हुन् ? किन ?
६. तपाईं मन्त्री हुनुभयो भने कुन मन्त्रालय रोज्नुहुन्छ, किन ?
७. प्रेममा किन मर्ने-मार्ने कसम खाइन्छ ?
८. युवतीहरू किन स्लिम बन्न खोज्छन् ?
९. युवकहरू किन युवती भनेपछि मरिहत्ते गर्छन् ?
१०. मानिसहरू किन बहुविवाह गर्छन् ?



आफ्नो देशको भलो चाहनु, दुखीलाई माया गर्नु, लडाइँ, काटमार बन्द गर्नु तथा सधैं अरूलाई सहयोग गर्नु नै देशभक्ति हो ।

**प्रतिभा श्रेष्ठ** (२०), **पोखरा**

आफ्नो देशप्रति बफादार र जिम्मेवार हुनु एवं राष्ट्रका निम्ति वलिदान हुन सक्नु नै देशभक्ति हो ।

**Resham_sunuwar@yahooc.om**

देशभक्ति त प्राणभन्दा प्यारो कुरा हो ।

**कुमार चौरसिया**

लुटिंदैछ मेरो देश राष्ट्रिय गीत गाउनेबाट, ढाकाटोपी, दौरा-सुरुवाल मिलाएर लाउनेबाट भन्ने मनुको गजल जस्तो नेताहरूको मागी खाने भाँडो पो हो कि देशभक्ति ?

**लेखनाथ ओझा** (२२)

मेरो नाम देश भएको भए त मेरो भक्ति भनिदिन्थें तर पनि देशको भलो सोच्नु वा गर्नु नै देशभित्त हो ।

**दिनेश न्यौपाने** (२१), **स्याङ्जा**

आफ्नो व्यक्तिगत एवं परिवारिक जीवनलाई माया गर्नुभन्दा आफ्नो जन्मभूमिलाई माया गर्नु नै देशभक्ति हो ।

**chy_ajay16@yahoo.om**

देशको भलो चिताई कार्य गर्नु नै देशभक्ति हो ।

**सविता लिम्बू**

## यौन जिज्ञासा र समाधान

**डा. राजेन्द्र भद्रा**



**प्रश्न : म गृहणी हुँ । मेरो उमेर ४४ वर्ष भयो, मेरा श्रीमान् पनि साथैमा हुनुहुन्छ । मेरो महिनावारी ठीक समयमा भैरहेको छ । मेरो समस्या के हो भने मेरो योनिको दायाँ र बायाँ डिलमा करिब ३५ वर्षदेखि स-साना आकारको पिलो आउँछ र अत्यधिक पीडा हुन्छ । यस्तो समस्या महिनावारी हुनुभन्दा अघि वा पछि हुन्छ भन्ने सुनेकी थिएँ, तर त्यस्तो पिलो जुनसुकै समयमा पनि आउँछ अनि म त्यसलाई फुटाएर पीप फाल्छु । यो कुनै रोगको लक्षण त होइन ?**

**– एन. आर.**

**उत्तर** : प्रश्न सोध्नुभएकोमा धन्यवाद, तर पत्रमा भएको सीमित जानकारीकै आधारमा समस्याको यकिन गर्न र त्यसैअनुरूपको सुझाव दिन सम्भव नहोला । पर्याप्त जानकारी भए सायद केही सजिलो हुने थियो । तपाईंलाई महिनावारीको बेलामा हुने परिवर्तनभन्दा पनि अलि फरक किसिमको संक्रमण भएको हुनसक्ने स्थिति छ । तपाईंलाई छालाको संक्रमण मात्रै पनि भएको हुनसक्छ भने अर्कातिर योनिद्वारमा भएको ग्रन्थिको संक्रमण पनि भएको हुनसक्छ ।

**पिलो किन आएको होला ?**

योनिक्षेत्रमा पिलो आउनसक्ने कारणमा एक त छालाको संक्रमण नै हुनसक्छ जसलाई अंग्रेजीमा boils वा skill abscess भनिन्छ । भित्री छालाको केही सीमित स्थानमा हुने संक्रमण हो यो । सुरुमा छालाको केही भाग रातो भएर आउँछ र दुख्ने हुन्छ र पछि यो अझै कडा हुन थाल्छ र अन्त्यमा यसको बीचको भाग नरम हुनथाल्छ र मुख देखिन्छ अनि पीप निस्कन्छ । पीप भनेको संक्रमण गराउने जीवाणु, त्यसलाई मार्न पुगेका हाम्रो रगतमा भएका श्वेत रक्तकोष तथा अन्य प्रोटिनको सानो थुप्रो हो ।

किन यस्तो हुन्छ भन्ने प्रश्न सबैमा हुनसक्छ । छालामा कुनै बाह्यवस्तु पुग्दा, रौं उम्रने स्थानको संक्रमण हुँदा वा पसिना ग्रन्थिको संक्रमण हुँदा त्यसले यस्तो पिलोको रूप लिन्छ । हुन त यस्तो पिलो जो-कसैलाई पनि आउन सक्छ । विशेष गरेर प्रतिरक्षा शक्ति केही कमजोर भएका व्यक्तिलाई वा स्थितिमा यो बढी आउँछ । कतिपय बिमारीमा यस्तो हुने सम्भावना बढी हुन्छ । मधुमेह वा मृगौला खराब भएको स्थितिमा यसको सम्भावना बढी हुन्छ । त्यसै गरी प्रतिरक्षा शक्तिलाई कमजोर पार्ने औषधी सेवन गरेको अवस्थामा पनि यस्तो सम्भावना बढी हुन्छ ।

यस्तो पिलो सानो र कडा अवस्थामा हुँदा दुखेको कम गर्ने औषधी खाँदै यो नरम हुने र मुख देखिने स्थितिसम्म पर्खनुपर्ने हुन्छ । नरम र पिलोको बीचमा मुख देखिएपछि भने यसमा जम्मा भएको पीपलाई चिरेर निकाल्नुपर्छ । पिलोको संक्रमण गराउने जीवाणुलाई नियन्त्रण गर्न प्रतिजैविकी औषधी प्रयोग गर्नुपर्ने हुन्छ र त्यसका लागि चिकित्सकको सिफारिस चाहिन्छ । पीप राम्रोसँग बनिसकेको अवस्थामा चिरफार गरेर पूरै पीप निकाल्नु अत्यावश्यक हुन्छ । पूरै पीप ननिस्किएको अवस्थामा औषधी मात्रले संक्रमण गराउने सबै जीवाणुलाई निर्मूल पार्न सकिँदैन । त्यसैले औषधी सेवनका साथसाथै पीपलाई राम्रोसँग सफा गर्नु आवश्यक छ । यस्तो भएन भने यो बल्झिरहने हुनसक्छ । तपाईंले पीप फाले पनि वास्तवमा त्यहाँ भएका सबै जीवाणु निर्मूल हुने कुरा भएन ।

अर्को कुरा, तपाईंले कुनै औषधी प्रयोग गरेको कुरा गर्नुभएको छैन । यस्तो बेलामा संक्रमण गराउने जीवाणुलाई निमिटचान्न पार्न प्रतिजैविकी औषधी सेवन गर्नु आवश्यक हुनसक्छ । रोकथामका लागि सरसफाइ महत्त्वपूर्ण पक्ष हो । साबुन प्रयोग गरेर दिनहुँ नुहाउनु लाभदायक हुन्छ ।

**बार्थोलिन ग्रन्थिको संक्रमण**

तपाईंको समस्याको अर्को सम्भावना बार्थोलिन ग्रन्थि (Bartholin's gland) को संक्रमण हुनसक्छ । बार्थोलिन ग्रन्थि योनिद्वारको भित्र तिर दायाँ र बायाँ रहेका केराउका दानाजस्ता ग्रन्थि हुन् । सामान्यतया यी ग्रन्थिको संक्रमण भैहाल्दैन । यो ग्रन्थिको संक्रमण भए त्यसलाई bartholinitis भनिन्छ ।

यो ग्रन्थिको संक्रमण पीडायुक्त अर्थात् दुख्ने खालको हुन्छ । उपचार भने पिलोको उपचारसँग मिल्दोजुल्दो नै हुन्छ । उपचारका लागि प्रतिजैविकी औषधी अनि पीडा कम गर्ने औषधी खानुपर्छ । तातोपानीमा कटिक्षेत्र डुबाएर नुहाउनु वा बस्नु पनि लाभदायक हुन्छ । पिलोको जस्तै पीप जम्मा भएपछि यसलाई अलिकति चिरेर निकाल्नुपर्छ । कतिपय स्थितिमा माथि भनिएझैं छालाको संक्रमण गराउने जीवाणुबाटै संक्रमण हुनसक्छ, तर यसको अर्को महत्त्वपूर्ण पक्ष पनि छ । यो ग्रन्थिको संक्रमण गोनोरियाजस्तो यौनरोगका कारणले पनि भएको हुन सक्ने सम्भावना छ, त्यसका लागि अन्य के-कस्ता लक्षण छन् भन्ने कुरामा पनि विचार पुऱ्याउपर्ने हुन्छ ।

**समाधान के होला ?**

यहाँ मुख्य रूपमा तपाईंको समस्याको निदान गर्नु आवश्यक छ । यसका लागि चिकित्सक विशेष गरेर स्त्रीरोग विशेषज्ञलाई देखाउनुहोला । तपाईंको हकमा शारीरिक परीक्षणका साथै अन्य प्रयोगशालामा गरिने परीक्षण गराउनुपर्ने हुनसक्छ । योनिमा यस्तो समस्या बल्झिरहने अन्य कुनै समस्या पनि छन् कि विचार गर्नुपर्ने हुन्छ ।

सही रूपमा समस्या पहिल्याउन पाए पछि सजिलो हुन्छ । समस्या पत्ता लागेअनुसार प्रतिजैविकी, पीडा कम गर्ने औषधी सेवन गर्ने कुराका साथै चिरफार गरेर पीप निकाल्नुपर्ने अवस्था हेरी निर्णय गर्न सकिन्छ । अवस्था हेरी केही समयका लागि यौनसम्पर्कबाट परहेज गर्नुपर्ने हुनसक्छ । यदि यौनरोगको सम्भावना छ भने यौन रोग भए-नभएको वा निको भएको पक्का भएपछि मात्र यौनसम्पर्क राख्नुपर्छ ।

# पलैँटीमा आभास



आज शुक्रबारको पलैँटीमा कलाकार आभासको गायनकला प्रस्तुत हुने भएको छ । संगीतकार तथा गायक आभास विगत तीन वर्षदेखि पलैँटी अभियानमा निरन्तर क्रियाशील रहँदै आएका छन् ।


२००५ को जनवरी महिनादेखि नेपालयले प्रारम्भ गरेको पलैँटी श्रृंखलामा हालसम्म नेपाल तथा नेपालबाहिरका अधिकांश प्रतिष्ठित गायक-गायिकाको सहभागिता रहिसकेको छ ।

नेपालयले आधुनिक नेपाली संगीतमा केन्द्रित रहेर आयोजना गर्दै आएको यो अभियानलाई आभासले नै संयोजन एवं सञ्चालन गर्दै आएका छन् । ७०-७५ वटा टिकट मात्र बिक्री गरिने यो लघुसांगीतिक अभियानमा प्रत्यक्ष कार्यक्रमभित्र थोरै श्रोताहरूको सहभागिता रहे पनि प्रत्यक्ष रेडियो प्रसारण तथा टिभी कार्यक्रममार्फत् असंख्य श्रोताको चासो रहँदै आएको छ ।

आभास सानैदेखि संगीतमा लागेका जिज्ञासु स्वभावका सांगीतिक व्यक्तित्व हुन् । उनले भारत र नेपालका प्रतिष्ठित गुरुहरूबाट आफूलाई प्रशिक्षित बनाएका छन् । यद्यपि उनी प्रसिद्ध नेपाली सङ्गीतकार अम्बर गुरुङसित संगत गरेको दशकलाई बढी महत्वपूर्ण मान्छन् ।

आभासको सङ्गीत साधना दुई दशकभन्दा लामो अवधिदेखि निरन्तर छ । उनले आफ्नो साङ्गीतिक जीवनको सुरुवात सामाजिक चेतनाका लागि क्रियाशील सङ्गीत समूहहरू 'संकल्प' र 'आस्था'बाट गरेका हुन् । आभास अहिले मानवीय संवेदनाका विषयमा केन्द्रित रहेर सिर्जना गर्न रुचाउँछन् । उनका सिर्जनामा प्रेम, विरह, आशा, निराशाजस्ता मान्छेका सबै खालका अनुभूतिले स्थान पाएका हुन्छन् । उनी सामाजिक उत्तरदायित्वप्रति पनि सरोकार राख्छन् ।

# अन्तरकलेज नृत्य




बुटवल– अपांग, गरिब तथा जेहेन्दार विद्यार्थी छात्रवृत्ति कोष स्थापनार्थ राममणि बहुमुखी क्याम्पस बीबीएस तेस्रो वर्षका विद्यार्थीहरूको आयोजनामा शनिबार मणिग्राममा अन्तरक्याम्पस नृत्य प्रतियोगिता सम्पन्न भयो । स्थानीय दर्शकको उल्लेख्य उपस्थितिमाझ क्याम्पस प्रागंणमा भएको नृत्य प्रतियोगितामा रूपन्देहीका ७ वटा क्याम्पसका छात्रछात्राले नेपाली लोक, आधुनिक तथा चलचित्रका गीतमा नृत्य प्रस्तुत गरेका थिए । प्रतिस्पर्धामा सिद्धार्थ गौतम बुद्ध क्याम्पस बुटवल प्रथम, राममणि बहुमुखी क्याम्पस मणिग्राम द्वितीय, ग्लोरियस कलेज बुटवल तृतीय तथा एचिभर्स कलेज बुटवल सान्त्वना भएका थिए ।

विजयी टीमले क्रमशः ५ हजार, ३ हजार, २ हजार र १ हजार नगद तथा प्रमाणपत्र प्राप्त गरेका छन् । सिद्धार्थबाट मनीषा शाक्य र सृष्टि शाक्य, राममणिबाट यमुना गैरे र राधा ज्ञवाली, ग्लोरियसबाट सुमन, हेमन्त, सन्तोष, निशा र प्रतिमा गुरुङ तथा राम र बिनु थापाले नृत्य गरेका थिए भने एचिभर्स कलेजबाट पूनम राना, पूनम थापा, सुष्मा शाक्य र सभ्यता पन्थीले नृत्य गरेका थिए । कौरा, मारुनी, सालैजो तथा हिन्दी गीत पनि प्रस्तुत गरिएको प्रतियोगितामा भैरहवा बहुमुखी क्याम्पस, मणिमुकुन्द क्याम्पस तथा न्यू होराइजनले पनि भाग लिएका थिए ।

## मेला मधुगंगाको

धनकुटा– सदरमुकामबाट ५ किलोमिटर उत्तर-पूर्वस्थित भीरगाउँ गाविसमा रहेको मधुगंगा मन्दिर बेहुली सिँगारिएझैं सिँगारिएको थियो। वर्ष-वर्ष दिनमा लाग्ने मेलाको चहलपहलसँगै सिँगारपटार गर्ने सरसफाइदेखि लिएर सम्पूर्ण कुराको व्यवस्था भएको थियो।

धार्मिक तथा संस्कृतिक विविधता भएको यस क्षेत्रमा वर्ष दिनमा लाग्ने यो मेलामा परम्परागत धान नाच्ने जोडीहरूको संख्या पनि उल्लेख्य थियो। त्यसो त आधुनिकतामा रम्ने युवापुस्ताको भीड र उनीहरूको मनोरञ्जनको तरिका पनि कम रोचक थिएन। धनकुटा जिल्लाका विभिन्न गाविसलगायत तेह्रथुम, संखुवासभा, सुनसरीसम्मका मानिसहरू मेला भर्न आएको मेला व्यवस्थापन समितिका संयोजक राजन अधिकारीले बताए। राजन मेलाको महत्त्व दर्साउँदै भन्छन्- 'मंसिर पूर्णिमाको अवसर पारेर लाग्ने सो मेलाले अन्नको न्वाँगी खाने परम्परालाई लिएर महत्त्व बोकेको छ।' त्यसैगरी मेलास्थलमा भएको मन्दिरमा पूजा गर्नाले मरेपछि स्वर्ग जान पाइने उनी बताउँछन्।

पहिले-पहिले जातीय संस्कृतिअनुसारका लिम्बू र याख्खाहरूको धाननाच, राईहरूको मंसिरे नाच, मगरहरूको मारुनी नाच हुने यो मेला अहिले आएर युवाहरूको रोजाइअनुसार आधुनिकतामा ढल्दै गएको छ। स्थानीय बासिन्दा भोला गुरागाईं भन्छन्- 'सांस्कृतिक नाचहरू मेलामा कम हुँदै गएका छन् भने अहिलेका पप तथा रिमिक्सले तिनिहरूको ठाउँ लिँदैछन्।'

## मंसिरे नाचको धमाका

धनकुटा- महिना पुस भए पनि तिथिले मंसिरे पूर्णिमा भएकाले यो सोमबार धनकुटा परम्परागत सांस्कृतिक बाजाले गुञ्जायमान भएको थियो। किराँत-राई तथा लिम्बूहरूको बसोबास रहेको धनकुटामा विभिन्न कार्यक्रम आयोजित गरी यो पर्व मनाए। किराँत, राई, लिम्बूहरूको महान् चाड मंसिरे पूणिमा अर्थात् धान्यपूर्णिमाका दिन भएकाले पनि सोमबार धनकुटा गुञ्जायमान भएको थियो। भिन्न-भिन्न स्थानमा किराँत, राई र लिम्बूहरूले यो पर्व आ-आफ्नै संस्कृतिअनुसार मनाएका थिए। किराँत-लिम्बूहरूले डाँडागाउँको वर चौतारीमा परम्परागत लिम्बू पोसाकमा उपस्थित भएर ढोलनाच, धाननाच नाचेर मनाए।

त्यसैगरी सो दिनको अर्को आकर्षक स्थल थियो चुलीवन क्षेत्र, जहाँ किराँत राईहरू भेला भएर वनभोजसहितको परम्परागत सांस्कृतिक नाचको कार्यक्रम आयोजित गरिएको थियो। बिहानैदेखि निकै चहलपहल भएको चुलीवन एक बजेदेखि भने निकै तातिएको थियो। सांस्कृतिक वेशभूषामा सजिएका पाकाहरू र आधुनिक शैलीमै उपस्थित तरुणा-तन्नेरीहरूले किराँत राईहरूको प्रसिद्ध बाजा ढोल झ्याली लिएर ढोल, चण्डी नाचमा हातमा हात समातेर नाचिरहेका देखिन्थे। किराँत राई यायोख्खा जिल्ला समिति धनकुटाद्वारा आयोजित उक्त मंसिरे पूर्णीमा कार्यक्रम बिहान १० बजेदेखि बेलुकी पाँच ३० सम्म चलेको थियो।

**–भिषा काफ्ले**

## तामाङ कन्सर्टले उचाल्यो

नुवाकोट– सधैं टेलिभिजनको स्क्रिनबाट पेट मिची-मिची हँसाउने कलाकारलाई आँखैअगाडि देख्ने रहर कसको पो नहोला र ? त्यही रहर पूरा गरेका छन् नुवाकोटवासीले।

तामाङ संस्कृतिको जगेर्ना एवं प्रबर्द्धन गर्ने उद्देश्यले नेपाल तमाङ



घेदुङ संघद्वारा पहिलो पटक आयोजित कन्सर्टमा गाउँ-गाउँबाट दर्शकहरू ओइरिए। ङ्याङला गेताङ शीर्षकको कन्सर्टमा मेरी बास्सै र जीरे खुर्सानीका हास्यकलाकारहरूले दर्शकलाई खुबै हँसाए। आफ्नै जिल्लाका तामाङ भाकामा छमछमी नाच्नेहरूको संख्या पनि कम थिएन। टिकट काटेर आएका दर्शकले प्राङ्गण खचाखच भरिएपछि दङ्ग परेका संयोजक सागर एस वाइबाले भने- 'पैसा तिरेर पनि यति धेरै मान्छे आउँदा रहेछन्। संगीतपारखीहरू यहाँ पनि कम रहेनछन्।'

राष्ट्रिय स्तरका कलाकारहरूको प्रत्यक्ष प्रस्तुति जिल्लावासीले हेर्ने अवसर कमै पाउँछन्, तर शनिबार भने मन छोएका कलाकारहरूको प्रत्यक्ष प्रस्तुतिले हजारौं दर्शकलाई जुरुक्कै उचालेको थियो। ङ्याङला गेताङले परम्परागत संस्कृतिप्रति युवापुस्ताको मोह बढाउन पनि सघाएको छ। उक्त अवसरमा तामाङ संस्कृतिमा प्रचलित साइकोले, म्हेन्दोमायाँ, मानेदोरा, बोम्साङजस्ता भाकाहरू गाइएको थियो। गाउँघरका वनपाखामा सीमित मौलिक भाकाहरूलाई कार्यक्रमले बजारसम्म ल्याउने काम गरेको छ।

**–नवदीप अजनवी**

## चासोकको उल्लास

लिम्बूहरूको महान् चाड चासोक तङनाम (न्वाँगी पर्व) यसवर्ष पुस ७ देखि ९ गतेसम्म हर्षोल्लासका साथ मनाइएको छ। किराँत याक्थुङ चुम्लुङ केन्द्रीय समितिले २०५५ सालमा चासोक तङनामलाई लिम्बूहरूको सबैभन्दा ठूलो चाड घोषणा गरेपछि बर्सैनि धूमधामका साथ यो पर्व मनाउन थालिएको हो।

प्रकृति-पूजक लिम्बूहरूले यस अवसरमा नदी, तलाउ तथा माङहिम (देवस्थल) हरूमा आफ्ना पुर्खाको स्मरण गर्दै मुन्धुम (किराँती वेद) अनुसार अन्नपूजा एवं गाली-श्राप बगाउँदै नाचगान गर्छन्। विशेषतः केलाङ, पालाम तथा धाननाच जस्ता सांस्कृतिक नृत्यहरू चासोक मनाइने सार्वजनिक स्थानमा प्रस्तुत गरिन्छ। बाली पाकेपछि मनाइने चाड भएकाले यसलाई 'न्वाँगी पर्व' भनिएको हो।

लिम्बू जातिका बालबालिका, युवायुवती एवं वृद्धवृद्धाहरू बिहानैदेखि नदीकिनारमा भेला भएर माङसेवा (प्रकृतिपूजा) गर्छन्। सेवा साँवा (पुजारी) हरूले मुन्धुम पढ्छन् भने नदीहरूमा सक्मारा वेदमा (गाली-श्राप बगाउने) गरिन्छ। पूजाका दिन मांसाहार चल्दैन। चासोक तङनामस्थलमा यब्लिङ (लिंगो) गाडेर ढोल-ढ्यांग्रा तथा च्याब्रुङ बजाएर सबै उमेरका मानिसहरू नाच्छन्।

झापा तथा इलामको सीमावर्ती गाविस खुदुनाबारीमा शनिबार यो पर्व धूमधामसँग मनाइयो। लिम्बू भाषाविद् नरबहादुर योङहाङ (नवल फाइवाली) ले राज्यले पूर्णिमाका दिन बिदा दिए पनि त्यो अपुग भएको बताउँदै कम्तीमा तीन दिन चासोक तङनामको बिदा घोषणा गर्न माग गरेका छन्। सुसेली सांस्कृतिक समूह खुदुनाबारीका अध्यक्ष चन्द्र आचार्य लिम्बू संस्कृति नेपाली संस्कृतिकै अभिन्न अंग भएको धारणा व्यक्त गर्दै यसको संरक्षणमा राज्य सहयोगी हुनुपर्ने बताउँछन्। नेपालमा लिम्बूहरूको जनसंख्या ३ लाख ५० हजारभन्दा बढी छ।

**–पर्वत पोर्तेल**

## जन्मदिनको शुभकामना





प्रायुष कटुवाल
२०६३ पुस १३



देवाशिष भट्टराई
२०५८ पुस १३



विपुद वाहाला
२०६२ पुस १४



सविना श्रेष्ठ
२०५६ पुस १४



सुस्मिता थापामगर
२०६२ पुस १४



सलिना सिजाली
२०५९ पुस १६



अनुज घिमिरे
२०६३ पुस १६



सरगम शर्मा
२०५९ पुस १९



सविना श्रेष्ठ
२०५६ पुस १४



सर्वजीत तिमिल्सिना
२०५९ पुस १३



### जन्मदिनको शुभकामना

नाम :..................................................

जन्म मिति :..................................................

स्कुल :..........................................

ठेगाना : ..........................................

तस्बिर अनिवार्य

तस्बिर र विवरण दुई साताअगाडि आइपुग्नुपर्नेछ।

# दुलहींझैं सिंगारियो सौराहा

चितवन– नेपालको तेस्रो पर्यटकीय गन्तव्य चितवनको सौराहा यतिबेला नयाँ दुलहीझैं सिंगारिएर चिटिक्क बनेको छ। पूरै क्षेत्र विवाहमण्डपझैं सजाइएको छ। व्यवसायी एवं पर्यटकहरूको चहलपहल कम रोचक छैन। पर्यटक नयाँ-नयाँ कार्यक्रमको आनन्दमा डुबेका छन्। व्यवसायीहरू पर्यटकका लागि आयोजित कार्यक्रम सफल पार्न जीउ-ज्यान फालेर लागिपरेका छन्।

द्वन्द्वका कारण यहाँको पर्यटन व्यवसाय धराशायी बनेपछि निरास बनेकाहरू अहिले फुरुङ्ग छन्। उनीहरू नयाँ पूर्वाधार निर्माणमा जुटेका छन्। आफ्नो व्यवसायबाट हात धोएर विस्थापित बनेकाहरूले पनि अहिले जीर्ण होटल र लज पुनर्निर्माण गरेका छन् अर्थात् सौराहाको मुहार फेरिएको छ। सौराहामा रहेको ठमेल बजार त पूरै फेरिएको छ। चारैतिर ध्वजापताका झुन्ड्याइएको छ। वर्षमा एक-दुई पटक सफा-सुग्घर गरिने बजार, पसल अहिले नयाँ किसिमले सिंगारिएको छ। यो पर्यटकीय नगरीको रौनक अहिले हेर्ने लायक भएको छ। सौराहाको बगरमा रहेका रेस्टुराँहरूलाई अझ व्यवस्थित तुल्याइएको छ भने राप्ती बगरमा नयाँ रेस्टुराँहरू खुल्ने क्रम पनि बढेको छ।

अहिले यहाँका पर्यटन व्यवसायीहरू पर्यटकलाई लोभ्याउन विभिन्न कार्यक्रम आयोजित गरिहेकाका छन्। यसै क्रममा सौराहा नगरीमा रहेका सम्पूर्ण पर्यटन व्यवसायीहरू विगत तीन वर्षदेखि आयोजना गर्दै आएको हात्तीदौड महोत्सवलाई यसपटक अलि



फरक किसिमले निरन्तरता दिन लागेका छन्। गत वर्षसम्म अन्तर्राष्ट्रिय हात्तीदौड प्रतियोगिता तीन दिनसम्म हुने गरेकोमा यसपटक सौराहा महोत्सव २०६४ को नामबाट सप्ताहभरि हुने भएको छ। सौराहा महोत्सव भनिए पनि हात्तीसम्बन्धी विशेष कार्यक्रम रहेकाले यसलाई हात्ती महोत्सवकै रूपमा आयोजना गरिएको छ। पुस ११ देखि १७ गतेसम्म हुने सप्ताहव्यापी कार्यक्रमअर्न्तगत चौथो अन्तर्राष्ट्रिय हात्तीदौड प्रतियोगिता, गाडा दौड, टाँगा दौड, डुङ्गादौड, हात्तीको छावाबीच खेलिने रोचक फुबटल प्रतियोगिता, सांस्कृतिक कार्यक्रम, फुड फेस्टिबल आदि सञ्चालनमा ल्याइएको छ। हात्ती महोत्सव, क्रिसमस तथा नयाँ वर्षको अवसरमा प्रत्येक दिन ५ हजार पर्यटक सौराहामा बस्ने अनुमान व्यवासायीहरूले गरेका छन्। १५ सय बेड क्षमता रहेको सौराहामा सबै लज र रेस्टुराँ भरिने भएको छ। यस अवधिमा पर्यटक आगमन बढ्ने देखिएपछि आवासको वैकल्पिक व्यवस्थासमेत गरिएको छ। महोत्सवभरि दैनिक १० हजार स्वदेशी दर्शक आउने व्यापारीहरू बताउँछन्।

पहिलोपल्ट हात्तीदौडसँगै हुन लागेको फुड फेस्टिबलका कारण पनि सौराहाका व्यापारीहरू हौसिएका छन्। बेलुका सुरु हुने फुड फेस्टिबल राति ११ बजेसम्म चल्नेछ। हात्ती महोत्सव अवलोकन गर्न आएका पर्यटकलाई मनपर्ने परिकार चखाउन फुड फेस्टिबल आयोजित गरिएको हो। स्वेदशीका साथै विभिन्न जनजातिका परिकारको व्यवस्था रहने फुड फेस्टिबलले चिसो मौसममा तातोको अनुभूति दिलाउनेछ।

अहिले अन्तर्राष्ट्रिय हात्ती दौड प्रतियोगिताका लागि हात्तीहरूलाई सिंगारिएको छ। दुई साताअघिदेखि नै हात्तीहरूलाई तालिम दिन थालिएको थियो। नियमित तालिममा हात्तीहरूका लागि २ सय फुटबल खर्चिएको होटल संघ सौराहाका सचिव दामोदर न्यौपानेले बताए। न्यौपाने भन्छन्- 'माहुतेलाई तालिम दिन त्यति गाह्रो नभए पनि हात्तीलाई तालिम दिन निकै समय खर्चिनुपर्छ। नियमित अभ्यासका साथै उनीहरूको खानामा पनि सुधार गर्दै लगिएको छ।


लोप हुँदै गएको हात्तीको संरक्षण र महत्त्वका सम्बन्धमा जनचेतना फैलाउने उद्देश्यले आयोजित यो महोत्सवमा हात्तीको दिनचर्याका बारेमा पनि जानकारी लिन सकिनेछ। अर्कातिर प्रकृति संरक्षण र लोप हुन लागेको वन्यजन्तु संरक्षणलाई समेटेर सांस्कृतिक कार्यक्रम प्रस्तुत हुने भएको छ। कार्यक्रममा चेपाङ, थारु, मगर आदि जातजातिका संस्कृति झल्कने प्रदर्शनीले कार्यक्रमलाई थप रमाइलो बनाउनेछ।

'हात्तीहरू पर्यटक बोक्नका लागि मात्र होइन, पर्यटन प्रवर्द्धनका लागि पनि उपयोगी छन् भन्ने देखाउन पनि यो प्रतियोगिता आयोजना गरेका हौं,' -क्षेत्रीय होटल संघ सौराहाका पूर्वअध्यक्ष गिरीधारी चौधरीले भने। त वर्ष यी कार्यक्रम हेर्न विदेशीको तुलनामा स्वदेशी पर्यटक बढी आएका थिए। यसपालि महोत्सवपूर्व नै विदेशी पर्यटक आउने क्रम वृद्धि भएकाले आयोजकहरू थप हौसिएका छन्। सौराहामा पर्यटकले हात्ती सफारी, डुङ्गा सवारी, जंगल भ्रमण, चरा अवलोकन आदिबाट मनोरञ्जन लिन्छन्।

# अन्तर्राष्ट्रिय हात्तीदौड प्रतियोगिता

**प्रवीण दत्त**

चितवन– पर्यटक बोकेर हिँड्ने हात्तीहरूको लस्कर देखिने सौराहामा यो साता हात्तीहरूको अर्कै किसिमको जमघट थियो। यी हात्तीहरू यो सप्ताह पर्यटकलाई जंगल घुमाउन नभै उपाधिका लागि भिडिरहेका छन्। पर्यटक बोक्न होइन, हात्तीहरू आपसमै प्रतिस्पर्धा गरिरहेका छन् दौड प्रतियोगितामा। चार वर्षको फुच्चे हात्तीदेखि तीस वर्षसम्मका हात्तीहरू दौडमा प्रतिस्पर्धा गरिरहेका छन्। तेस्रो अन्तर्राष्ट्रिय हात्ती दौड प्रतियोगिताको उपाधि चुम्न सफल फुच्चे हात्ती फेरि पनि आफ्नो वर्चस्व कायम राख्न सफल हुन्छ कि हुँदैन, धेरैले अड्कल काटिरहेका छन्।



आन्तरिक तथा बाह्य पर्यटन प्रबर्द्धन गर्ने उद्देश्यले पर्यटन नगरी चितवनको सौराहामा आज चौथो अन्तर्राष्ट्रिय हात्तीदौड प्रतियोगिता हुँदैछ। बुधबार सुरु भएको प्रतियोगिताको फाइनल खेल आज (शुक्रबार) सम्पन्न हुँदैछ। विश्वमै वन्यजन्तु अवलोकन तथा जंगल सफारीका लागि प्रसिद्ध सौराहाको बाघमारा सामुदायिक वनको चौरमा आयोजना भैरहेको प्रतियोगितामा युकेको दुई टिम, अस्ट्रेलिया, साउथ कोरिया, जर्मन, नेदरल्यान्ड, स्लोगाभिया, थाइल्यान्ड र रूसका गरी तेन्ह मुलुकले सहभागिता जनाएका छन्। त्यसैगरी घरेलु टिमअन्तर्गत द एक्सप्लोरर नेपाल, एभरेस्ट बियर, वाईवाई चाउचाउ, होटल बाराही, सोल्टी क्राउन प्लाजा, होटल शंकर, सीता एयर, अग्नि एयर तथा यति एयरका ११ टिम प्रतियोगितामा भिडिरहेका छन्। गत वर्ष भएको हात्तीदौड प्रतियोगितामा स्वदेशी एवं विदेशी गरी २९ टिमले सहभागिता जनाएका थिए।

प्रतियोगिताको ठूलो चौरमा रेखांकित १ सय ५० मिटर लामो दूरी सबैभन्दा छोटो समयमा ओहोरदोहोर गर्ने हात्ती नै दौडमा प्रथम हुन्छ। एकपटकमा ६ वटा हात्तीलाई दौडाइन्छ। हात्तीमाथि चढी खेलाडीले माहुतेको सहयोगमा आफ्नो हात्तीलाई दौडाउनुपर्ने हुन्छ।

प्रतियोगिताको अर्को आकर्षण फुच्चे हात्तीहरूबीच खेलाइने फुटबल पनि हो। दर्शकको अत्यन्त हुटिङ हुने यो प्रतियोगिताका लागि हात्तीका छावाहरूले तालिम पाइसकेका छन्। यो खेलमा खेलाडी हात्तीमाथि चढी फुटबललाई हात्तीको खुट्टाले हिर्काउन लगाई विपक्षको गोलपोस्टमा छिराई सबैभन्दा बढी गोल गर्ने समूह विजय हुन्छ। यो प्रतियोगिता पनि आज (शुक्रबार) सम्पन्न हुनेछ।

















PEPSI
NOKIA
WORLD TWENTY20
Reliance Mobile






speedo











MELBOURNE
2007
Victoria












Nepali